# वार्षिक प्रतिवेदन

(आ. ब. २०७३ । २०७४)

नेपाल कानून आयोग

## नेपाल कानून आयोग

## बानेश्वर, काठमाडौ

## भदौ, २०७४

(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम तयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ. ब. २०७३ । २०७४)

नेपाल कानून आयोग

**नेपाल कानून आयोग**

**बानेश्वर, काठमाडौं**

**भदौ, २०७४**

# संक्षेपिकरण

आ.व. : आर्थिक वर्ष

आयोग : नेपाल कानून आयोग

ऐनः नेपाल कानून आयोग ऐन, २०६३

नेपाल कानून आयोग

# प्राक्कथन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ मा नेपाल कानून आयोगले वर्ष भरिमा सम्पन्न गरेको काम कारवाहीको विवरण सहितको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आर्थिक वर्ष २०७३।७४ मा यस आयोगबाट सम्पादित काम कारवाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा मूलतः यस आयोगबाट सम्पादन भएका मुख्य मुख्य काम, आयोगको गठन एवं संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, बित्तीय विवरण, भावि कार्यदिशा, कानून र न्यायको सुधारमा भएको सुझाव र सिफारिस, समस्या र सुझावका अलावा आयोगका विभिन्न गतिविधीहरु समावेश गरिएका छन ।

कानून निरन्तर परिमार्जन र सुधार भई रहने विषय हो । यसै तथ्यलाई विचार गरी यस आयोगले पनि नेपालको कानून तथा न्यायका क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्दै कानून तर्जुमा गरि कानूनको सुधार र परिमार्जनलाई निरन्तरता दिन सम्बद्ध निकायलाई सुझाव दिइरहेको छ । त्यसैगरी नयाँ ऐनका मसौदा तयार गर्ने, कानूनको संहिताकरण गर्ने, प्रचलित कानूनलाई समसामयिक बनाउने, प्रभावकारी रुपमा कार्यान्वयनयोग्य कानून बनाउन अध्ययन र अनुसन्धान गरी संशोधन एवं परिमार्जन गर्ने, प्रचलित नेपाल कानूनको एकिकरण, पुनरावलोकन वा खारेज गर्ने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने साथै यस आयोगको वेबसाइट मार्फत नेपाल कानून लगायतका अन्य सामाग्रीको प्रकाशन गर्ने कार्य समेत गर्दै आइरहेको छ ।

माथि उल्लिखित कामका अतिरिक्त यस आ.ब.मा वि.सं २०७२ सालमा प्रारम्भ भएको नेपालको संविधान कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक पर्ने विभिन्न कानूनको अध्ययन र तर्जुमाको कामलाई पहिलो प्राथमिकतामा राखेर गर्नु पर्नाको कारणले आयोगका नियमित रुपमा गर्नुपर्ने गरि वार्षिक कार्यक्रममा तोकिएका कतिपय अध्ययन, अनुसन्धान र तर्जुमा लगायतका कार्यलाई आगामी आ.ब. मा निरन्तरता दिनुपर्ने अवस्था रहेको छ । कानूनको सुधार निरन्तर रुपमा हुने एक प्रक्रिया भएकोले यसको निरन्तर सुधार र परिमार्जन मार्फत नै परिष्कृत हुने हुँदा न्याय र कानूनको क्षेत्रलाई आधुनिक, समसामयिक र सम्बृद्ध बनाउदै लैजाने उद्देश्यले यस आयोगको स्थापना भएको देखिन्छ । तथापि यस आयोगको स्थायी भवन नभएको, कार्यबोझ अनुरुप जनशक्ति एवं स्रोत साधन सम्पन्न बनाउन नसकिएको कारणले आयोगलाई आफ्नो लक्ष्य प्राप्त गर्न र ऐनले दिशानिर्देश गरेको उद्देश्य हासिल गर्नमा केही कठिनाई भोगि रहेको छ ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनमा उल्लिखित विषयवस्तु सरोकारवाला व्यक्ति, निकाय एवं न्याय र कानूनका क्षेत्रमा सम्वद्ध सबैलाई जानकारीमुलक हुने विश्वासका साथ यो प्रतिवेदन तयारी एवं प्रकाशनमा संलग्न सबैप्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

**नेपाल कानून आयोग**

**भदौ, २०७४**

# बिषय सूची

## परिच्छेद - १

## आयोगको संक्षिप्त परिचय


| | | पृष्ठ |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको विकासक्रम : संक्षिप्त सिंहावलोकन | २ |
| १.३ | आयोगको गठन र संगठनात्मक स्वरुप | ५ |
| | १.३.१ आयोगको गठन | ५ |
| | १.३.२ आयोगको संगठनात्मक स्वरुप | ६ |
| १.४ | आयोगको काम, कर्तव्य र अधिकार | ६ |
| १.५ | प्रतिवेदन अवधि | ८ |
| १.६ | आयोगमा उपलब्ध साधन स्रोत | ८ |
| | १.६.१ मानव स्रोत (जनशक्ति) | ८ |
| | १.६.१.१ प्रशिक्षार्थी विद्यार्थी | ९ |
| | १.६.१.२ विशेषज्ञ जनशक्ति | ९ |
| | १.६.२ भौतिक स्रोत | १० |
| | १.६.२.१ सञ्चार | १० |
| | १.६.२.२ पुस्तकालय | ११ |
| | १.६.३ आयोगको वित्तीय स्थिति | ११ |


## परिच्छेद - २

## कानून सुधारमा आयोगको भूमिका


| | | |
|---|---|---|
| २.१ | कानूनको संशोधनमा आयोगको भूमिका | १३ |
| २.२ | कानून निर्माणमा एकरुपता कायम गर्ने प्रयास | १४ |
| २.३ | कानून तर्जुमा | १४ |


## परिच्छेद -३

## आ.व. २०७३।०७४ को कार्य प्रगति


| | | |
|---|---|---|
| ३.१ | विधेयक तर्जुमा | १५ |


नेपाल कानून आयोग

३.१.१ झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक १५

३.१.२ संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक १६

३.१.३ उपभोक्ता संरक्षण सम्बन्धी विधेयक १६

३.१.४ प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक १६

३.१.५ खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक १७

३.१.६ कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक १७

३.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु १७

३.३ अन्तरक्रिया तथा गोष्ठी १८

३.४ हाल प्रयोग नभएका, बाझिएका, असमान, विभेदजन्य, मौलिक अधिकार अनुकूल नभएका तथा कार्यान्वयन हुन नसकेका कानूनको अध्ययन प्रतिवेदन १८

३.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन १९

३.६ आयोगको वेवसाइट अद्यावधिक १९

३.७ कानूनको जानकारी सम्बन्धी कार्यक्रम २०

३.८ राय-सुझाव संकलन २०

३.९ क्षमता अभिवृद्धि २०

३.१० कानून सुधार गर्ने निकायहरुको कमन वेल्थ संघको सम्मेलनमा सहभागी २१

३.११ विभिन्न निकायसँगको सहकार्यमा सम्पन्न भएका कार्यहरु २१

३.११.१ खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.) सँगको सहकार्य २१

३.११.२ संयूक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडिपी) सँगको सहकार्य २१

३.१२ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम २१

परिच्छेद - ४

वार्षिक कार्यक्रम २२

परिच्छेद - ५

कानून र न्यायको क्षेत्रमा सुधारका लागि सुझाव तथा सिफारिस २३

परिच्छेद - ६

समस्या तथा सुझाव २६

नेपाल कानून आयोग

# अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची-१ | पदाधिकारीको नामावली | ३१ |
| अनुसूची-२ | नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामाबली | ३२ |
| अनुसूची-३ | नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामाबली | ३३ |
| अनुसूची-४ | प्रशासनिक संगठन संरचना | ३४ |
| अनुसूची- ५ | कर्मचारी दरबन्दी | ३५ |
| अनुसूची- ६ | कार्यरत कर्मचारीको नामावली | ३६ |
| अनुसूची- ७ | आयोगको वर्तमान भौतिक अवस्थाको विवरण | ३७ |
| अनुसूची- ८ | आयोगको वित्तीय विवरण र आ. व. २०७३/०७४ को प्रगती विवरण | ३८ |
| अनुसूची- ९ | आर्थिक वर्ष २०७३/७४ मा आयोगबाट मस्यौदा भई नेपाल सरकार समक्ष पेश भएका विधेयकको सूची | |
| | (१) झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ४६ |
| | (२) संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक | ५३ |
| | (३) उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | ५७ |
| | (४) प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक | ८१ |
| | (५) खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ८९ |
| | (६) कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | ११२ |
| अनुसूची- १० | वार्षिक कार्यक्रम २०७४/०७५ | १३१ |


नेपाल कानून आयोग

# परिच्छेद - एक

## आयोगको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीमा राज्यबाट शान्ति, सुरक्षा र न्याय पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । समाजमा शान्ति, सुरक्षा र व्यवस्था कायम गर्नु लोकतान्त्रिक राज्यको प्रमुख कर्तव्य भित्र पर्दछ । राज्यले कानून बमोजिम शक्ति प्राप्त गरी त्यसैको आधारमा नै नियमन तथा नियन्त्रण गर्दै राज्य सञ्चालनको दायित्वलाई निरन्तरता दिइरहेको हुन्छ । विधिको शासन नै राज्य सञ्चालनको मूल आधार भएकोले विधि सम्मत रुपमा नै कानून र संयन्त्र निर्माण गरी राज्य सञ्चालन र व्यवस्था कायम भएको हुन्छ ।

राज्यमा कानूनको शासन कायम हुन कानून स्वच्छ, निष्पक्ष र सद्विवेकमा आधारित हुनु पर्दछ । लोकतान्त्रिक व्यवस्थामा विवाद समाधान कानूनी माध्यमबाट गरिन्छ । गतिशील समाजमा परम्परागत कानूनले वर्तमानका अपेक्षा तथा आवश्यकता पूरा गर्न नसक्ने हुँदा विज्ञान र प्रविधिको विकाससंगै समाजको चाहना अनुसार कानून तथा कानूनी प्रणालीमा समय सापेक्ष सुधार एवं समसामयिक परिमार्जन गर्नुपर्ने हुन्छ । भनिन्छ, समाज कानूनभन्दा चाडो परिवर्तन हुन्छ (Society changes faster than law) । तत्कालीन समय, सीमा, परिवेश र मान्यताका आधारमा बनेका कानूनहरु वर्तमान समाजको बदलिँदो परिवेश, परिवर्तित मूल्य, मान्यता र धारणा तथा विकासको गतिसंग मेल नखाने हुन सक्छन् । तसर्थ, समाजको आवश्यकता र परिवर्तनको गतिसंगै कानूनमा पनि समसामयिक परिमार्जन, सुधार एवं प्रवर्द्धन गर्दै जानुपर्ने हुन्छ । परिवर्तित समाजसँग तादात्यता कायम गर्न विधायिकाबाट बनेको कानूनको कार्यान्वयनको अवस्था कस्तो छ ? कानून समाज र राष्ट्रको तत्कालीन आवश्यकता बमोजिम बनेको छ वा छैन भन्ने सम्बन्धमा निरन्तररुपमा अध्ययन, अनुसन्धान र विश्लेषण (Socio Legal Research) गरी यथार्थताका आधारमा विधिशास्त्रका नविनतम अवधारणा समेतलाई समेट्दै वर्तमान समाजको आवश्यकता पूर्ति गर्न कानूनमा निरन्तर सुधार र परिमार्जन गरिरहनु पर्ने हुन्छ ।

वर्तमान समयमा संविधानवादको सिद्धान्त, विश्वव्यापी रुपमा प्रतिपादन भएका कानूनका नविनतम अवधारणा, मूल्य मान्यता र सिद्धान्त एवं सर्वोत्तम अभ्यास (Best Practices), अदालतले प्रतिपादन गरेका सिद्धान्त तथा मुलुकले अंगिकार गरेको शासकीय सुधारका योजनासंग जोडेर हेर्दा पनि कानूनको नियमित सुधार तथा परिमार्जन प्रगतिशील रुपमा गरी रहनु पर्ने अपरिहार्यताबाट नै नेपाल कानून र कानूनी प्रणालीलाई आधुनिक, सम्वृद्ध एवं समुन्नत बनाउदै जान सकिन्छ ।

विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र आधुनिकीकरण गर्दै समाज र राष्ट्रको आवश्यकता अनुसार तत्कालीन समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा “कानून आयोग” वा “कानून सुधार आयोग” को नामबाट यस्ता आयोगको गठन गर्ने गरेको पाइन्छ । त्यसो त कमन ल प्रणाली अपनाउने मुलुकहरुमा कानूनको नियमित सुधार अपरिहार्य अवाश्यकता भएको मानिन्छ र सोही आवश्यकता पूरा गर्न त्यस्तो आयोग गठन गर्ने गरिन्छ । सार्क मुलुकमध्ये भारत, पाकिस्तान, श्रीलंका, बंगलादेशमा कानून आयोगको गठन भएको पाईन्छ भने कमन ल का अनुयायी अन्य मुलुकहरु बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या, मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकमा कानून सुधार आयोग रहेका छन् । नेपालको सन्दर्भमा कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको काम गर्नको लागि नेपाल कानून आयोग ऐन, २०६३ वमोजिम नेपाल सरकारको एक विशिष्टीकृत निकायको रुपमा नेपाल कानून आयोगको गठन हुने कानूनी प्रावधान रहेको छ ।

### १.२ आयोगको विकासक्रम : संक्षिप्त सिंहावलोकन

कानूनको सुधार तथा परिमार्जन गर्ने कार्य प्राचीन कालदेखि नै हुँदै आएको देखिन्छ । नेपालको इतिहासको सबैभन्दा प्राचीनकाल किराँतकालमा देशको शासन विधान किरात समुदायको पवित्र ग्रन्थ, जसलाई “किराँत मुन्धुम” भनिन्छ द्वारा सञ्चालित थियो भने लिच्छवी कालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन हुने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा “राजाज्ञा”, “सनद” जारी गर्ने गरेको पाइन्छ । सोही कालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरुसँग छलफल गरी “लोक व्यवहार” अनुसार कानून बनाउन गरेको इतिहास पाइन्छ । मल्लकालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न “विद्वान्हरुको

समिति” बनाएका थिए । कानूनका विद्वानहरुको सहायता लिई चार वटा मुख्य कानून गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्यायशास्त्र बनाई जारी गरको पाइन्छ । त्यसैगरी, शाहकालीन राजा राम शाहले विभिन्न कानूनी सुधार गरी तत्कालीन समयको न्याय र कानूनलाई उदार र समयानुकूल कानूनी सुधार गरेका कारणले नै “न्याय नपाए गोरखा जानु” भन्ने लोकोक्ति नै चलेको पाईन्छ । राणा शासनकालमा जंगबहादुर राणाले सम्वत् १९१० सालमा “मुलुकी ऐन” बनाउँदा कानून मस्यौदा गर्ने एक निकाय “कौशल अड्डा” गठन गरी २१० जना पदाधिकारीलाई मस्यौदा बनाउन निर्देशन गरेको इतिहास पाइन्छ ।

वि.सं.२००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा आधुनिकीकरण शुरु भई नयाँ युगको प्रारम्भ भएको मानिएकोले कानून सुधारको क्षेत्रमा बिषेश ध्यान पुऱ्याएको देखिन्छ । कुनै नयाँ कानून निर्माण गर्न, कानूनको संहिताकरण गर्न तथा भैरहेका कानूनहरुको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी कानून आयोगलाई सुम्पिने अभ्यासको शुरुवात भइ सोही अनुरुप विभिन्न समयमा देहाय वमोजिमका कानून आयोगहरु गठन भएको पाइन्छ :-

(१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न सिफारिस गरेकोले २०१०।९।६।१ को मन्त्रिमण्डल बैठकबाट ल कमिसन खडा गर्ने निर्णय भएको थियो । त्यस्तो निर्णय हुँदा देहायको व्यहोरा उल्लेख भएको पाइन्छ जसमा एकजना चेयरम्यान र ६ जना सदस्य रहने तथा आयोगको काम कारबाही सूचारु रुपले चलाउन देहायका तीन सेक्सनमा बाँडिने व्यहोरा समेत उल्लेख भएको पाइन्छ :

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ग) मालको सवाल, अड्डाअड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन ।

उक्त आयोगले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसंग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसंग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजलाई एकत्रित गरी संहिताकरण गर्ने र

नेपाल कानून आयोग

नयाँ ऐनका मस्यौदा तयार गरी सुझाव सिफारिस गर्ने गरी आयोगको काम, कर्तव्य, अधिकार तोकिएको पाइन्छ । उक्त आयोगले मिति २०१०।११।३ का दिनदेखि कार्य प्रारम्भ गरेको र २०१२ सालमा “नेपाल दण्ड विधान” तयार गरी पेश गरेको थियो ।

(२) त्यसपछि, २०१७/६/२७ मा तत्कालिन श्री ५ को सरकारले पुनः २ वर्षका लागि दोस्रो ल कमिसन गठन गरेको र मिति २०१७।७।१५ मा नेपाल राजपत्रमा सो सम्बन्धी सूचना प्रकाशन भएको पाइन्छ । ज्यादै छोटो अवधिमा पनि यस कमिशनले मुलुकी ऐनको आधुनिकिकरणको काम थालनी गरेको र नयाँ मुलुकी ऐनको मस्यौदा तयार गरी सिफारिश गरको पाइन्छ ।

(३) तेस्रो पटक मिति २०२०/१०/८ को निर्णयबाट २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कानून आयोगको गठन तथा स्थापना भएको र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म उक्त आयोगलाई कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको कार्य गर्ने जिम्मेवारी तोकेको पाइन्छ ।

(४) प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा भैरहेको अभाव र त्रुटीहरु हटाई सकेसम्म सरल वैज्ञानिक र व्यावहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्न चौथो पटक मिति २०२९/२/१९ मा कानून आयोग गठन भएको देखिन्छ ।

(५) मिति २०३६/८/२६ मा नेपाल कानून सुधार आयोगको नामबाट अपराध संहिता र अपराध कार्यविधि संहिताको मस्यौदामा प्राप्त भएका सल्लाह र सुझावहरुको अध्ययन गरी त्यसलाई कार्यान्वयन गराउन मिलाउनु पर्ने भनी ठहर गरिएका कुराहरुलाई मस्यौदामा मिलाई अद्यावद्यिक गर्ने तथा दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति दिलाउने लगायतका विषयमा कार्य गर्न पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ ।

(६) तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग गठन भई २०५७/१/१९सम्म कार्यरत रहेको देखिन्छ । यसरी कार्यकारिणीको निर्णयबाट विभिन्न कालक्रममा विभिन्न नामबाट आयोगको गठन हुँदै आए तापनि छुट्टै कानून र स्पष्ट अधिकार क्षेत्रको अभावमा तत्कालीन आयोगहरु कार्यरत रहेका थिए ।

नेपाल कानून आयोग

(७) विगतमा सरकारको कार्यकारी आदेशबाट आयोग गठन भई कार्यक्षेत्रगत शर्तहरु (TORs) तोकिने अभ्यास रहेकोमा नेपाल कानून आयोग ऐन, २०६३ ("ऐन" भनिएको) लागू भए पश्चात प्रथम पटक कानून प्रदत्त अधिकारबाट आयोगको गठन हुने व्यवस्था भएको छ । ऐनको दफा ४ वमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको आफ्नो कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरूभन्दा बढी स्पष्ट र अधिकार सम्पन्न रुपमा रहेको पाइन्छ । विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ ।

## १.३ आयोगको गठन र संगठनात्मक स्वरुप

### १.३.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३।९।३० देखि प्रारम्भ भएको हो । ऐनको दफा ४ बमोजिमको आयोगको गठन सम्बन्धी व्यवस्था देहाय वमोजिम रहेको छ :-

| | | |
|---|---|---|
| (१) | नेपाल सरकारबाट नियुक्त | - अध्यक्ष |
| (२) | नेपाल सरकारबाट नियुक्त एकजना | - उपाध्यक्ष |
| (३) | नेपाल सरकारबाट मनोनीत कम्तिमा एक जना महिला सहित बढीमा तीन जना | - सदस्य |
| (४) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (५) | सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (६) | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (७) | सचिव, नेपाल कानून आयोग | - सदस्य-सचिव |

आयोगमा हाल कार्यरत पदाधिकारीको नामावली अनुसूची-१ मा समावेश गरिएको छ भने आयोगका हालसम्मका अध्यक्षको नामाबली अनुसुची-२ र उपाध्यक्षको नामाबली अनुसुची - ३ मा समावेश गरिएको छ ।

### १.३.२ आयोगको संगठनात्मक स्वरुप

आयोगवाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन, तर्जुमा र अनुसन्धान गरि तीन महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ दरबन्दी रहेको छ, जसमध्ये नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव -१, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव-२, राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव-२, राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत-५, राजपत्र अनंङ्कित प्रथम श्रेणीको नायब सुब्बा-५ र राजपत्र अनंङ्कित द्वितीय श्रेणीको खरिदार -४ गरी १९ पद नेपाल न्याय सेवाको रहेको छ भने अन्य दरबन्दी प्रशासन सेवा लगायत अन्य सेवा समूहका रहेका छन् । आयोगको हालको संगठन संरचना अनुसूची -४ मा समावेश गरिएको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा व्यवस्था गरिएको आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

नेपाल कानून आयोग

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

नेपाल सरकारबाट नियुक्त हुने आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको योग्यता र पदावधि तथा नियुक्ति गर्दा वा पदबाट हटाउदा आवश्यक पर्ने कार्यविधि र आयोगको काम, कर्तव्य र अधिकार ऐनमा नै व्यवस्था भएबाट आफ्नो काम कारबाही सञ्चालन र व्यवस्थापन गर्नको लागि आयोग स्वतन्त्र रहेको छ ।

नेपाल कानून आयोग

## १.५ प्रतिवेदन अवधि

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । सो प्रयोजनका लागि मिति २०७३/४/१ देखि २०७४/३/३१ सम्मको अवधिमा आयोगले सम्पादन गरेका काम र उक्त अवधिमा आयोगमा कार्यरत जनशक्ति तथा अन्य स्रोतसाधनका आधारमा आयोगको कार्य प्रभावकारिता, प्रगति र वर्तमान अवस्थामा केन्द्रीत रहेर यो बार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## १.६ आयोगमा उपलब्ध साधन स्रोत

हाल आयोगमा रहेको मानविय तथा भौतिक लगायतका साधनस्रोतको अवस्था देहाय बमोजिम रहेको छ :

### १.६.१ मानव स्रोत (जनशक्ति)

आयोगमा निजामती कर्मचारी नै मानव स्रोतको एकमात्र भरपर्दो र स्थायी आधारको रुपमा रहेको र हाल ३३ जना कर्मचारीको दरबन्दी कायम रहेको छ । कार्य प्रकृतिका आधारमा नै विज्ञ र कानून क्षेत्रको ज्ञान, सीप, क्षमता भएका जनशक्ति रहनु पर्ने यस आयोगका कुल ३३ दरबन्दीमध्ये एक सचिव, दुई सहसचिव, दुई उपसचिव, पाँच शाखा अधिकृत, पाँच नायब सुब्बा र चार खरिदार तहका गरी १९ पद नेपाल न्याय सेवाको रहेको छ भने अन्य दरबन्दी प्रशासन सेवा लगायत अन्य सेवा समूहका रहेका छन् ।

कानूनको अध्ययन र अनुसन्धानको आधारबाट नै कानूनी प्रणालीको विकास र यसलाई सम्वृद्ध बनाउन सकिने उद्देश्य रहेको यस आयोगमा पुस्तकालयको व्यवस्थापन गर्ने स्थान र दक्ष जनशक्तिको अभाव गत वर्ष झै कायम रहेको छ । वस्तुतः कानून निर्माणसँग प्रत्यक्ष सरोकार रहने सम्बन्धित विषय विशेषज्ञ जनशक्ति (प्राविधिक सेवा समूह) को दरबन्दीको व्यवस्था आयोगमा भएको छैन । कानून निर्माण गर्दा त्यसको समाजशास्त्रीय विश्लेषण र कानूनको निर्माणबाट पर्ने विभिन्न प्रकारका प्रभावको विश्लेषण गरिनु पनि उत्तिकै महत्वपूर्ण हुने हुँदा यस्ता

प्रकारका यी सबै कार्यसम्पादन गर्न सक्ने दक्षता यस आयोगमा उपलब्ध स्थायी जनशक्तिबाट मात्र पूरा हुन सक्ने अवस्था छैन ।

आयोगमा रहेका कर्मचारी दरबन्दी सम्बन्धी विवरण अनुसूची -५ मा समावेश गरिएको छ र उक्त दरवन्दी अनुरुप आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची -६ मा समावेश गरिएको छ ।

### १.६.१.१ प्रशिक्षार्थी विद्यार्थी

आयोगले नेपालका विभिन्न विश्वविद्यालय अन्तरर्गतका कलेजमा कानूनको अध्ययन गरिरहेका विद्यार्थीहरूमध्येबाट केही विद्यार्थीलाई छनौट गरी सांकेतिक रुपमा भए पनि प्रोत्साहन रकम उपलब्ध गराएर आयोगको कार्यसम्पादनमा सहायक जनशक्ति (इन्टर्न) को रुपमा लगाउन सक्ने व्यवस्था अनुरुप उपयोग गर्दै आएको छ । कानून तर्जुमा र कानूनको अध्ययन अनुसन्धानमा विद्यार्थीहरूलाई ज्ञान, सीप र क्षमता अभिवृद्धि गरिएको र उनीहरुलाई यस क्षेत्रमा आकर्षित गर्दै जनशक्ति निर्माण गर्न सहायक हुने गरि आयोगले संस्थागत पहल समेत गर्दै आएको छ ।

आ.व. २०७३।७४ मा नेपाल ल क्याम्पस, काठमाण्डौ स्कूल अफ ल, नेशनल ल कलेज र चक्रवर्ती हवि एजुकेशन एकेडेमीका एलएलवी तहका दश जना विद्यार्थी पाँच महिनाको लागि इन्टर्नशीपमा समावेश भएका थिए । विद्यार्थीहरुबाट प्राप्त सुझावको विश्लेषण गर्दा यस कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिन उपयुक्त देखिएको छ ।

### १.६.१.२ विशेषज्ञ जनशक्ति

आयोगको कार्य प्रकृति अनुसार विशेषज्ञ जनशक्तिको आवश्यकता पर्ने हुनाले प्रचलित ऐन नियम तथा विनियोजित बजेटको परिधीभित्र रही आयोगले समय समयमा आवश्यकता अनुसार विशेषज्ञको सेवा लिने अभ्यासलाई निरन्तरता दिँदै आइरहेको छ ।

### १.६.२ भौतिक स्रोत

कुनै पनि कार्यालयको भौतिक अवस्था र पूर्वाधारले कार्यालयको काम गर्ने वातावरणमा प्रभाव पारेको हुन्छ । सिंहदरबार परिसरभित्र रहेको आयोग  सम्वत २०७२ साल वैशाख १२ गतेको विनाशकारी भुकम्प पश्चात बानेश्वर स्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा स्थानान्तरण भई सोही स्थानबाट कार्य संचालन हुदै आएको छ । वि.सं. २०६१ साल श्रावणदेखि जमलबाट सिंहदरबार सरेको आयोगको हालसम्म पनि आफ्नो स्थायी भवन निर्माण हुन सकेको छैन । आयोगले सीमित स्रोत र साधनबाट आफ्नो कार्य सम्पादन गरिरहेको अवस्था छ ।

आयोगमा रहेको भौतिक स्रोत साधनहरुको विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

#### १.६.२.१ <u>सञ्चार</u>

आयोगको एउटा प्रमुख परिचय नै विभिन्न ऐन तथा नियमहरु रहेको आयोगको वेबसाइट बनेको छ । विश्वभरका सेवाग्राहीले प्रयोग गर्ने वेबसाइटमा यस आर्थिक वर्षमा पनि प्रचलित ऐन संग्रहहरुलाई मिलाएर व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ र बाँकि कार्यलाई समेत निरन्तरता दिदै आइरहेको छ । आयोगको वेबसाइटलाई अद्यावधिक गर्नका लागि आवश्यक सूचनाको पहिचान गर्ने र वेबसाइट मार्फत सही सूचना प्रवाह गराउनका लागि कुनै निर्धारित मापदण्ड आयोगले निर्धारण गर्न सकेको छैन । आयोगसँग सो कार्य गर्नका लागि जिम्मेवारी दिन सकिने प्राविधिक जनशक्ति व्यवस्था गर्ने तर्फ पनि कारवाही अगाडि बढाउनु पर्ने भएको छ । आयोगको वेवसाईट प्रयोगकर्तासगँ अन्तरक्रिया गर्न मिल्ने खालको वेबसाइटको निर्माण गर्नेतर्फ आयोगले काम कारवाही अगाडि बढाएको भए तापनि अझै प्रभावकारी हुन सकेको छैन । पटक पटक आयोगको वेवसाइट अतिक्रमण (Hacking) हुने भएकोले वेवपेज सुरक्षा समेत प्रमुख चुनौतिको विषय बन्दै गएको छ ।

नेपाल कानून आयोग

#### १.६.२.२ पुस्तकालय

आयोगमा वि.सं. २०३६ मा पुस्तकालय स्थापना भएको हो । पुस्तकालयमा हाल नेपाल कानून आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित ३००० भन्दा धेरै पुस्तकहरू रहेका छन् । पुस्तकालय व्यवस्थापनको लागि दक्ष एवं विज्ञ जनशक्ति र उपयुक्त भवन (कोठा) को अभावमा यस आयोगको पुस्तकालय व्यवस्थापन सहज रुपले हुन सकिरहेको छैन ।

### १.६.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तिय स्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसैले आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालनको लागि आर्थिक रुपले नेपाल सरकार माथि नै भर पर्नु पर्ने अवस्था छ ।

यस वर्ष आयोगका लागि वजेट उपशिर्षक नं. ३११०१२३ (चालु खर्च) अन्तरगत रु. २,४१,४०,१५३.४०।- र वजेट उपशिर्षक नं. ३११०१२४ (पूँजीगत खर्च) तर्फ जम्मा रु. ८,२९,१९९.३०।- वार्षिक वजेट निकासा प्राप्त भएको थियो । यसमध्ये तोकिएको कार्य तथा सेवामा खर्च भई हुन गएको प्रगति यसै वार्षिक प्रगति प्रतिवेदनमा संलग्न गरिएको छ ।

आयोगको वित्तीय विवरण र यस आ. व. को प्रगती विवरण अनुसूची - ८ मा समावेश गरिएको छ ।

# परिच्छेद - २

## कानून सुधारमा आयोगको भूमिका

सामान्यतया प्रचलित कानूनको कार्यान्वयनको वास्तविक स्थितिको अध्ययन, पुनरावलोकन एवम् प्रभाव मूल्यांकन गर्ने प्रक्रिया नै कानून सुधारको पूर्व शर्त मानिन्छ । कानून बनाएर मात्र यसले पूर्णता पाउने होइन र कानूनको प्रभावकारी कार्यान्वयन गर्ने विषय महत्वपूर्ण हुन्छ । मुलुकको विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, वातावरणीय एवम् अन्य अवयवहरुसंगको

धरातलीय अवस्था, अन्तर सम्बन्ध तथा अन्तर विरोध तथा जनअपेक्षाको विश्लेषण गरी बनाएका कानूनले मात्र कानूनी पद्धतिमा परिवर्तन ल्याउन र दिगो एवं कार्यान्वयन योग्य कानून बन्न सहयोग पुऱ्याउँछ । कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेमा कानूनको अवज्ञा बढ्ने जोखिम उत्पन्न हुन्छ र त्यस्तो जोखिमबाट बच्न कानूनको सुधार एवं परिमार्जनका लागि अत्यन्त सुक्ष्म र अन्तर अवयवहरुको व्यापक अध्ययन, अनुसन्धान र विश्लेषण गरी कानूनको प्रभावकारी कार्यान्वयन हुन सक्ने गरी कानून बनाउनु पर्ने हुन्छ । विश्वव्यापी रुपमा नै कानून सुधारलाई कानूनको शासनको आधारको रुपमा लिइएको पाइन्छ । कुनै पनि कानून स्वच्छ (Fair), युक्तिसंगत (Rational), तर्कपूर्ण (Reasonable), आधुनिक (Modern), सरल (Simple) र मितव्ययी (Cost Effective) छ वा छैन भनी परीक्षण गरी विश्लेषण गर्न सके मात्र असल कानून (Good Law) स्थापित हुन पुग्दछ । यसरी बन्ने कानून उपयोगी (Effective) तथा पहुँचयोग्य (Accessible) पनि हुनु पर्दछ भन्ने मान्यता रहेको छ । कानून सुधारको क्षेत्रमा संलग्न निकायले विद्यमान समय र तत्कालिन परिवेश, आर्थिक, सामाजिक तथा साँस्कृतिक संरचना लगायतका विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गरेको अधारमा कानून बनाउने पद्धती विकास गर्न सकेमा वास्तविक रुपमा कानूनमा सुधार हुन सक्ने देखिन्छ ।

तत्कालिन कानून सुधार आयोगले आफ्नो स्थापना कालदेखि नै कानूनको सुधारको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेको छ । कानून सुधार गर्नुपर्ने बिभिन्न विषय, क्षेत्र र प्रणालीमा निहित परिवर्तनलाई आत्मबोध गर्दै परिवर्तित समाजको गतिलाई सम्बोधन गर्ने कानूनी प्रणालीको बिकास गर्ने उद्देश्य पूरा गर्ने आफ्नो भूमिकाप्रति आयोग सचेत एवं गम्भिर रहेको छ । यस पृष्ठभूमिको आधारमा आयोगले प्रचलित कानूनको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी प्राथमिकताका आधारमा आवश्यक कानूनको तर्जुमा गर्दै आएको छ । कुनै नयाँ कानून तर्जुमा गर्दा वा प्रचलित कानूनमा परिमार्जन र संशोधनको माध्यमबाट कानून सुधार गर्ने सन्दर्भमा सम्बन्धित सरोकारवालासंगको व्यापक सहभागितालाई प्राथमिकतामा राखेर आयोगले कार्यसम्पादन गर्दै आएको छ । यसरी कानूनी प्रणालीमा देखिएका समस्या तथा मागलाई समयानुकूल सम्बोधन गरी कानून बनाउन सकेमा औचित्यपूर्ण र युक्तिसंगत कानून निर्माण भई कानूनको परिपालनामा नागरिक सहभागिता बिस्तार हुने, निजहरुका सरोकारका विषय सुनिश्चित हुने र समेट्न सकिने हुँदा राम्रा कानून र प्रणाली विकासमा आयोगले सैद्धान्तिक एवं व्यवहारिक रुपमा आफ्नो कार्य र भूमिकालाई अगाडि बढाउँदै आइरहेको छ ।

आयोगले आफ्नो उद्देश्य अनुरुप नै नेपाल सरकारलाई समय समयमा कानून सुधार र परिमार्जनका लागि महत्वपूर्ण सुझावहरु प्रस्तुत गर्दै आएको छ । आयोगले दिएको सुझाव कार्यान्वयनबाट नेपालको कानून प्रणालीलाई परिस्कृत, सम्बृद्ध, सक्षम र प्रभावकारी बनाउन मद्दत पुगेको छ। नयाँ निर्माण गरिने तथा सुधार गर्नुपर्ने विभिन्न क्षेत्रगत वा विषयगत कानून निर्माणमा तर्कपूर्ण तथा कानूनी सिद्वान्तमा आधारित मान्यता विकास गरिएको छ । विश्वका कतिपय मुलुकमा विकसित सर्वोत्तम अभ्यासको अध्ययन गरी विधेयकको मस्यौदामा व्यापक रुपमा छलफल गरी नेपाल कानूनमा तदनुरुप समावेश गर्ने नविनतम् अवधारणालाई समेटेर विधेयक मस्यौदालाई परिस्कृत बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै कानूनको सुधार र परिमार्जनलाई निरन्तरता दिदै आएको छ।

## २.१ कानूनको संशोधनमा आयोगको भूमिका

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा उल्लेख भए वमोजिम नेपाल कानून आयोगले नेपाल सरकारलाई कानूनी तथा नीतिगत सुझाव उपलब्ध गराउने व्यबस्था छ। आयोगलाई कानूनको पुनरावलोकन गर्न सक्ने जिम्मेवारी सुम्पिएको सन्दर्भमा आयोगले कानून निर्माणमा आवश्यक परामर्शदायी सेवा उपलब्ध गराउन र प्रचलित कानूनको सुधार र परिमार्जन गर्न कार्यान्वयन हुन सक्ने कानूनको मस्यौदा तर्जुमा गर्ने तर्फ आयोगको भूमिका केन्द्रित रहेको छ । यस प्रयोजनका लागि आयोगले निष्कृय रहेका र हाल व्यावहारिक रुपमा प्रचलनमा नरहेका कानूनी प्रावधानहरूको खारेज गर्ने तथा कार्यान्वयन हुन नसकेका व्यवस्थाको परिमार्जन गरी मस्यौदा तर्जुमाका लागि प्रचलित कानूनको पुनरावलोकन गर्ने कार्य पनि संगसंगै गरिरहेको छ । आयोगले आफ्नो अध्ययनबाट आएका सुझाव तथा सिफारिसलाई कार्यान्वयनको लागि नेपाल सरकार समक्ष प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन मार्फत सिफारिस गर्दै आइरहेको छ।

कानूनको शासन र सक्षम कानून प्रणालीको विकासका लागि आवश्यक हुने सुझाव उपलब्ध गराउने प्रयास स्वरुप अदालतबाट न्यायिक पुनरावलोकनको क्रममा जारी भएको आदेशहरूको कार्यान्वयनको सन्दर्भलाई समेत ध्यान दिई आयोगले त्यसको अध्ययन तथा विश्लेषण पश्चात आवश्यक सुझाव नेपाल सरकार समक्ष प्रस्तुत गर्ने गर्दछ। यस बाहेक कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ।

नेपाल कानून आयोग

## २.२ कानून निर्माणमा एकरुपता कायम गर्ने प्रयास

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम ऐन वा अध्यादेशको विधेयक र नियमको मस्यौदा तयार गर्ने आधिकारिक निकाय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय भए तापनि नेपाल सरकारका अन्य मन्त्रालयहरुबाट वा अन्य संस्थाबाट पनि कानूनी मस्यौदा हुने गरेको पाइन्छ । यसबाट ऐनको मस्यौदा तर्जुमामा एकरुपता नभई शैली र ढाँचा समेत फरक-फरक हुन गई कानून कार्यान्वयनमा यदाकदा जटिलता आउने गरेकोले आयोगले कानून निर्माणमा विज्ञताको भूमिका र एकरुपताको सुनिश्चितताको लागि प्रयत्न गर्दै आइरहेको छ । मुलुकमा तर्जुमा भएका कानूनको केन्द्रीय अभिलेखन तथा तिनको निर्माणमा आयोगको सहभागिताबाट नेपालमा कानून निर्माणको प्रक्रियामा एकरुपता र कानूनमा हुनुपर्ने न्यूनतम् गुणस्तरको सुनिश्चितता कायम गर्न आयोगले प्रयत्न गरिरहेको छ । यस प्रयोजनका लागि आयोगले कानून तर्जुमाको दिग्दर्शन तयार गरी प्रकाशन गरिसकेको छ ।

हाल प्रचलित कानूनहरूको केन्द्रीय अभिलेखनको आवश्यकताको सन्दर्भमा आगामी वर्षहरूमा सरोकारवालाहरूको बीचमा छलफल गर्दै अभिलेखन गर्नुपर्ने विषयलाई आयोगले पहिचान गरेको र मस्यौदा कार्य प्रारम्भ गर्नका लागि आयोगले तयार गरेको विधेयक मस्यौदाको कार्यमा विद्यमान कानूनहरू र कानूनी अभ्यासको अध्ययन र विश्लेषणलाई मस्यौदा प्रक्रियाको अभिन्न अङ्गको रुपमा अंगिकार गरेको छ । यसरी कानून निर्माणमा गुणस्तर र एकरुपता कायम गर्नु पर्ने विषयमा आयोगले ध्यान दिँदै आईरहेको छ । कानून निर्माणको प्रक्रियामा विधेयक मस्यौदाको एकरुपताको माध्यमबाट गुणस्तर कायम गर्न केही निश्चित विषयहरूमा आयोगमा उपलब्ध जनशक्तिको सहभागितामा आवश्यक अध्ययन र त्यस्ता बिषय पहिचान गरेर नेपाल सरकारलाई सुझाव उपलब्ध गराउँदै आइरहेको छ । नेपाल सरकारले सार्वजनिक चासो र विषयवस्तुको महत्वलाई मनन गर्दै आफ्ना निकायहरूलाई कानून तर्जुमाको सम्बन्धमा पालन गर्नुपर्ने मापदण्ड निर्धारण गरी सो बमोजिम गर्न वा गराउन सकेमा कानून तर्जुमामा एकरुपता र प्रभावकारिता आउन सक्ने देखिन्छ ।

## २.३ कानून तर्जुमा

आयोगले ऐनको दफा १० बमोजिम नेपाल सरकारको अनुरोध बमोजिम नयाँ कानून तर्जुमा गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने विषयका सम्बन्धमा



नेपाल कानून आयोग

आवश्यक विधेयक मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ । आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, आर्थिक, सामाजिक, राजनैतिक एवम् कतिपय अन्तर्राष्ट्रिय स्तरका सर्वोत्तम अभ्यासको समेत अनुशरण गर्दै तत्कालीन परिस्थिति अनुकूल, समसामयिक र सान्दर्भिक विषयहरुमा आफ्नै पहलमा कानून तर्जुमा गर्ने तथा विद्यमान कानूनमा संशोधनका लागि मस्यौदा तर्जुमा गर्ने गर्दछ । नेपाल सरकारका विभिन्न निकायवाट आयोगलाई कानून तर्जुमा गर्न अनुरोध भई आएमा त्यस्ता कानून समेतको विधेयक तर्जुमा गर्ने गर्दछ । आफ्नो अध्ययन, अनुसन्धान तथा अवधारणापत्रका आधारमा समेत आयोगले विधेयक तर्जुमा गरी विद्यमान कानून सुधार र परिमार्जन गर्ने मुख्य जिम्मेवारी अनुरुप आफ्नो भूमिकालाई प्रभावकारी रुपमा निर्वाह गर्दै आएको छ ।

# परिच्छेद -३

## आ.व. २०७३।७४ को कार्यप्रगति

### ३.१ विधेयक तर्जुमा

आयोगले नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम नयाँ कानूनको तर्जुमा गर्ने, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०७३।७४ को वार्षिक कार्यक्रममा आयोगलाई पाँचवटा विधेयक तर्जुमा गर्ने गरी बार्षिक कार्यक्रममा उल्लेख भएकोमा आयोगले आवश्यक देखेका र विभिन्न मन्त्रालयबाट विधेयक मस्यौदाको लागि अनुरोध भई आएका  विधेयक मध्ये नयाँ तथा संशोधन विधेयक सहित देहायका ६ वटा विधेयक तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाएको छ :

#### ३.१.१ झुठ्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

न्यायिक कारबाहीमा झुठ्ठा अभिव्यक्ति दिने वा झुठ्ठा विवरण पेश गर्ने र आफूले लिएको शपथको शर्त उल्लंघन गर्ने लगायतका कार्यलाई दण्डनीय बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७३।०७।२६ को बैठकबाट पारित भई नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेश गरिएको छ ।

### ३.१.२ संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक

विशेष परिस्थितिमा बनेको संक्षिप्त कार्यविधि ऐनलाई समय सापेक्ष सुधार गरी समयानुकुल बनाउनु पर्ने भएकोले संक्षिप्त कार्यविधि ऐन, २०२८ लाई संशोधन गर्न आयोगको मिति २०७३।०७।२६ को बैठकबाट पारित गरी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेश गरिएको छ ।

### ३.१.३ उपभोक्ता संरक्षण सम्बन्धी विधेयक

नेपालको संविधानको धारा ३८ बमोजिम उपभोक्ता हकको व्यवस्था भएको हुँदा संविधान कार्यान्वयन गर्ने सन्दर्भमा हाल प्रचलनमा रहेको उपभोक्ता सम्बन्धी ऐन, २०५४ ले संविधानका सवै विषय बस्तुलाई समेट्न नसकेको सन्दर्भमा नयाँ ऐनको विधेयकको रुपमा मस्यौदा तर्जुमा गरिएको हो । प्रस्तुत मस्यौदाले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको नैसर्गिक संवैधानिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न, अनुचित व्यापारिक कृयाकलापलाई निवारण गरी स्वच्छ बजार संरक्षण गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपयुक्त संयन्त्रको निर्माण गर्न उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आयोगको मिति २०७३।१२।०४ को बैठकबाट पारित गरी नेपाल सरकार, आपूर्ति मन्त्रालयमा पेश गरिएको छ ।

### ३.१.४ प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

सिण्डिकेट तथा कार्टेलिङ लगायतका अन्य एकाधिकारबाट उपभोक्तामा पर्न सक्ने नकारात्मक प्रभावलाई हटाउन उपभोक्ता संरक्षण सम्बन्धी विधेयक अनुकूल हुने गरी प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ मा संशोधन र परिमार्जन गरी समय सापेक्ष र कार्यान्वयन योग्य बनाउनको लागि प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक आयोगको मिति २०७३।१२।०४ को बैठकबाट पारित गरी नेपाल सरकार, आपूर्ति मन्त्रालयमा पेश गरिएको छ ।

### ३.१.५ खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नेपालको संविधानको धारा ३६ बमोजिम खाद्य सम्बन्धी हकको सम्बन्धमा व्यवस्था गरेको र खाद्य सम्बन्धी हकको कार्यान्वयन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्नका लागि प्रस्तुत मस्यौदा तर्जुमा गरिएको हो । खाद्य मानव जीवनको न्यूनतम र प्रारम्भिक आवश्यकताको विषय भएको र संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा सम्पूर्ण नागरिकको पहुँचलाई सुनिश्चित गरी मर्यादित जीवनस्तरलाई प्रबर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७४।०३।२३ को बैठकबाट पारित भई नेपाल सरकार, कृषि विकास मन्त्रालयमा पेश गरिएको छ ।

### ३.१.६ कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

समयको परिवर्तनसँगै कारागार सम्बन्धी प्रचलित कानूनमा समेत परिमार्जन गर्दै जानुपर्ने र सामाजिक आवश्यकता समेतलाई सम्वोधन गर्न कारागार ऐनको नयाँ मस्यौदा तयार गरिएको हो । प्रस्तुत मस्यौदाले कसूरदारलाई भएको सजाय कार्यान्वयनका लागि कारागारको स्थापना गर्न, कारागारको आन्तरिक व्यवस्थापनलाई नियमन र व्यवस्थित गर्न, कारागारभित्र बन्दीको मर्यादित जीवन सुनिश्चित गरी मानव अधिकार संरक्षण गर्न र कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक हाल प्रचलित कारागार ऐन, २०१९ खारेज गर्ने प्रस्ताव गरी नयाँ कारागार ऐनको मस्यौदा आयोगको मिति २०७४।०३।२३ को बैठकबाट पारित गरी नेपाल सरकार, गृह मन्त्रालयमा पेश गरिएको छ ।

आर्थिक वर्ष २०७३/७४ को अवधिभित्र आयोगबाट तयार भै सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरुको विवरण अनुसूची ९ मा रहेको छ ।

## ३.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट अनुरोध भई आएका तथा आयोगले आवश्यक ठानेका अन्य कतिपय विषयका विधेयक तर्जुमा सम्बन्धी अवधारणापत्र तयार गर्ने, सरोकारवालासंग परामर्श गर्ने र विधेयक तयार गर्ने काम यस आ.व. मा पनि

निरन्तर हुने भएको आ.व. २०७३/७४ मा प्रारम्भ गरिएका तर पूरा नभएका केही विधेयकको मस्यौदा यस आ.व.मा पूरा गरिनेछ ।

### ३.३ अन्तरक्रिया तथा गोष्ठी

आयोगले आर्थिक वर्ष २०७३।७४ को वार्षिक कार्यक्रमको परिधिभित्र रहेर देहाय बमोजिमका अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरेको छ :

**३.३.१** झुठ्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।

**३.३.२** उपभोक्ता संरक्षण सम्बन्धी विधेयकको मस्यौदामा सम्बन्धित सरोकारवालाको राय, सुझाव संकलन गरी मस्यौदा परिमार्जन गर्ने उद्देश्यले काठमाडौमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।

**३.३.३** कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले पोखरामा परामर्श गोष्ठी सम्पन्न गरीएको ।

**३.३.४** नेपाल प्राणी उद्यान प्राधिकरण सम्बन्धी विधेयक उपर काठमाण्डौमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।

**३.३.५** खाद्य अधिकार सम्बन्धी विधेयक माथि छलफल गर्न काठमाण्डौं उपत्यकामा ४ वटा र काठमाण्डौं उपत्यका बाहिर ३ (धनकुटा, बाग्लुङ्ग र म्याग्दी) वटा कार्यक्रम सम्पन्न गरिएको ।

### ३.४ हाल प्रयोग नभएका, बाझिएका, असमान, विभेदजन्य, मौलिक अधिकार अनुकूल नभएका तथा कार्यान्वयन हुन नसकेका कानूनको अध्ययन प्रतिवेदन

**३.४.१** नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम प्राप्त अधिकारको सीमाभित्र रहेर हाल प्रचलनमा रहेका धेरै पुराना तथा कार्यान्वयनमा नआएका र नेपालको संविधान प्रारम्भ भएपछि संविधानका प्रावधान कार्यान्वयन गर्ने ऐनको मस्यौदासँग मेल नखाने प्रकृतिका कतिपय ऐन समेत गरी विभिन्न १२ कानूनको अध्ययन गरी प्रतिवेदन तयार पारिएको छ ।

**३.४.२** कानून आयोगले विद्यमान अवस्थामा मुलुकमा के कस्ता कानूनको आवश्यकता परेको छ र तिनको आवश्यकता, औचित्य र धरातलिय अवस्था एवं भैरहेका कानूनको कार्यान्वयनको अवस्था समेतको अध्ययन गरी अवधारणापत्र तयार गर्ने

नेपाल कानून आयोग

प्रयोजनको लागि विभिन्न विषयमा अध्ययन गरी १० वटा अवधारणा पत्र तयार पारिएको छ ।

### ३.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन

कानूनको विषय अध्ययन गरेका न्याय एवं कानूनको क्षेत्रका जनशक्तिलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यावहारिक ज्ञान प्रदान गर्न कानूनको तर्जुमा लगायतका विषयमा ज्ञान प्रदान गर्ने उद्देश्यले नेपालका विभिन्न विश्वविद्यालयका विभिन्न कलेजका कानून संकायमा स्नातक तहको अध्ययन गर्ने विद्यार्थीलाई आयोगमा उपस्थित गराएर आयोग तथा नेपाल सरकारका विभिन्न निकायबाट सम्पादन हुने काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा सहभागी हुने समेत अवसर प्रदान गर्दा निजहरुको ज्ञान, सीप, क्षमता अभिवृद्धि हुने र आयोगका काम कारवाहीमा समेत सहयोग पुग्ने देखिएकोले इन्टर्नसिप कार्यक्रमलाई अघिल्लो आ. व. मा जस्तै यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।

आ.व. २०७३।०७४ मा नेपाल ल क्याम्पस, काठमाडौं स्कूल अफ ल, नेशनल ल कलेज, चक्रवर्ति हवि एजुकेशन एकेडेमी लगायतका एलएलबीमा अध्ययनरत १० जना विद्यार्थीले यस आयोगमा इन्टर्नसिप सम्पन्न गरेका छन् । इन्टर्नसिप गर्न आएका विद्यार्थीले विभिन्न कानूनको पुनरावलोकन गर्ने, कानूनको अवधारणापत्र तयार गर्ने एवं कानूनको तर्जुमा गर्ने, आयोगको वेबसाइट (Website) मा भएका ऐन कानूनको अध्ययन गर्ने र अद्यावधिक भए वा नभएको अनुसन्धान गर्ने लगायतका कार्यमा सहयोगीको भूमिका निर्वाह गरेका हुँदा आयोगले आफ्नो काममा संलग्न गराई निजहरुको क्षमता बिकासका लागि अनुभव हासिल गर्न अवसर प्रदान गराएको थियो । इर्न्टन गर्न आएका विद्यार्थीको प्रतिक्रिया तथा आयोगका कर्मचारीको अनुभव समेतको मूल्याङ्कन गर्दा आगामी वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिन उपयुक्त देखिएकोले यस कार्यक्रमलाई आगामी आ.व. मा पनि निरन्तरता दिन प्रस्ताव गरिएको छ ।

### ३.६ आयोगको वेवसाइट अद्यावधिक

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेवसाइट तयार गरी उक्त वेबसाइटमा विद्युतीय ढाँचामा विभिन्न प्रचलित नेपाल कानूनहरु प्रकाशन गर्ने र समय समयमा ती कानूनका संग्रहलाई वेवसाइटमा अद्यावधिक गर्ने कार्य गर्दै विश्वभरका

नेपाल कानून आयोग

सेवाग्राहीलाई सरल एवं सहज ढंगले नेपाल कानूनमा पहुँच तथा जानकारी प्रदान गर्न विद्युतिय माध्यमबाट त्यसको पहुँच सुनिश्चित गरिएको छ । आयोगको वेवसाइटमा नेपालको संविधानको नेपाली र अंग्रेजी भाषामा अपलोड गर्न सकिने र नयाँ ऐन तथा संशोधित ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानूनलाई अद्यावद्यिक गर्दै आएको र यस आर्थिक वर्षमा करिव २०० वटा नयाँ तथा संशोधित ऐन तथा अन्य नियमहरु अद्यावधिक गरिएका छन् ।

## ३.७ कानूनको जानकारी सम्बन्धी कार्यक्रम

कानूनका प्रयोगकर्ता तथा अन्य सरोकारवालालाई नयाँ कानूनका बारेमा समयमै जानकारी प्राप्त हुन नसक्दा र नयाँ कानूनका बारेमा अभ्यस्त नहुँदा कानूनको प्रयोग र पालनामा एकरुपता कायम गर्न कठिनाई पर्न सक्ने तथा असहज हुने भएकोले आयोगले विभिन्न जिल्लाका सदरमुकाममा कानूनको जानकारी सम्बन्धी कार्यक्रम यसै आ.व. देखि सुरु गरेको र यस आ.व. मा कानूनको जानकारी सम्बन्धी चार कार्यक्रम (Dissemination Program) गरिएको र यसको उपदेयताका सम्बन्धमा प्रभावकारी भएको भन्ने मूल्यांकनको आधारमा आगामी आ.व.मा पनि निरन्तरता दिन प्रस्तावित गरिएको छ ।

## ३.८ राय-सुझाव संकलन

यस आयोगबाट तयार गरिएका विभिन्न विधेयकको मस्यौदा उपर विभिन्न जिल्लाका सरोकारवाला निकायसँग स्थलगत रुपमा उक्त मस्यौदाका प्रावधान स्थानीय स्तरसँग मेल खाने वा नखाने सो विषयमा र भविष्यमा त्यस्ता कानूनको कार्यान्वयन हुन सक्ने वा नसक्ने लगायतका विषयसँग सम्वन्धित राय सुझाव संकलन गर्ने काम सम्पन्न भएको छ ।

## ३.९ क्षमता अभिवृद्धि

विश्वका विभिन्न मुलुकका कानून आयोगहरुबाट भइरहेका कानून निर्माण प्रक्रिया बुझ्ने र त्यहाँ भएका सर्वोत्तम अभ्यासको अनुशरण गर्ने तथा अन्तरक्रिया र अनुभव आदान प्रदान गरी नेपाली कानून परिमार्जन गर्ने उद्देश्यले यस आ.व. मा आयोगका पदाधिकारी तथा कर्मचारी, अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतका १३ जनाले श्रीलंका तथा माल्दिभ्स भ्रमण गरेका छन् । साथै, आयोगका ५ जना कर्मचारीको क्षमता अभिवृद्धिको लागि सवारी साधन चलाउनको लागि ड्राइभिङ्ग तालिममा सहभागी गराइएको थियो ।

नेपाल कानून आयोग

## ३.१० कानून सुधार गर्ने निकायहरुको कमन वेल्थ संघको सम्मेलनमा सहभागी

कानून सुधार गर्ने निकायहरुको विचार, अनुभव आदान प्रदान गर्ने उद्देश्यले Commonwealth Association of Law Reform Agencies (CALRAs) र Victorian Law Reform Commission (VLRC) को संयुक्त तत्वावधानमा अष्ट्रेलियामा आयोजित Law Reform सम्बन्धी International Conference मा यस आयोगका अध्यक्ष, उपाध्यक्ष र का. मु. सचिवले भाग लिनु भएको थियो ।

## ३.११ विभिन्न निकायसँगको सहकार्यमा सम्पन्न भएका कार्यहरु

### ३.११.१ खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.) सँगको सहकार्य

नेपालको संविधानद्वारा प्रदत्त खाद्य सम्बन्धी हकका सम्बन्धमा अध्ययन गरी अवधारणापत्र तथा तत् पश्चात मस्यौदा तयार गर्ने प्रयोजनको लागि खाद्य तथा कृषि संगठनको नेपाल कार्यालयसंग भएको सहकार्य अनुरुप मस्यौदामा राय, प्रतिक्रिया र सुझाव प्राप्त गर्न काठमाडौ लगायत अन्य विभिन्न जिल्लामा सेमिनार, गोष्ठी र छलफल कार्यक्रम सम्पन्न गरी सोको आधारमा मस्यौदा परिमार्जनको कार्य सम्पन्न गरिएको छ ।

### ३.११.२ संयूक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडिपी) सँगको सहकार्य

UNDP सँगको सहकार्यमा गोपनियता सम्बन्धी ऐनको मस्यौदा तयार गर्ने क्रममा अध्ययन गरी तयार पारिएको अवधारणापत्रको प्रतिवेदन उपर गोष्ठी सम्पन्न गरिएको र सो अवधारणापत्रको आधारमा गोपनियता सम्बन्धी विधेयक तर्जुमा कार्य प्रारम्भ भएको छ । त्यसैगरी कारागार सम्बन्धी विधेयक तयार गरी सोको मस्यौदा उपर काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रम सञ्चालन भई मस्यौदा परिमार्जन गरिएको छ । साथै, केही जिल्लाहरुमा कानूनी सचेतना सम्बन्धी कार्यक्रम समेत सम्पन्न गरिएको छ ।

## ३.१२ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम

आ.व. २०७३/७४ को अवधिभित्र नेपाल कानून आयोग र देहायका विभिन्न मूलुक तथा अन्तर्राष्ट्रिय निकायका पदाधिकारी बीच नेपाल कानून आयोगको भूमिका तथा नेपालको संविधान र विभिन्न कानूनी विषयमा छलफल एवंम् अभ्यासको आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।

**३.१२.१** यस आयोगका अध्यक्ष, उपाध्यक्ष तथा कर्मचारीसँग यस आयोगको कार्यालयमा चेक गणतन्त्रको व्यवस्थापिकाको तल्लो सदन Chamber of Deputies का अध्यक्ष Mr. Vojtech Filip, सो Chamber अन्तर्गतको संवैधानिक तथा कानूनी समितिका सदस्य तथा अन्य पदाधिकारीहरु सहितको टोलीले यस आयोगको भूमिका, काम, कर्तव्य एवं गतिविधिको विषयमा र नेपालको संविधान, नेपालको कानूनी प्रणाली र कानूनका अन्य विविध विषयमा छलफल भएको र छलफल कार्यक्रमबाट दुई पक्षीय रुपमा विषयहरु आदान प्रदान भएका थिए ।

**३.१२.२** आयोगका उपाध्यक्ष तथा कर्मचारीसँग आयोगको भूमिका, काम, अन्य गतिविधि तथा विशेष गरी खाद्य अधिकार सम्बन्धी विधेयकका सन्दर्भमा FAO का Expert Harsh Mander, India तथा Sisy Yeshnanew, Legal Export, FAO सहितको टोलीले यस आयोगमा छलफल गरेको हुँदा सहकार्य र दुई पक्षिय सम्वन्ध विस्तार भएको थियो ।

# परिच्छेद - ४

## बार्षिक कार्यक्रम

कुनै पनि संस्थाले आफनो लक्ष्य तथा उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न र आफ्नो कार्यलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउनको लागि प्रत्येक बर्ष आगामी आर्थिक बर्षका लागि कार्यक्रम, रणनीति, कार्य योजना र बजेटको समुचित प्रक्षेपण र व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

आयोगको प्रमुख कार्य विधेयकको मस्यौदा तर्जुमा गर्ने रहेको हुँदा विभिन्न विषयमा वार्षिक कार्यक्रम बमोजिम र सो बाहेक कुनै मन्त्रालय वा निकायबाट अनुरोध भई आएका विधेयकको तर्जुमा गर्ने र यसरी तर्जुमा भएका विधेयकको मस्यौदा तथा अन्य कुनै कानून तर्जुमा गर्नुपर्ने विषयका अवधारणापत्रका सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति वा निकाय मार्फत सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तर्रक्रिया कार्यक्रम सञ्चालन गर्ने रहेका छन् । साथै, कानूनको जानकारी आदानप्रदान तथा प्रचारप्रसार गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेका छन् ।

नेपाल कानून आयोग

त्यसैगरी कानून प्रणालीलाई सुदृढ एवं परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान र प्रचलित कानूनको पुनरावलोकन सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अबधारणापत्र तयार पार्ने, प्रचलनमा रहेका तर कार्यान्वयनमा नआएका कानूनको खारेजी, संशोधन तथा एकिकरण लगायतका बिषयमा अध्ययन प्रतिबेदन तयार गर्ने, कुनै नेपाल कानून तथा सर्बोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी बिषयमा अध्ययन गर्ने बिधिशास्त्रीय नविनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्यलाई समावेश गरिएको छ । न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपाल कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा नीति र त्यसलाई अंग्रेजी भाषामा अनुवाद गरी आफ्नो वेवसाईटमा राख्ने विषयलाई महत्वका साथ अघि बढाउने कार्यक्रम रहेको छ।

भौतिक तथा मानवीय संसाधनलाई मध्यनजर गरी आयोगको आगामी आर्थिक वर्ष ०७४/०७५ को स्वीकृत बार्षिक कार्यकम अनुसूची - १० मा समावेश गरिएको छ।

## परिच्छेद - ५

## कानून र न्यायको क्षेत्रमा सुधारका लागि सुझाव तथा सिफारिस

नेपाल कानून आयोग प्रचलित कानून तथा नेपालको न्याय तथा कानून प्रणालीको सुधारका क्षेत्रमा नेपाल सरकारलाई सुझाव दिने तथा सिफारिस गर्ने मुलुकको एक आधिकारिक निकाय हो । नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गरी अझ बढी प्रभावकारी, सक्षम, मानव अधिकार मैत्री बनाई यसलाई स्थायित्व दिनु पर्ने हाम्रा सामु आजको चुनौति रहेको छ। नेपाल कानूनलाई संहिताकरण गर्ने नेपाल सरकारको नीति अनुरुप फौजदारी र देवानी विधाका सामान्य कानून (General Law) लाई संहिताकरण गर्ने कार्य पूरा हुने प्रक्रियामा रहेको छ। व्यवस्थापिका-संसदबाट हालै केही संहिताहरु पारित भए पछि नेपालको फौजदारी कानून (सामान्य) लाई संहिताकरण गर्ने करिव छ दशक अघिको हाम्रो आंकाक्षा पूरा भएको छ । देवानी संहिता पारित भएमा दक्षिण एसियामा नै यसको प्रभाव पर्ने सम्भावना रहेको छ। यस स्थितिमा अबको हाम्रो प्रयास व्यापार, व्यवसाय, लगानी तथा त्यस्ता क्षेत्रका विवाद समाधान सम्बन्धी कानूनको सुधारका क्षेत्रमा केन्द्रित हुनु पर्दछ।

कानूनको सुधार निरन्तर रुपमा जारी रहने एक प्रक्रिया हो । यो कुनै पनि मुलुकको शासन प्रणालीको सुधार पनि हो । यही तथ्यलाई दृष्टिगत गरी ऐनको दफा १० बमोजिम आयोगले नेपाल सरकार समक्ष देहाय बमोजिम सुधार हुन देहायका सुझाव प्रस्तुत गरेको छ :

(१) नेपालको कानून प्रणालीमा हुनुपर्ने सुधार र नेपालले अख्तियार गरेको नीति अनुरुप केही अन्तर्राष्ट्रिय सन्धिको नेपाल पक्ष हुने सम्बन्धमा आ.व. २०७२/७३ को प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्दा आयोगबाट दिइएका सुझाव हालसम्म कार्यान्वयन भइ नसकेका र त्यस्ता सुझावहरु वर्तमान अवस्थामा पनि सान्दर्भिक नै देखिएकाले त्यसको कार्यान्वयन हुन वान्छनीय देखिन्छ ।

(२) नेपालको संविधानको धारा २० को उपधारा (३) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राख्न नसकिने व्यवस्था रहेको छ । पक्राउ गरिएको व्यक्तिलाई चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने संवैधानिक व्यवस्थाको प्रयोजन अधिकार प्राप्त अधिकारीको आदेश विना थुनामा राख्न नसकिने अर्थमा बुझ्नु पर्ने हुन्छ । यसमा कुनै पनि किसिमको अपवाद वा बन्देज मान्य हुन सक्ने अवस्था रहन्न । नागरिकको वैयक्तिक स्वतन्त्रता कुनै पनि सभ्य समाज र लोकतान्त्रिक प्रणालीको पहिचान र उपलब्धि हो । यो पहिचान र उपलब्धिलाई अक्षुण्य राख्न पक्राउ गरिएको व्यक्तिलाई जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने हुन्छ । तर व्यवहारमा यो मान्यता पालना नभई पक्राउ गरिएको चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीको कार्यालय खुला नभएमा खुला नभएसम्मको अवधिसम्म पक्राउ गर्ने अधिकारीले पक्राउ गरिएको व्यक्तिलाई आफ्नो नियन्त्रणमा राख्न सक्ने अख्तियारीको रुपमा प्रयोग भएको देखिन्छ । कुनै व्यक्तिलाई पक्राउ गरिए पछि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउन नसकिएको अवधिमा नै सार्वजनिक विदा भएका कारणले मुद्दा हेर्ने अधिकारीको कार्यालय खुला नरहेमा त्यस्तो कार्यालय नखुलेको अवधिसम्म पक्राउ गरिएको व्यक्ति पक्राउ गर्ने अधिकारीको नियन्त्रणमा नै रहनु पर्ने अभ्यास नेपालको संविधानको धारा २० को उपधारा (३) अनुकूल हुन सक्ने देखिन्न । तसर्थ, यो अभ्यासमा सुधार हुन वान्छनीय हुनाले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष चौबीस घन्टाभित्र उपस्थित गराउनु नै पर्ने बाध्यात्मक अभ्यास प्रारम्भ गर्न र त्यस

प्रयोजनको लागि मुद्दा हेर्ने अधिकारीको कार्यालय सार्वजनिक विदाको दिनमा पनि खुला हुन सक्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

(३) नेपालको संविधान प्रारम्भ भएपछि संविधान कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले निर्माण गर्नु पर्ने कानूनको विवरण कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पहिचान गरी त्यसको सूचि समेत तयार भइसकेको छ । नेपालको संविधान आफैमा एक संरचनागत (Structural) ढाँचाको संविधान भएकोले यस अन्तर्गत बनाउनु पर्ने कानून विना त्यसको कार्यान्वयन सहज हुन सक्दैन । कानूनको निर्माणमा "विधेयक" तर्जूमाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुन्छ । विधेयक निर्माण गर्ने काम एक प्राविधिक र पेशागत दक्षताको विषय भएकोले मूलतः विधेयक तर्जुमा गर्दा क्षेत्रगत (Sectoral) मन्त्रालयले कानून, न्याय तथा संसदीय मन्त्रालयमा भर पर्नु पर्ने हुन्छ जसले गर्दा सो मन्त्रालयमा एकैचोटि बढी भार (Workload) पर्ने हुन्छ । यस स्थितिलाई सुधार गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आयोग मार्फत पनि संविधान बमोजिम बनाउनु पर्ने विधेयक तर्जुमा गर्ने अभ्यास अवलम्बन गरी निर्धारित अवधिमा नै विधेयकको मस्यौदा तयार गर्ने काम पूरा गर्नु उचित देखिन्छ ।

(४) केही वर्ष अघि मुलुकी ऐन, विहावरीको महलमा भएको संशोधनबाट विवाह गर्ने न्यूनतम उमेर बीस वर्ष कायम गरेको र संरक्षकको सहमतिबाट सोभन्दा कम उमेरमा पनि विवाह हुन सक्ने व्यवस्था अन्त्य भएको छ । विवाहको लागि सम्बन्धित पक्षको सहमति नै विवाहको आधार हो । तर अझै पनि विवाह दर्ता गर्नु पर्ने अन्तर्राष्ट्रिय मापदण्डलाई भने बाध्यात्मक बनाउन सकिएको छैन । व्यवस्थापिका-संसदमा विचाराधीन रहेको प्रस्तावित देवानी संहिताले विवाहको दर्ता सम्बन्धमा आवश्यक प्रवन्ध गरेको छ ।

विवाह दर्ता गराउनु पर्ने कानूनी व्यवस्था गरी यसको व्यापक चेतना अभिवृद्धि गर्न सकिएमा मानब बेचविखन जस्तो अमानवीय कसुर नियन्त्रण हुने र एकै पटक एक भन्दा बढी विवाह हुन सक्ने र कानून बमोजिम निर्धारित उमेर पूरा नभई विवाह हुन सक्ने सम्भावना रोकिने हुन्छ । हाम्रो प्रयास त्यसतर्फ उन्मुख हुन जरुरी छ र भविष्यमा दर्ता नभएको विवाहले कानूनी मान्यता नपाउने व्यवस्था गर्न जरुरी हुन्छ । तसर्थ, विवाह दर्तालाई विवाहको शर्त निर्धारण गरी जनचेतना प्रवर्द्धन गर्न र यो व्यवस्थाप्रति नेपालको प्रतिवद्धता अन्तर्राष्ट्रिय स्तरमा उजागर हुन विवाहको सहमति, विवाहको लागि न्यूनतम

उमेर तथा विवाह दर्ता सम्बन्धी सन् १९६२ मा संयुक्त राष्ट्र संघीय महासभाबाट पारित महासन्धि (Convention on Consent to Marriage, Minimum Age for Marriage and Registration of Marriges) को नेपाल पक्ष हुनु पर्ने देखिन्छ ।

(५) नेपालको संविधानको धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने तथा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने व्यवस्था रहेको छ । प्रस्तुत व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार, शिक्षा मन्त्रालयको अनुरोधमा शिक्षाको हकका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको तयारी यस आयोगबाट भइरहेको छ । शिक्षाको हकलाई सर्वसाधारणको पहुँच सुनिश्चित गर्न शिक्षामा हुनसक्ने भेदभावलाई निवारण गर्न र शिक्षा प्रतिको नेपालको प्रतिबद्धता अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्न संयुक्त राष्ट्र संघीय, शिक्षा, विज्ञान तथा संस्कृति सम्बन्धी संगठन (युनेस्को) को आयोजनामा सन् १९६० मा सम्पन्न भएको “शिक्षामा भेदभाव विरुद्धको महासन्धि (Convention Against Discriminatin in Education)” (सन् १९६२ देखि प्रारम्भ भएको) को नेपाल पक्ष हुने वान्छनीय देखिएकोले त्यसको नेपाल पक्ष हुन सिफारिस गरिएको छ ।

(६) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची - १ मा रहेका मुद्दाहरु सरकारवादी भइ चल्ने र त्यस्ता मुद्दाहरुका अभियुक्तलाई अनुसन्धान तहकिकातको सिलसिलामा अदालतको अनुमति लिई अनुसन्धान अधिकारीले बढीमा पच्चीस दिनसम्म थुनामा राख्न सकिने व्यवस्था रहेकोमा कतिपय मुद्दाहरुमा अभियुक्तलाई जरिवाना मात्र हुने प्रावधान रहेको तर अनुसन्धान तहकिकातको सिलसिलामा त्यस्ता अभियुक्तलाई पच्चीस दिनसम्म थुनामा बस्नुपर्ने अवस्था समेत रहेको देखिदा सो व्यवस्था औचित्यपूर्ण नदेखिएकाले सुधार हुनु पर्ने देखिन्छ ।

## परिच्छेद - ६

## समस्या तथा सुझाव

आयोगले नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम तोकिएको कार्यलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने क्रममा अनुभव गरिएका देहायका समस्या उपयुक्त रुपमा सम्बोधन हुन देहाय बमोजिमका सुधारका उपाय समेत नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ :

(१) **भौतिक पूर्वाधार**

यस आयोगको हालसम्म आफ्नो भवन बन्न सकेको छैन । २०६१ सालदेखि सिंहदरबारस्थित शान्ति तथा पुनर्निमाण मन्त्रालय रहेको भवनमा आयोगको कार्यालय रहेकोमा २०७२ साल वैशाख १२ गतेको विनासकारी भुकम्पका कारणले स्थानान्तरण हुन पुग्यो । हाल नयाँ वानेश्वरस्थित अन्तराष्ट्रिय सम्मेलन केन्द्र परिसरमा रहेको अस्थायी संरचनामा आयोगले दैनिक तथा प्रशासनिक कार्य गर्दै आईरहेको छ । आयोगले हाल प्रयोग गरिराखेको अस्थायी टहराहरु सुरक्षाको दृष्टिकोणले संवेदनशिल तथा आयोगका पदाधिकारी, कर्मचारी तथा इन्टर्न समेतलाई कार्यकक्षको अभावले कार्यमैत्री वातावरणको अभाव भइरहेको महसुस गरिएको छ । आयोगका पदेन सदस्य तथा विभिन्न कार्यदलका सदस्यका रुपमा सहभागी हुनुहुने विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधिहरुलाई सहज पहुँच हुने स्थानमा आयोगको कार्यालय नहुनु पनि एक समस्याको रुपमा रहेको छ । यसर्थ, आयोगको आफ्नै भवन नहुँदा आफ्नो कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न असजिलो परिरहेकोले कार्यमैत्री वातावरण बनाउन उपयुक्त स्थानमा यसको स्थानान्तरण गरी स्थायी भवनको व्यवस्था गर्नु उपयूक्त देखिन्छ ।

आयोगको वर्तमान संरचना वमोजिमको दरवन्दीका सबै कर्मचारी पदस्थापना भएमा आयोगमा स्थान अभाव हुने स्पष्ट छ । आयोगका धेरै सामानहरु (फर्निचर) स्थान अभावका कारण बाहिरनै अलपत्र रुपमा रहेका हुदा भविष्यमा काम नलाग्ने हुन सक्ने अवस्था छ । उपयुक्त भवनको अभावमा पुस्तकालय कक्ष नभएको हुँदा सबै पुस्तकलाई कोठामा सुरक्षित तरिकाले थन्क्याउने सम्मको कार्य भएको छ ।

(२) **जनशक्ति**

आयोगको संगठन, सरंचना तथा व्यवस्थापनको दरबन्दी सिर्जना भएतापनि आयोगको सहमति समेत नलिई कर्मचारीको दरबन्दी कटौति गर्ने, अयोगका कर्मचारी काजमा अन्यत्र लैजाने प्रवृत्ति तथा सवै दरवन्दी पूर्ति नहुँदा आयोगको कार्य सञ्चालन सहज र प्रभावकारी हुन सकिरहेको छैन । आयोगको काम विज्ञता र अनुसन्धानमूलक हुने भए तापनि त्यसअनुरुप दक्ष कर्मचारी आयोगले पाउन सकिरहेको छैन । नयाँ संविधान निर्माण पश्चात संविधान अनुकूल हुनेगरी थुप्रै

नयाँ विद्येयकको तर्जुमा गर्नुपर्ने हुन्छ । सोको लागि आयोगलाई चाहिने जनशक्तिको अभाव र उपलव्ध जनशक्तिमा  पनि उत्प्रेरणाको कमी देखिँदा यस्ता समस्या निराकरण हुन र दोहोरिन नदिन समयमै उपयुक्त समाधान खोज्नु पर्ने देखिन्छ ।

(३) **पुस्तकालय व्यवस्थापन**

नेपाल कानून आयोगको कामको प्रकृति अनुरुप गरिनु पर्ने कामको लागि पुस्तकालयको आधुनिक रुपमा व्यवस्थापन हुनु पर्नेमा सो हुन सकेको छैन । पुस्तकालयका लागि पुस्तकालय अधिकृत तथा सहायक स्तरको छुट्टै जनशक्ति पनि नभएकोले पुस्तकालयको व्यवस्थापन गर्न सकिएको छैन भने पुस्तकालयमा कानून सम्बन्धी स्वदेशी तथा विदेशी अनुसन्धानात्मक पुस्तक तथा पत्रपत्रिकाको व्यवस्था हुन सकेको छैन । हाल नयाँ बानेश्वरको अन्तराष्ट्रिय सम्मेलन केन्द्र परिसरमा रहेको आयोगले कोठाको अभावमा पुस्तकालयलाई व्यवस्थित वनाउन नसकिएकोले यसको समाधान उचित ढँगले गर्नु पर्ने देखिन्छ ।

हाल पुस्तकालय प्रयोग गर्न नसकिने अवस्थामा रहेकोले यो प्रयोगहिन जस्तै बन्दै गएको  छ । पुस्तकालयका लागि स्थान अभावका कारण कानून आयोग जस्तो अध्ययन र अनुसन्धान गर्नुपर्ने संस्थामा उपलब्ध पुस्तक सुरक्षित गर्न दराजमा थन्काएर राख्नु पर्ने अवस्था रहेको छ ।

(४) **समन्वय**

कानून तर्जुमा तथा कानूनको संहिताकरण, एकिकरण, खारेजी, संशोधन, अध्ययन, अनुसन्धान लगायतको कार्य सम्पादन, प्राविधिक प्रकृतिको र केही जटिल विषयको भएकोले त्यस्तो कामको लागि आयोगको स्थापना गरिए तापनि सरकारका विभिन्न मन्त्रालय, विभाग, निकाय र परियोजनाले तदर्थ प्रकृतिका समिति गठन गरी कानून निर्माणका कार्य सम्पादन गर्ने वा गराउने कार्यले आयोगको काम ओझेलमा परेको र कानून तर्जुमा जस्तो विषयमा एक रुपता नआउँदा कानून निर्माण प्रक्रियामा समेत असर परेकोले आयोगको कामलाई मर्यादित बनाउन सरकारी निकायसँगको समन्वयको दूरीलाई कम गर्दै कानूनमा एकरुपता र समन्वयको विषयलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

**(५) क्षमता अभिवृद्धि हुन नसक्नु**

कानून तर्जुमा जस्तो व्यापक, गहन एवं जटिल कार्य सम्पादन गर्ने आयोगको काम कारवाहीलाई अझ प्रभावकारी बनाउन यसको सांगठनिक स्वरूपमा सुधार गर्न, कर्मचारीको क्षमता वृद्धि र वृत्ति विकासका अवसर उपलब्ध गराउन, भौतिक पूर्वाधारको विकास गर्न तथा आर्थिक पक्ष सुदृढ बनाउन आवश्यक छ । आयोगले अनुसन्धानमूलक कार्य धेरै मात्रामा गर्नु पर्ने भए पनि सो अनुरूपको जनशक्तिको आपूर्ति भएको छैन । तसर्थ, कम्तिमा राजपत्रांकित द्वितीय श्रेणीका कानून अधिकृत/ उपसचिवको दरबन्दी संख्या पुनरावलोकन भई हाल कायम रहेको संख्यामा दोब्बर हुन आवश्यक छ । साथै, विद्यमान जनशक्तिको क्षमता विकास गर्ने सम्बन्धमा थप कार्य प्रारम्भ गर्नुपर्ने देखिन्छ ।

**(६) आयोगको भूमिका बढाउनु पर्ने**

नेपाल कानून आयोग ऐन, २०६३ मा कानून तर्जुमा सम्बन्धी काममा आवश्यकता अनुसार नेपाल कानून आयोगलाई संलग्न गराउन सकिने व्यवस्था रहेको छ । यस परिप्रेक्ष्यमा कानून तर्जुमा प्रक्रियालाई कानूनी अनुसन्धानमा आधारित बनाउन, सम्बद्ध सरकोरवाला, विज्ञ एवम् लक्षित वर्गको अर्थपूर्ण र प्रभावकारी सहभागिता अभिबृद्धि गर्ने वातावरणको निर्माण तथा परिस्कृत र गुणस्तरीय विधेयक तर्जुमाको लागि आयोगको भूमिकालाई बृद्धि गर्न नेपाल सरकारले विशेष भूमिका खेल्नुपर्ने देखिएकोछ । कानून तर्जुमा गर्दा नेपाल सरकारका सबै निकायले कानूनको अनुसन्धानमा आधारित कानून निर्माण गर्दा आयोगसंग सम्पर्क र समन्वय गर्नुपर्ने पद्धति व्यवहारमा उतार्न सकिएमा राज्यको खर्चमा मितव्ययिता आउनुका साथै गुणस्तर हुने र कानून निर्माणमा एकरुपता हुने कुरा अपेक्षा गर्न सकिन्छ । तसर्थ कानून तर्जुमा गर्ने सम्बन्धमा आयोगसंग प्रत्यक्ष समन्वय र सम्पर्क गर्नुपर्ने अभ्यासको प्रारम्भ हुनुपर्ने देखिन्छ ।

**(७) सुझावको कार्यान्वयन गर्नुपर्ने**

आयोगले विगत १० वर्षदेखि नेपाल सरकारलाई बार्षिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन मार्फत विभिन्न सुझाव दिदै आइरहेको र यसै सिलसिलामा गत आर्थिक वर्षको प्रतिवेदनको समस्या तथा सुझाव खण्डको खण्ड (च) मार्फत प्रचलित नेपाल कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा केही विस्तृत रुपमा सुझावहरु

सुझाएको थियो । आयोगले प्रस्तुत गरेका सुझावहरु कार्यान्वयन प्रक्रियामा गएको पाइएको छैन । आयोगले सुझाएका सुझाव सहितको आयोगको प्रतिवेदन र सुझावहरु केवल प्रतिवेदनमा मात्र सीमित राख्ने अभ्यासले गर्दा प्रक्रियामुखी र कर्मकाण्डीय अभ्यास मात्र हुने हुन्छ । तसर्थ, यसरी सुझाइएका सुझावहरुलाई नेपाल सरकारले कार्यान्वयन गर्ने परिपाटीको विकास गरेमा आयोगको कार्यसम्पादन अर्थपूर्ण हुने र यस्तो अभ्यासको निरन्तरताले आयोगका काम कारबाहीमा थप प्रभावकारीता आउन सक्ने देखिन्छ ।

नेपाल कानून आयोग

# अनुसूची-१

## पदाधिकारीको नामावली

| क्र.स | नाम | पद |
|---|---|---|
| १. | श्री माधव पौडेल | अध्यक्ष |
| २. | श्री भेष राज शर्मा | उपाध्यक्ष |
| ३. | श्री कमलशाली घिमिरे, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ४ | श्री राजिव गौतम सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| ५. | श्री खगराज पौडेल, नायव महान्यायधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ६. | श्री चिरञ्जीवी खनाल, नि. सचिव, नेपाल कानून आयोग | सदस्य-सचिव |

नेपाल कानून आयोग

# अनुसूची-२

## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामाबली

| क.सं. | नाम | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | बडाकाजी श्री मणिकलाल राजभण्डारी | २०१०।०९।०६ | |
| २. | श्री बिनोद प्रसाद धिताल | २०२०।१०।०८ | |
| ३. | श्री नयन बहादुर खत्री | २०२९।०२।२९<br>२०३६।०८।२३ | |
| ४. | श्री बिश्वनाथ उपाध्याय | २०४१।०८।०२ | |
| ५. | श्री हरगोबिन्द सिंह प्रधान | २०५२।०१।१९ | |
| ६. | श्री निरञ्जन थापा | २०५९।११।१६ | |
| ७. | श्री बाबुराजा जोशी | २०६३।०४।१५ | |
| ८. | श्री उमेशचन्द्र झा | २०६८।०९।१२ | |
| ९. | श्री माधव प्रसाद पौडेल | २०७३।०३।२६ | |

नेपाल कानून आयोग


## अनुसूची-३

## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामाबली

| क.सं. | नाम | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ | |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ | |
| ३. | श्री प्रचण्ड राज प्रधान | २०६८।०९।१२ | |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ | |

# अनुसूची-४

## प्रशासनिक संगठन संरचना




# अनुसूची- ५

# कर्मचारी दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | १ |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | ५ |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी) नेपाल विविध सेवा | १ |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सा.प्र. समूह | ३ |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा कानून समूह | ५ |
| ९. | कम्प्यूटर अप्रेटर,नेपाल विविध सेवा | १ |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| ११. | हलुका सवारी चालक इन्जिनियरिङ्ग सेवा | ३ |
| १२. | कार्यालय सहयोगी | ४ |
| १३. | स्वीपर | १ |
| कूल दरबन्दी | | ३३ |

नेपाल कानून आयोग

# अनुसूची- ६

## कार्यरत कर्मचारीको नामावली

| | | | |
|---|---|---|---|
| १) | श्री चिरञ्जीवी खनाल | – | नि. सचिव |
| २) | श्री इन्दिरा दहाल (भट्टराई) | – | सह–सचिव |
| ३) | श्री कमलराज गौतम | – | उप–सचिव |
| ४) | श्री भीमसेन प्रसाद गौतम | – | लेखा अधिकृत |
| ५) | श्री हिमाल चन्द्र अर्याल | - | शाखा अधिकृत |
| ६) | श्री मनुका घिमिरे | – | शाखा अधिकृत |
| ७) | श्री सुवर्ण वहादुर मल्ल ठकुरी | – | नायब सुब्बा |
| ८) | श्री झलक के.सी. | – | नायब सुब्बा |
| ९) | श्री चण्डेश्वरी प्रजापति | - | कम्प्यूटर अप्रेटर |
| १०) | श्री सौरब बराल | - | खरिदार |
| ११) | श्री सन्दीप लामिछाने | - | खरिदार |
| १२) | श्री मोती कुमारी पौडेल | - | खरिदार |
| १३) | श्री कृष्ण गोविन्द महर्जन | – | हलुका सवारी चालक |
| १४) | श्री खिलप्रसाद दाहाल | – | हलुका सवारी चालक |
| १५) | श्री बहादुर महर्जन | – | हलुका सवारी चालक |
| १६) | श्री धन बहादुर क्षेत्री | – | हलुका सवारी चालक (सेवा करार) |
| १७) | श्री राम प्रसाद राजबाहक | – | हलुका सवारी चालक (सेवा करार) |
| १८) | श्री शम्भु थापा मगर | – | कार्यालय सहयोगी |
| १९) | श्री मिठे राना | – | कार्यालय सहयोगी |
| २०) | श्री रामबहादुर रानामगर | – | कार्यालय सहयोगी |
| २१) | श्री दिलशोभा पोडे | – | स्विपर |
| २२) | श्री सविता राना | – | कार्यालय सहयोगी (सेवा करार) |
| २३) | श्री सृजना लम्साल | – | कार्यालय सहयोगी (सेवा करार) |



नेपाल कानून आयोग

# अनुसूची- ७

## <u>आयोगको वर्तमान भौतिक अवस्थाको विवरण</u>

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | - नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | - ४ वटा |
| | जीप | - २ वटा |
| | मोटरसाइकल संख्या | - ७ वटा |
| | स्कुटर सख्या | - १ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर संख्या | - २४ सेट |
| | प्रिन्टर संख्या | - ११ थान |
| | ल्यापटप कम्प्युटर संख्या | - १९ थान |
| | फ्याक्स संख्या | - २ थान |
| | फोटोकपी मेशिन संख्या | - २ थान |
| | क्यामरा | - १ थान |
| | प्रोजेक्टर | - २ थान |
| | मल्टिफङ्सन | - १ थान |
| | स्कयानिङ मसिन | - २ थान |
| | टेलीभिजन | -१ थान |

नेपाल कानून आयोग

# अनुसूची- ८

# आयोगको वित्तीय विवरण र आ. व. २०७३/०७४ को प्रगती विवरण



नेपाल सरकार
नेपाल कानून आयोग
आर्थिक वर्ष ७३/७४ को वार्षिक आर्थिक विवरण

बजेट उपशीर्षक नम्बर :३११०१२३

बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग चालु

| खर्च संकेत नम्बर | खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक बजेटबाट थप | पुरक बजेटबाट घट | रकमान्तरबाट थप | रकमान्तरबाट घट | अन्तिम बजेट | निकासा | खर्च | बाँकी निकासा | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | तलब | १०,९०८,०००.०० | | | ० | ० | १०,९०८,०००.०० | ९,६२०,५०६.५० | ९,६२०,५०६.५० | | १,२८७,४९३.५० | |
| २१११३ | मंहगी भत्ता | ३१२,०००.०० | | | ० | ० | ३१२,०००.०० | २५४,०६६.०० | २५४,०६६.०० | | ५७,९३४.०० | |
| २१११९ | अन्य भत्ता | ४६६,०००.०० | | | ० | ० | ४६६,०००.०० | ३०४,४२५.०० | ३०४,४२५.०० | | १६१,५७५.०० | |
| २११२१ | पोशाक | १९५,०००.०० | | | ० | ० | १९५,०००.०० | १७२,५००.०० | १७२,५००.०० | | २२,५००.०० | |
| २२१११ | पानी तथा बिजुली | ५३१,०००.०० | | | ० | ० | ५३१,०००.०० | २९१,४९९.१० | २९१,४९९.१० | | २३९,५००.९० | |
| २२११२ | संचार महसुल | ३००,०००.०० | | | ० | ० | ३००,०००.०० | २७०,९०९.११ | २७०,९०९.११ | | २९,०९०.८९ | |
| २२१२१ | घर भाडा | १,४५१,०००.०० | | | ० | १५२००० | १,२९९,०००.०० | १,२३४,५८९.६६ | १,२३४,५८९.६६ | | ६४,४१०.३४ | |
| २२२११ | इन्धन | १,३१६,०००.०० | | | ० | ० | १,३१६,०००.०० | ९६६,२५९.५० | ९६६,२५९.५० | | ३४९,७४०.५० | |
| २२२१२ | संचालन तथा ममर्त सभार | ८५४,०००.०० | | | ० | ० | ८५४,०००.०० | ८५३,९४७.०४ | ८५३,९४७.०४ | | ५२.९६ | |
| २२२१३ | बीमा | ११२,०००.०० | | | ० | ३३१५१ | ७८,८४९.०० | ६६,२५२.६० | ६६,२५२.६० | | १२,५९६.४० | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ७४०,०००.०० | | | १५२००० | ० | ८९२,०००.०० | ८९१,६०८.३६ | ८९१,६०८.३६ | | ३९१.६४ | |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १००,०००.०० | | | ० | ० | १००,०००.०० | ५०,८३७.०० | ५०,८३७.०० | | ४९,१६३.०० | |
| २२३१४ | इन्धन अन्य प्रायोजन | ३४,०००.०० | | | ० | ० | ३४,०००.०० | ५,२२५.०० | ५,२२५.०० | | २८,७७५.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | १५०,०००.०० | | | ० | ० | १५०,०००.०० | ० | ०.०० | | १५०,०००.०० | |
| २२४१२ | अन्य सेवा शुल्क | १,५१४,०००.०० | ११०,४५० | | ० | ० | १,६२४,४५०.०० | १,१०८,५३०.६८ | १,१०८,५३०.६८ | | ५१५,९१९.३२ | अ.म.को च.नं. १०३१ मिति २०७३।९।२४ र च.नं. ३०४९ मिति २०७४।१।२८ को पत्र द्वारा |
| २२५२२ | कार्यक्रम खर्च | ९,२३०,०००.०० | | | ० | ० | ९,२३०,०००.०० | ६,४४४,६६२.८५ | ६,४४४,६६२.८५ | | २,७८५,३३७.१५ | |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | ५२०,०००.०० | | | ० | ० | ५२०,०००.०० | २२६,५५०.०० | २२६,५५०.०० | | २९३,४५०.०० | |
| २२६१२ | भ्रमण खर्च | २००,०००.०० | ७६५००० | | ३३१५१ | ० | ९९८,१५१.०० | ९९८,१५१.०० | ९९८,१५१.०० | | ०.०० | अर्थ मन्त्रालयको च.नं. २६४२ मिति २०७३।१२।४ को पत्र द्वारा थप निकासा |
| २२७११ | विविध खर्च | ४८२,०००.०० | | | ० | ० | ४८२,०००.०० | ३७९,६३४.०० | ३७९,६३४.०० | | १०२,३६६.०० | |
| | जम्मा रु. | २९,४१५,०००.०० | ८७५४५० | | १८५१५१ | १८५१५१ | ३०,२९०,४५०.०० | २४,१४०,१५३.४० | २४,१४०,१५३.४० | | ६,१५०,२९६.६० | |
| | अर्थ बजेट | | | | | | | | | | | |
| २७३१२ | ६०१०१३३ उपदान | ६६५,२९३.४२ | | | | | ६६५,२९३.४२ | ६६५,२९३.४२ | ६६५,२९३.४२ | | ०.०० | |
| २७३१३ | ६०१०१४३ संचित बिदा | ३०६६३९.५१ | | | | | ३०६,६३९.५१ | ३०६,६३९.५१ | ३०६,६३९.५१ | | ०.०० | |
| २११२३ | ६०१०१८३ औषधी उपचार | ४५११८८.०० | | | | | ४५१,१८८.०० | ४५१,१८८.०० | ४५१,१८८.०० | | ०.०० | |
| २२६१२ | ६०२०१२३ भ्रमण खर्च | ८०,५६८.०० | | | | | ८०,५६८.०० | ८०,५६८.०० | ८०,५६८.०० | | ०.०० | |
| २६४१२ | ६०२०१५३ स.नि.स.बा. सर्शत अनुदान | २०००००.०० | | | | | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | | ०.०० | |

मौज्दातको अवस्था

| | | | |
|---|---|---|---|
| १. बैंकको नाम र ठेगानाः एभरेष्ट बैंक सिंहदरबार | | २. बैंक खाता नम्बरः | ० |
| ३. बैंक अनुसार बाकी : रु. | | ४. फर्छ्यौट हुन बाकी पेशकीः रु. | ० |
| ५. नगद मौज्दातः रु. | | क. गत आर्थिक वर्षसम्मकोः रु. | ० |
| ६. जम्मा वा भुक्तानी हुन बाँकी चेकको रकमः रु. | | ख. यस आर्थिक वर्षको रु. | ० |
| | | जम्मा रु. | ० |
| | | म्याद नाघेको पेश्की रु. ....... | ० |
| | | म्याद ननाघेको पेश्की रु. ....... | ० |

तयार गर्ने
नाम :

सिफारिस गर्ने
नाम :

स्वीकृत गर्ने
नाम :

# कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र ४, सिंहदरबारबाट

आर्थिक वर्ष : २०७३/०७४

कार्यालय : २७-३११-०६

ब.उप.शि.न. : ३११०१२३

वार्षिक बजेट : रु. ३,०२,९०,४५०।

वार्षिक निकासा/खर्च : रु. २,४१,४०,१५३।४०

पेश्की : रु.......................... / नभएको

आ.ले.प. बेरुजु : भए/नभएको

आ.ले.प. बेरुजु रकम : रु.......................

आ.ले.प. बेरुजु प्रतिवेदन : ....................... संलग्न छ।

पेश गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने

नेपाल सरकार

नेपाल कानून आयोग

आर्थिक वर्ष ७३/७४ को वार्षिक आर्थिक विवरण

बजेट उपशीर्षक नम्बर :३११०१२४

बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग पुँजिगत

| खर्च संकेत नम्बर | खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक | | रकमान्तरबाट | | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | थप | घट | | | | निकासा | बजेट | |
| २९३११ | फर्निचर तथा फिक्चर्स | २४०,०००.०० | | | ० | ० | २४०,०००.०० | २३९,५६०.०० | २३९,५६०.०० | | ४४० | |
| २९४११ | सवारी साधन | २००,०००.०० | | | ० | ० | २००,०००.०० | १८८,७००.०० | १८८,७००.०० | | ११,३००.०० | |
| २९५११ | मेशिनरी औजार | २४५,०००.०० | | | ० | ० | २४५,०००.०० | २४४,९९९.३० | २४४,९९९.३० | | ०.७ | |
| २९२३१ | पूँजिगत सुधार खर्च–भवन | ४५०,०००.०० | | | ० | ० | ४५०,०००.०० | ० | ० | | ४५०,०००.०० | |
| २९७१२ | सफ्टवेयर निर्माण र खरिद खर्च | २००,०००.०० | | | ० | ० | २००,०००.०० | १५५,९४०.०० | १५५,९४०.०० | | ४४,०६०.०० | |
| जम्मा रु. | | १,३३५,०००.०० | | | ० | ० | १,३३५,०००.०० | ८२९,१९९.३० | ८२९,१९९.३० | | ५०५,८००.७० | |

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगानाः

२. बैंक खाता नम्बरः

३. बैंक अनुसार बाकी : रु.

४. फर्छ्यौट हुन बाकी पेशकीः रु. ०

५. नगद मौज्दातः रु.

क. गत आर्थिक बर्षसम्मकोः रु. ०

६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकमः रु.

ख. यस आर्थिक बर्षको रु. ०

जम्मा रु. ०

म्याद नाघेको पेशकी रु. ....... ०

म्याद ननाघेको पेशकी रु. ....... ०

| तयार गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दर्जा : | दर्जा : | दर्जा : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : |

## <u>कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र ४, सिंहदरबार बाट</u>

| | |
|---|---|
| आर्थिक बर्ष: | २०७३/७४ |
| कार्यालय : | नेपाल कानून आयोग |
| बजेट उपशीर्षक नं. : | ३११०१२४ |
| बार्षिक बजेट : रु. | १३३५०००.०० |
| बार्षिक निकासा/खर्च : रु. | ८२९१९९.३० |
| पेश्की : रु. | ०.०० |

आ.ले.प. बेरुजु : देखिएको/नदेखिएको

आ.ले.प. बेरुजु रकम : रु.

आ.ले.प. बेरुजु प्रतिबेदन : .................. पाना संलग्न छ ।

पेश गर्ने      सिफारिस      प्रमाणित गर्ने

बजेट फारम नं. ६.४.१
र.पो.आ.फा.नं. १
पाना नं. १/३

# वार्षिक बिकास कार्यक्रम (संशोधित)

बजेट तर्जुमा सग सम्बन्धित आर्थिक प्रशासन नियम २०(१) बमोजिमको फारम

१. आ.ब. :- २०७३/७४
२. बजेट उपशिर्षक नं. :- ३११०१२
३. मन्त्रालय :- कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय
४. बिभाग / संस्था :- नेपाल कानून आयोग
५. कार्यक्रम/आयोजनाको नाम :- नेपाल कानून आयोग
६. स्थान :-
(क) जिल्ला :- काठमाण्डौं
(ख) गा.बि.स./न.पा./वडा नं. :-
७. आयोजना शुरु भएको मिति :- सालबसाली
८. आयोजना पुरा हुने मिति :- सालबसाली
९. आयोजना/कार्यालय प्रमुखको नाम :- रवि शर्मा अर्याल

१०. बार्षिक बजेट रु. :- ३०७.५०
(क) आन्तरिक (१) नेपाल सरकार :- ३०७.५०
(२) स्थानिय निकाय/ संस्था :-
(३) जनसहभागिता :-
(ख) बैदेशिक (१) अनुदान :-
(२) ऋण :-
(ग) सटही :-
(घ) दातृ संस्था :-

११. आयोजनाको कूल लागत :- शुरुको संशोधित
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) स्थानिय निकाय/ संस्था :-
(३) जनसहभागिता :-
(ख) बैदेशिक (१) ऋण :-
(२) अनुदान :-
१२. गत आ.ब.सम्मका खर्च रु.(सोभै भुक्तानी समेत)
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) स्थानिय निकाय/ संस्था :-
(३) जनसहभागिता :-
(ख) बैदेशिक (१) ऋण :-
(२) अनुदान :-

रू. लाखमा

| | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | ईकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ.ब.सम्मको | | बार्षिक लक्ष | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भारित प्रगति | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| अ) पूजिगत खर्च अन्तर्गतका कार्यक्रमहरू | | | | | | | | | | | | | | | | | | | | | |
| ८.२.९ | पूजिगत सुधार खर्च | | | | | | | | | | ४.५ | | | १.४९ | | | १.४९ | | | १.५२ | |
| ८.२.९.४ | कोठा तथा पर्खालमा रग रोगन(पूजिगत सुधार खर्च) | २९२३१ | व.मि. | | | | | | १०० | ३.१३ | ३.५० | ० | १.०४ | १.१६ | | १.०४ | १.१६ | | १.०५ | १.१८ | |
| ८.२.९.५ | बाथरूम (आवश्यक्तामा) (पूजिगतसुधार खर्च) | २९२३१ | वटा | | | | | | ३ | ०.८९ | १.०० | | ०.३० | ०.३३ | | ०.३० | ०.३३ | | ०.३० | ०.३४ | |
| ८.३.१ | कार्यालयको लागि फर्निचर फिक्सचर्स | | | | | | | | | | २.४० | | | | | २.१५ | २.४ | | | | |
| ८.३.१.११ | पर्दा (कार्यालयको लागि फर्निचर फिक्सचर्स) | २९३११ | थान | | | | | | १० | ०.०९ | ०.१० | | | | | ०.०९ | ०.१० | | | | |

लेखा अधिकृत

नेपाल कानून आयोग

| | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | ईकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ.ब.सम्मको | | बार्षिक लक्ष | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भारित प्रगति | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| ८.३.१.१२ | कार्पेट (कार्यालयको लागि फर्निचर फिक्सचर्स) | २९३११ | मी. | | | | | | ४ | ०.५८ | ०.६५ | | | | | ०.५८ | ०.६५ | | | | |
| ८.३.१.३ | रिभल्भिङ्ग कुर्सी (कार्यालयको लागि फर्निचर फिक्सचर्स) | २९३११ | संख्या | | | | | | ३ | ०.५४ | ०.६० | | | | | ०.५४ | ०.६ | | | | |
| ८.३.१.५ | अफिस टेबुल (कार्यालयको लागि फर्निचर फिक्सचर्स) | २९३११ | संख्या | | | | | | २ | ०.९४ | १.०५ | | | | | ०.३१ | ०.३५ | | | | |
| ८.४.४ | मोटर साईकल/स्कुटर | | | | | | | | | | २.०० | | | | | १.७९ | २.०० | | | | |
| ८.४.४.१ | मोटर साईकल/स्कुटर | २९४११ | संख्या | | | | | | १ | १.७९ | २.०० | | | | | १.७९ | २.०० | | | | |
| ८.५.१ | कार्यालय सचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार | | | | | | | | | | २.४५ | | | ०.३५ | | | १.७५ | | | | |
| ८.५.१.१४ | हिटर/पंखा/टेलिफोन सेट/हाइ डिस्क/क्यालकुलेटिङ्ग मेशिन आदि | २९५११ | थान | | | | | | १५ | ०.९४ | १.०५ | | ०.३१ | ०.३५ | | ०.३१ | ०.३५ | | ०.३१ | ०.३५ | |
| ८.५.१.३ | कम्प्युटर/ल्यापटप | २९५११ | थान | | | | | | २ | १.२५ | १.४० | | | | | १.२५ | १.४० | | | | |
| ८.८.२० | सफ्टवेयर खरीद | २९७१२ | थान | | | | | | | | २.०० | | | | | | २.०० | | | | |
| ८.८.२०.१ | सफ्टवेयर निर्माण/खरीद | २९५११ | थान | | | | | | १ | १.७९ | २.०० | | | | | १.७९ | २.०० | | | | |
| क) पूंजिगत खर्च कार्यक्रमको जम्मा | | | | | | | | | ९४३ | ११.९४ | १३.३५ | | १.६५ | १.६५ | | ८.६२ | ८.६४ | | १.६७ | १.६७ | |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरू | | | | | | | | | | | | | | | | | | | | | |
| २.९.६ | अन्य सामग्री | | | | | | | | | | १ | | | | | | १ | | | | |
| २.९.६.१ | विभिन्न कानुनी तथा समसामयिक पुस्तकहरु | २२३१३ | संख्या | | | | | | २० | ०.८९ | १.०० | | | | | ०.८९ | १.०० | | | | |
| २.१५.४० | अन्य | | | | | | | | | | १२.३० | | | ३१.१० | | | ४३.४१ | | | १६.८१ | |

पेज नं.२/४

| | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | ईकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ.ब.सम्मको | | बार्षिक लक्ष | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भौतिक प्रगति | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| २.१५.४०.१० | विविध (सूचना प्रकाशन/जनशक्ती विकास/मसलन्द आदी) | २२५२२ | पटक | | | | | | - | ०.८९ | १.०० | | | | | ०.५९ | ०.६६ | | ०.३० | ०.३४ | |
| २.१५.४०.११ | बिधेयक तर्जुमा | | | | | | | | ४ | १३.८६ | १५.५० | २ | ३.७६ | ४.२० | २ | ६.४४ | ७.२० | १ | ३.६७ | ४.१० | |
| २.१५.४०.१२ | वेबसाईट व्यवस्थापन(वेबसाईट अध्यावधिक गर्ने कार्य/अनुवाद/अनुवाद परिक्षण/टाईपिङ्ग/अपलोड/प्रुफ रिडिङ्ग) | २२५२२ | पेज | | | | | | २००० | १७.८८ | २०.०० | ३०० | २.६८ | ३.०० | १००० | ८.९४ | १०.०० | ७०० | ६.२६ | ७.०० | |
| २.१५.४०.१३ | अन्तरक्रिया/गोष्ठी | २२५२२ | पटक | | | | | | ८ | १३.४१ | १५.०० | २ | २.३२ | २.६० | ५ | ९.८३ | ११.०० | १ | १.२५ | १.४० | |
| २.१५.४०.१४ | अध्ययन अनुसन्धान | २२५२२ | पटक | | | | | | १४ | ४.४७ | ५.०० | | | | ९ | ३.१३ | ३.५० | ५ | १.३४ | १.५० | |
| २.१५.४०.१५ | क्षमता अभिवृद्धि (वैदेशिक भ्रमण/तालिम आदि) | २२५२२ | जना | | | | | | १२ | २२.३५ | २५.०० | | १९.०९ | २१.३५ | | ३.२६ | ३.६५ | | | | |
| २.१५.४०.१६ | प्रशिक्षार्थि सेवा लिने | २२५२२ | जना | | | | | | ५० | २.२४ | २.५० | १५ | ०.६७ | ०.७५ | २० | ०.८९ | १.०० | १५ | ०.६७ | ०.७५ | |
| २.१५.४०.१७ | कानूनको खारेजी/परिमार्जन/संशोधन र एकिकरण गर्ने सन्दन्धमा अध्ययन | २२५२२ | वटा | | | | | | २० | ३.४० | ३.८० | | | | ११ | १.७९ | २.०० | ९ | १.६१ | १.८० | |
| २.१५.४०.१८ | प्रकाशन | २२५२२ | संख्या | | | | | | २ | १.७९ | २.०० | | | | १ | १.७९ | २.०० | | | | |
| २.१५.४०.१९ | स्थापना दिवस | २२५२२ | पटक | | | | | | १ | २.२४ | २.५० | | | | | २.२४ | २.५० | | | | |
| २.१९.१. | अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च | २२६११ | | | | | | | | | ५.२० | | | | | | २.७० | | | २.५० | |
| २.१९.१.२ | अनुगमण मूल्याकन | २२६११ | पटक | | | | | | ४० | ४.६५ | ५.२० | | | | | २.४१ | २.७० | | २.२४ | २.५० | |
| ख) चालु खर्च कार्यक्रमको जम्मा: | | | | | | | | | ३१७४ | ८८.०६ | ९८.४० | ३१९ | २८.५२ | ३१.१० | १०४८ | ४२.२१ | ४७.२१ | ७११ | १७.३४ | १९.३९ | |
| ग) उपभोग खर्च | | | | | | | | | | | ११८.६१ | | | ३९.६० | | | ३९.६० | | | ३९.६१ | |
| घ) कार्यालय सञ्चालन तर्फ | | | | | | | | | | | ७६.८४ | | | २५.६१ | | | २५.६१ | | | २५.६२ | |

पेज नं ३/४

| | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | ईकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ.ब.सम्मको | | बार्षिक लक्ष | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भारित प्रगति | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | कुल जम्मा खर्च | | | | | | | | २१७४ | १००.०० | ३०७.५ | ३१९ | ११.२९ | ३९.० | १०४८ | १०९.१२ | १२२१ | ७३१ | १८.६९ | ८६.५ | |

तयार गर्नेको नाम, पद र दस्तखत
मिति :- २०७३/०३/०८

आयोजना/कार्यालय प्रमुखको दस्तखत
मिति :-

प्रमाणित गर्नेको नाम, पद र दस्तखत :-
मिति :-

# अनुसूची- ९

## आर्थिक वर्ष २०७३/७४ मा आयोगबाट मसौदा भई नेपाल सरकार समक्ष पेश भएका विधेयकको सूची

### (१) झुठ्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: न्यायिक कारबाहीमा झुठ्ठा अभिव्यक्ति दिने वा झुठ्ठा विवरण पेश गर्ने र शपथको उल्लंघन गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "झुठ्ठा अभिव्यक्ति निवारण ऐन, २०७३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम कुनै खास किसिमका मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ।

(ख) "झुठ्ठा अभिव्यक्ति" भन्नाले न्यायिक कारबाहीका सिलसिलामा सत्य कुरा व्यक्त गर्न शपथ लिएको कुनै व्यक्तिले भए गरेको सत्यतथ्य कुरा लुकाउने वा वास्तविक कुरामा परिवर्तन गर्ने वा नभए वा नगरेको कुनै अभिव्यक्ति, लिखत, विवरण वा प्रतिवेदन दिने काम सम्झनु पर्छ र सो शब्दले न्यायिक कारबाहीलाई विचलित गर्ने उद्देश्यले त्यस्तो कारबाहीका सिलसिलामा यस ऐन बमोजिम झुठ्ठा विवरण, लिखत, अभिव्यक्ति वा प्रतिवेदन दिने काम समेतलाई जनाउनेछ।

(ग) "न्यायिक कारबाही" भन्नाले कुनै अदालतमा विचाराधीन रहेको मुद्दाको सिलसिलामा कुनै व्यक्तिको बयान लिने वा वकपत्र गराउने, म्याद तामेल गर्ने, प्रमाण झिकाउने वा प्रमाण ग्रहण वा परीक्षण गर्ने कारबाही समेत सम्झनु पर्छ।

(घ) "मुद्दा" भन्नाले अदालतमा दायर भएको मुद्दा सम्झनु पर्छ र सो शब्दले उजूरी वा निवेदन बमोजिमको कारबाही समेतलाई जनाउनेछ।

नेपाल कानून आयोग

(ङ) "शपथ" भन्नाले न्यायिक कारबाहीका सिलसिलामा साँचो कुरा मात्र व्यक्त गर्छु भनी लिखित रुपमा गरेको प्रतिज्ञा सम्झनु पर्छ र सो शब्दले कुनै व्यक्तिले सार्वजनिक पद धारण गर्नुअघि लिएको शपथ समेतलाई जनाउनेछ ।

## परिच्छेद २
## न्यायिक कारबाहीसँग सम्बन्धित झुट्ठा अभिव्यक्ति सम्बन्धी कसूर

३. **झुट्ठा अभिव्यक्ति दिन नहुने**: (१) कसैले पनि न्यायिक कारबाहीको सिलसिलामा कुनै कुरा झुट्ठा हो भन्ने जानकारी हुँदा हुँदै वा जानकारी हुनुपर्ने मनासिब कारण हुँदा हुँदै झुट्ठा अभिव्यक्ति दिनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेकोमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४. **झुट्ठा अभिव्यक्ति दिन लगाउन नहुने**: (१) कसैले न्यायिक कारबाहीका सिलसिलामा कुनै कुरा झुट्ठा हो भन्ने जानकारी हुँदा हुँदै वा जानकारी हुनुपर्ने मनासिब कारण हुँदा हुँदै कुनै व्यक्तिलाई झुट्ठा अभिव्यक्ति दिन लगाउन वा झुट्ठा अभिव्यक्ति दिने कार्यमा प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेकोमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५. **झुट्ठा उजूरी दिन नहुने** : (१) कसैलाई क्षति पुऱ्याउने वा हैरान पार्ने वा न्यायिक कारबाहीमा विचलित गर्ने नियतले कसैले पनि कुनै अदालतमा झुट्ठा कुराको दावी लिई वा अभियोग लगाई कुनै व्यक्तिका बिरुद्ध उजूरी वा सूचना दिनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई जुन कसूरको सम्बन्धमा झुट्ठा अभियोग लगाएको हो त्यस्तो कसूरमा हुन सक्ने सजायको आधासम्म सजाय हुनेछ ।

तर नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) कसैले कुनै कसूरको अनुसन्धान वा अभियोजन गर्ने अधिकारी वा निकायमा गलत वा भ्रमपूर्ण जानकारी दिनु हुँदैन ।

(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई अनुसन्धान वा अभियोजन गर्ने अधिकारी वा निकायले तीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।



नेपाल कानून आयोग

तर त्यस्तो सजाय गर्नु अघि त्यस्तो व्यक्तिले भविष्यमा त्यस्तो कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरी क्षमा याचना गरेमा र त्यस्तो क्षमा याचना सन्तोषजनक देखिएमा निजलाई त्यस्तो अधिकारी वा निकायले सजाय नगर्न वा सजायमा थपघट गर्न सक्नेछ ।

(५) उपदफा (१) वा (३) बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई कुनै किसिमको हानि, नोक्सानी पुगेको रहेछ भने निजलाई सो बापत कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

६. **<u>झुट्टा बयान दिन वा वकपत्र गर्न नहुने</u>**: (१) कुनै न्यायिक कारबाहीको सिलसिलामा कसैले सत्य कुरा व्यक्त गर्ने शपथ लिई त्यस्तो कारबाहीसँग सम्बन्धित सत्य तथ्य कुरा जानी जानी लुकाई वा छिपाई झुट्टा बयान दिन वा वकपत्र गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिम झुट्टा बयान दिएमा वा वकपत्र गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिमको बयान वा वकपत्रलाई प्रमाणको रुपमा ग्रहण गरी निर्णय भइसकेको रहेछ भने त्यस हदसम्म त्यस्तो निर्णय वदर गर्नुपर्नेछ ।

७. **<u>झुट्टा अनुवाद गर्न नहुने</u>**: (१)कसैले अदालतको अनुमति लिई कुनै न्यायिक कारबाहीमा प्रयोग हुने कुनै लिखतको अनुवाद गर्दा वा न्यायिक कारबाहीमा दोभाषेको हैसियतमा काम गर्दा झुट्टा वा गलत अर्थ दिने गरी वा झुट्टा वा गलत तरिकाले अनुवाद गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिम अनुवाद गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

८. **<u>झुट्टा प्रमाण बनाई पेश गर्न नहुने</u>** : (१) कसैले न्यायिक कारबाहीको सिलसिलामा प्रमाणको रुपमा प्रयोग गर्ने वा गराउने नियतले कुनै झुट्टा प्रमाण, लिखत वा विद्युतीय अभिलेख बनाई पेश गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिम झुट्टा प्रमाण बनाई पेश गरेकोमा त्यस्तो प्रमाणको आधारमा निर्णय नहुदै जानकारीमा आएमा त्यस्तो प्रमाण रद्द गरी निजलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन कसूरको न्यायिक कारबाहीको सम्बन्धमा त्यस्तो प्रमाण पेश भएको हो त्यस्तो कसूरमा हुन सक्ने अधिकतम सजाय भन्दा बढी हुने गरी यस दफा बमोजिम सजाय गर्न सकिने छैन ।

९. **<u>अनधिकृत रुपमा म्याद बुझ्न नहुने</u>** : (१) कुनै न्यायिक कारबाहीको सिलसिलामा कुनै व्यक्तिका नाममा तामेल गर्न ल्याएको म्याद वा सूचना आफ्नो नामको नभएको वा आफूलाई बुझिलिन अख्तियारी नभएको थाहा हुँदा हुँदै गलत वा झुट्ठा तरिकाले अन्य कसैले बुझिलिन हुदैन ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना आफ्नो हो भनी बुझिलिने वा अख्तियारी नभएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम म्याद तामेल गर्ने कर्मचारी वा तामेल गराउनु पर्ने कर्तव्य भएको व्यक्तिले झुट्ठा वा गलत तरिकाले म्याद वा सूचना बुझाएको वा तामेल गरेको रहेछ भने निज उपर विभागीय कारबाही र सजाय हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि झुट्ठा वा गलत तरिकाबाट म्याद वा सूचना तामेल गरे वा गराएको कारणबाट सम्बन्धित व्यक्तिको प्रचलित कानून बमोजिम उपचार पाउने अधिकारलाई प्रतिकूल असर पर्ने छैन ।

१०. **<u>विशेषज्ञले झुट्ठा प्रतिवेदन दिन नहुने</u>**: (१) न्यायिक कारबाहीको सिलसिलामा प्रयोगशाला परीक्षण (प्याथोलोजिकल टेष्ट) गर्न वा अन्य कुनै विषयको परीक्षण वा अनुसन्धान गर्ने विशेषज्ञ वा इजाजतपत्र प्राप्त व्यक्तिले त्यसरी परीक्षण वा अनुसन्धान गर्दा प्राप्त नतिजा (फाईन्डिङ्ग) को प्रतिकूल हुने गरी झुट्ठा वा गलत प्रतिवेदन दिन वा परीक्षण वा अनुसन्धानबाट प्राप्त तथ्य भन्दा फरक तथ्य उल्लेख गरी प्रतिवेदन दिन हुँदैन ।

(२) उपदफा (१) बमोजिम झुट्ठा प्रतिवेदन दिएमा निजलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम दिएको प्रतिवेदन बमोजिम कसैलाई औषधि सिफारिस गरी सेवन गर्दा, चिरफार गर्दा वा उपचार गर्दा कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा त्यस्तो प्रतिवेदन दिने व्यक्तिलाई प्रचलित कानून बमोजिम हुने कारबाही र सजायलाई यस ऐनको व्यवस्थाले प्रतिकूल असर पारेको मानिने छैन ।

परिच्छेद ३

<u>शपथ प्रतिकूलका झुट्ठा अभिव्यक्ति सम्बन्धी कसूर</u>

११. **<u>शपथ लिएको व्यक्तिले झुट्ठा अभिव्यक्ति दिन नहुने</u>**: (१) कानून बमोजिम शपथ लिई सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति वा अधिकार प्राप्त अधिकारी समक्ष साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य

नेपाल कानून आयोग

भएको सार्वजनिक पदाधिकारी वा अन्य कुनै प्रयोजनका लागि शपथ लिएको कुनै व्यक्तिले त्यस्तो हैसियतमा झुट्टा अभिव्यक्ति दिनु हुदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

१२. **<u>शपथको उल्लंघन हुने कार्य गर्न नहुने</u>**: (१) कानून बमोजिम शपथ लिई सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति वा अधिकार प्राप्त अधिकारी समक्ष साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तब्य भएको सार्वजनिक पदाधिकारीले आफूले लिएको शपथको उल्लंघन हुने गरी कुनै पनि कार्य गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## परिच्छेद ४

## <u>विविध</u>

१३. **<u>बढी सजाय नहुने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जुन कसूरको सम्बन्धमा झुट्टा प्रमाण खडा भएको हो त्यस्तो कसूरमा हुन सक्ने अधिकतम सजाय भन्दा बढी हुने गरी यस ऐन अन्तर्गत सजाय हुने छैन ।

**१४.** **<u>थप सजाय हुने</u>**: (१) दफा १३ को अवस्थामा बाहेक कसैले यस ऐन बमोजिमको कसूरमा एकपटक सजाय पाइसकेपछि पुनः त्यस्तो कसूर गरेमा पटकै पिच्छे निजलाई तोकिएको सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(२) कसैले कुनै नाबालकलाई ललाइ फकाइ वा प्रलोभनमा पारी यस ऐन बमोजिमको कसूर गर्न लगाएमा निजलाई कसूर वापत हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(३) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई कसूर गरे बमोजिम हुने सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ ।

(४) यस ऐन अर्न्तगत सजाय हुने कसूर गर्न दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

१५. **<u>कसूर गरेको नमानिने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक कारबाहीको सिलसिलामा देहायको कुनै कुरा भएमा त्यस्तो कार्यलाई यस ऐन अर्न्तगत कसूर गरेको मानिने छैन :-



नेपाल कानून आयोग

(क) बयान, वकपत्र, विवरण वा प्रमाणबाट निर्णयमा तात्विक असर नपर्ने कुरा प्रमाणित भएमा,

(ख) बयान, वकपत्र, विवरण वा प्रमाण झुट्ठा भएको कुरा सम्बन्धित विषयमा निर्णय वा आदेश हुनु अगावै सम्बन्धित व्यक्तिले लिखित रुपमा स्वीकार गरी अदालतमा क्षमा याचनाको निवेदन गरेमा,

(ग) कुनै व्यक्तिले कानूनी प्रश्नमा आफ्नो राय, मन्तव्य वा व्याख्या प्रकट गरेको भएमा,

(घ) कानून व्यवसायीले कुनै वारदात वा विषयवस्तुको तथ्यलाई यथार्थ रुपमा अभिव्यक्त गरी आफ्नो पक्षको बचाउको लागि त्यसको व्याख्या वा प्रयोग अन्यथा हुनुपर्ने भनी जिकिर लिएकोमा,

(ङ) आफूले गरेको कामको परिणाम थाहा नपाउने गरी होस ठेगानमा नरहेको व्यक्ति वा नाबालकले कुनै अभिव्यक्ति दिएकोमा,

(च) कसैले एकासगोलका परिवारका सदस्य वा पति वा पत्नी, छोरा, छोरी वा बाबु, आमाको बचाउको लागि कुनै कुरा लुकाई अभिव्यक्ति दिएकोमा ।

१६. **हदम्याद**: यस ऐन अर्न्तगत सजाय हुने कसूरको सम्बन्धमा कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिनाभित्र उजूरी दिनु पर्नेछ ।

१७. **मुद्दा हेर्ने अधिकारी**: यस ऐन बमोजिम कसैले मुद्दा दायर गर्न चाहेमा देहायको अदालतमा मुद्दा दायर गर्नु पर्नेछः–

(क) जुन मुद्दाको न्यायिक कारबाहीको सिलसिलामा यस ऐन अन्तर्गतको कसूर गरेको हो त्यस्तो मुद्दा किनारा भईनसकेको अवस्थामा त्यस्तो मुद्दा रहेको अदालत,

(ख) मुद्दाको फैसला भइसकेको तर पुनरावेदनको म्याद बाँकी छदै कसूर गरेको कुराको जानकारी हुन आएमा शुरु मुद्दा हेर्ने अदालत,

तर त्यस्तो मुद्दाको पुनरावेदन परेकोमा त्यस्तो अदालतले पुनरावेदन सुन्ने अदालतमा पठाउनुपर्नेछ ।

(ग) पुनरावेदन परेपछि कसूर गरेको कुराको जानकारी हुन आएमा पुनरावेदनको सुनुवाई गर्ने अदालत,

(घ) शपथ प्रतिकूलका झुट्ठा अभिव्यक्ति सम्बन्धी कसूर गरेकोमा सम्बन्धित जिल्ला अदालत ।

१८. **प्रचलित कानून अनुसार कारबाही गर्न बाधा नपर्ने**: यस ऐन विपरित गरेको कुनै कामका सम्बन्धमा अन्य कानून बमोजिम पनि सजाय हुने रहेछ भने निज उपर कानून बमोजिम कारबाही गर्न यस ऐनले बाधा पुर्‍याएको मानिने छैन ।

१९. **नेपाल सरकार वादी हुने**: यस ऐन बमोजिमका मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

२०. **नियम बनाउने अधिकार**: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

## (२) संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** संक्षिप्त कार्यविधि ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "संक्षिप्त कार्यविधि (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा २ मा संशोधन :** संक्षिप्त कार्यविधि ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "उजूरी" भन्नाले अदालतमा दायर हुने फिरादपत्र, निवेदन, नालिस वा दावी वा प्रतिदावी सम्झनु पर्छ र सो शब्दले फौजदारी मुद्दामा अभियोग पत्र समेतलाई जनाउँछ ।"

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेका "एक हजार रुपैयाँसम्म मोल वा बिगो" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म मूल्य वा विगो" र "एक हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) यस ऐन बमोजिमको कार्यविधि अपनाई कारवाही र किनारा गर्ने प्रचलित कानून बमोजिमको अन्य मुद्दा ।"

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) दफा (१) को खण्ड (क), (ख), वा (ग) बमोजिमको मुद्दामा क्षतिपूर्ति भराउनु पर्ने भएमा त्यस्तो विषयमा पनि उपदफा (१) बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।"

(४) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा" भन्ने शब्दहरु र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखिएका छन् ।

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. <u>उजूरी</u>: (१) कसैले फिरादपत्र नदिई प्रमाण खुलाई लिखित वा मौखिक उजूरी दिएमा त्यस्तो उजूरी अदालतको सम्बन्धित कर्मचारीले अनुसूची -२क बमोजिमको ढाँचामा तयार गरी दर्ता गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरीमा आवश्यक भए बयान समेत गराई सोही आधारमा कारवाही गर्नु पर्नेछ । "

५. **<u>मूल ऐनको दफा ५ मा संशोधन :</u>** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उजूरीको दावी नै लाग्न नसक्ने, उजूरी विश्वसनीय नदेखिएमा वा उजूरी प्रमाणित हुने पर्याप्त प्रमाण नभएमा सम्बन्धित उजूरवालालाई त्यसको कारण खुलाई सात दिनभित्र प्रमाण पेश गर्न अदालतले आदेश दिनेछ । "

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) बमोजिमको म्यादभित्र उजूरवालाले प्रमाण पेश गर्न नसकेमा वा पेश भएको प्रमाणबाट उजूरी प्रमाणित हुन नसक्ने देखिएमा अदालतले कारण खुलाई त्यस्तो उजूरी खारेज गर्न सक्नेछ ।"

६. **<u>मूल ऐनको दफा ७ मा संशोधन :</u>** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) मा रहेको "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" र "नगरक्षेत्र" भन्ने शब्दको सट्टा "नगरपालिका क्षेत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "अदालतले पच्चीस रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित अदालतले पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) पछि देहायको उपदफा (४),(५),र (६) थपिएका छन् :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको नाउँमा कुनै समाव्हान वा इतलायनामामा तामेल गर्दा पक्षको कुनै लिखित अभिलेख रहन सक्ने विद्युतीय माध्यमद्धारा म्याद, इतलायनामा वा सूचना दिन सकिने व्यवस्था भएको रहेछ भने त्यस्तो माध्यम प्रयोग गरी तामेल गर्न सकिनेछ ।

(५) मुद्दाको पक्ष सरकारी कार्यालय वा संगठित संस्थामा कार्यरत कर्मचारी भएमा निजलाई इतलायनामा वा समाव्हान बुझाउन जाँदा बुझी नलिएमा वा निज कार्यालयमा फेला नपरेमा सम्बन्धित कार्यालयमा पनि बुझाउन सकिनेछ ।

(६) उपदफा (२), (४) र (५) बमोजिम समाव्हान वा इतलायनामा तामेल गर्दा तामेल हुन नसके राष्ट्रियस्तरको दैनिक पत्रिकामा सात दिनको म्याद सहितको सूचना प्रकाशन गरी तामेली गरिनेछ र यसरी दिइएको सूचना वा भएको म्याद तामेली रीतपूर्वक भए वा गरेको मानिनेछ ।"

७. **<u>मूल ऐनको दफा ११क. मा संशोधन :</u>** मूल ऐनको दफा ११क. को,-

(१) उपदफा (१) पछि देहायको उपदफाहरु (१क), (१ख) र (१ग) थपिएका छन् :

"(१क) अदालतले फैसला हुनुभन्दा अगाडि मुद्दाका पक्षहरुलाई दावी वा प्रतिवादको विगो बाहेक मुद्दामा भएको वास्तविक खर्चको प्रमाण सहितको विवरण पेश गर्न आदेश दिनेछ ।

(१ख) उपदफा (१क) बमोजिम पेश गरेको विवरणको आधारमा अदालतले फैसला गर्दा हार्ने पक्षबाट जित्ने पक्षले व्यहोरेको मनासिव खर्च भराई दिनु पर्नेछ ।

(१ग) न्यायाधीशले फैसला भएपछि पन्ध्र दिनभित्र सम्बन्धित फाँटमा फैसलाको पूर्णपाठ पठाउनु पर्नेछ ।"

(२) ठाउँठाउँमा रहेका "झगडिया" भन्ने शब्दको सट्टा "मुद्दाका पक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

८. **<u>मूल ऐनको दफा १२ मा संशोधन :</u>** मूल ऐनको दफा १२ को उपदफा (१) मा रहेका "सामान्य कार्यविधि" भन्ने शब्दहरुको सट्टा "विशेष कार्यविधि वा सामान्य कार्यविधि" भन्ने शब्दहरु राखिएका छन् ।

९. **<u>मूल ऐनको दफा १४ मा संशोधन :</u>** मूल ऐनको दफा १४ को उपदफा (३) को खण्ड (ख), (ग), (घ), (च), (छ), (ज) र (ञ) झिकिएका छन् ।

१०. **<u>मूल ऐनको अनुसूची १ मा संशोधन :</u>** मूल ऐनको अनुसूची-१ को,-

(१) खण्ड ४,५,७,८,९,१२ र १४ झिकिएका छन् ।

(२) खण्ड १६ पछि देहायका खण्ड १६क.

(३) खण्ड १७ को उपखण्ड (छ) पछि देहायको उपखण्ड (छक) थपिएको छ :

"(छक) धर्मपुत्र, धर्मपुत्रीको महल अन्तर्गतको मुद्दा ।"

(४) खण्ड १७ को उपखण्ड (ज) झिकिएको छ ।

११. **<u>मूल ऐनमा अनुसूची २क थप :</u>** मूल ऐनको अनुसूची २ पछि अनुसूची २क थपिएको छ ।

नेपाल कानून आयोग

**अनुसूची- २क**
**श्री ...............जिल्ला अदालतमा पेश गरेको**
**उजूरी पत्र**

**विषय :- उजूरी दर्ता गराई पाऊँ ।**

**........**को छोरा/छोरी..........जिल्ला...........न.पा/गा.वि.स......वडा.नं....... बस्ने बर्ष..........को...........१
**निवेदक**

विरुद्ध

**........**को छोरा/छोरी........जिल्ला..........न.पा/गा.वि.स..........वडा.नं. ...... बस्ने बर्ष..........को.........१
**विपक्षी**

**मुद्दा :-**

म निम्न प्रकरणहरुमा लेखिए बमोजिम उजूरी गर्दछु ।
१.
२.
३.
४.
५.
६. यसै अदालतको अधिकार क्षेत्रभित्र पर्दछ ।
७. निम्नानुसारको दस्तुर यसै साथ बुझाउन ल्याएको छु ।
(क).................बापत रु..............
(ख).................बापत रु..............
(ग)..................बापत रु................
८. हाल कानून व्यवसायी नियुक्त गरेको छु । छैन ।
९. प्रमाण :-
१०. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

उजूरीकर्ताले मौखिक रुपमा भने बमोजिम उजूरी तयारी गरेको व्यहोरा साँचो हो भनी सही गर्ने :-
नाम :-
दर्जा :-
दस्तखत :-
मिति :-

........................

ईति सम्वत् २०७.........................साल ............ गते रोज.......... शुभम् ............................

नेपाल कानून आयोग

## (३) **उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**

**प्रस्तावना :** गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको नैसर्गिक संवैधानिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न, अनुचित व्यापारिक कृयाकलापलाई निवारण गरी स्वच्छ बजार संरक्षण गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपयुक्त संयन्त्रको निर्माण गर्न उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "उपभोक्ता संरक्षण ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अदालत" भन्नाले दफा ४० बमोजिमको उपभोक्ता अदालत सम्झनु पर्दछ ।

(ख) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले दफा १६ बमोजिमको कुनै क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "उत्पादन" भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रसोधन गर्ने, परिणत गर्ने, सम्मिश्रण गर्ने, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने, एसेम्बलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया वा त्यस सम्बन्धमा अपनाईने कुनै वा सबै प्रक्रिया सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले उपभोक्ताको हक हित संरक्षण र सम्बर्द्धनको उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

(च) "विक्रेता" भन्नाले उपभोक्तालाई थोक वा खुद्रा रुपमा सिधै वस्तु विक्रि वितरण गर्ने पसल सम्झनु पर्छ ।

(छ) "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्छ :-

(१) दफा ६ मा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(३) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(४) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, संचय, भण्डारण वा बिक्री गरिएको,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको,

नेपाल कानून आयोग

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको आदेशमा तोकिएको न्यूनतम भन्दा कम गुणस्तर वा अधिकतम गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तरभन्दा बढी भएको ।

(ज) “केन्द्रीय समिति” भन्नाले दफा २७ बमोजिम गठन हुने केन्द्रीय बजार अनुगमन निर्देशन समिति सम्झनु पर्छ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) “निरीक्षण अधिकृत” भन्नाले दफा ३० बमोजिम नियुक्त वा तोकिएको निरीक्षण अधिकृत सम्झनु पर्छ ।

(ट) “प्रयोगशाला” भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उद्देश्यले स्थापना भएको नेपाल सरकारबाट मान्यता प्राप्त निकाय सम्झनु पर्छ ।

(ठ) “मन्त्रालय” भन्नाले आपूर्ति मन्त्रालय सम्झनु पर्दछ ।

(ड) “लेबल” भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ढ) “वस्तु” भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको साइड इफेक्ट नगर्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(ण) “विक्रेता” भन्नाले थोक वा खुद्रा रूपमा उपभोग्य वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्था सम्झनु पर्छ र सो शब्दले सेवा प्रदायक वा विक्रेता समेतलाई जनाउनेछ ।

(त) “विभाग” भन्नाले आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग सम्झनु पर्दछ ।

(थ) “सेवा” भन्नाले उपभोक्ताले आवश्यक पर्ने विद्युत, खानेपानी, टेलीफोन, सूचना प्रविधि, स्वास्थ्य, यातायात, ढल निकास, बैंकिङ्ग वा त्यस्तै प्रकृतिका अन्य सेवा सम्झनु पर्छ र सो शब्दले कानूनी, चिकित्सा वा इन्जिनियरिङ सेवा समेतलाई जनाउनेछ ।

(द) “त्रुटीपूर्ण उत्पादन” भन्नाले कुनै वस्तुमा गुणस्तर, परिमाण, मात्रा, शुद्धता, मानक वा लेबल दावि गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २

## उपभोक्ता संरक्षण सम्बन्धी सामान्य व्यवस्था

३. **उपभोक्ताको अधिकार संरक्षण तथा सम्बर्द्धन**: (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार प्राप्त हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित उपभोग्य वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उत्पादक, पैठारीकर्ता वा विक्रेताबाट जानकारी पाउने अधिकार,

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) अनुचित व्यापारिक क्रियाकलाप विरुद्ध उचित कानूनी कारबाही गराउने अधिकार,

(छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(ज) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा सक्षम अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,

(झ) उपभोक्ता शिक्षाको अधिकार ।

(३) उपभोक्ता हक हितको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी नेपाल सरकार तथा अन्य उपयुक्त अधिकारीको हुनेछ ।

(४) यस ऐन बमोजिमको अधिकारको प्रचलनका लागि प्रत्येक उपभोक्तालाई कानून
बमोजिम उपचार पाउने हक हुनेछ ।

४. **उपभोक्ताको अधिकार संरक्षण गर्न वस्तु वा सेवाको नियमन**: (१) नेपाल सरकारले उपभोक्ताको अधिकार संरक्षण गर्न नियमित रुपमा उपभोग्य वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा मन्त्रालयले देहायका काम गर्नेछ :-

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) देश भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजार कायम गर्ने,

(घ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई उचित मूल्य र सहज रुपमा खाद्य तथा अन्य उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनी मार्फत आपूर्तिको व्यवस्था सहज गर्ने,

(च) कुनै ठाँउ विशेषको लागि तोकिएको अवधिका लागि अधिकतम मौज्दातको परिणाम तोक्ने,



नेपाल कानून आयोग

(छ) नेपालभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको मूल्यमा उत्पादकसंगबाट खाद्य वस्तु प्राप्त गर्ने र त्यसको सर्वसाधारणलाई बिकि गर्ने,

(ज) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको हक हित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(ञ) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सृजना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(३) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपाल सरकारले समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यवस्था तोकिए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

५. **<u>उपभोग्य वस्तु वा सेवाको गुणस्तर</u>**ः (१) कुनै उपभोग्य वस्तुमा अन्तरनिहित कुनै पदार्थको गुणस्तर वा मापदण्ड निर्धारण भएको रहेछ भने नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको मापदण्ड निर्धारण तोकिए बमोजिमको प्रक्रिया पूरा गरी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोग्य वस्तु वा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गरेको विषयको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

६. **<u>उपभोग्य वस्तुको लेवलमा उल्लेख गर्नुपर्ने कुरा</u>**ः (१) उत्पादकले आफूले उत्पादन गरेको वस्तुको लेबलमा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछ :-

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामाग्री जस्ता उपभोग्य वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तु भएमा त्यस्तो वस्तुको गुणस्तर,

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट)**,**

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने वस्तु भए त्यस्तो अवधि र सोको मिति,

(च) उपभोग्य वस्तुको बिकि मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने उपभोग्य वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धीत कानून बमोजिम अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटी देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) उपभोग्य वस्तुमा लाग्ने सबै प्रकारका कर समावेश गरी हुन आउने अधिकतम खुद्रा बिक्री मूल्य,

(ट) कुनै उपभोग्य वस्तु प्रयोग गर्नु पूर्व कुनै प्रक्रिया पूरा गर्नु पर्ने भए त्यस्तो प्रक्रिया र त्यस्तो प्रक्रिया नपुऱ्याई प्रयोग गर्दा हुन सक्ने हानी नोक्सानी,

(ठ) मानव स्वास्थ्यलाई हानी पुऱ्याउने खालका पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,

(ड) तोकिए बमोजिमका अन्य कुरा ।

(२) उपभोग्य वस्तुमा उपदफा (१) बमोजिम लेबलिङ्ग गर्दा स्पष्ट र सर्वसाधारणले बुझ्ने गरी उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका लेबलमा उल्लेख गर्नु पर्ने कुरा नेपालभित्र उत्पादन भएका वस्तु भए नेपाली र अङ्ग्रेजी भाषामा लेखिनु पर्नेछ र पैठारी भएको वस्तु भए उत्पादकले नेपाली वा अङ्ग्रेजी भाषामा लेबलिङ्ग गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेबलिङ्ग नगरिएको उपभोग्य वस्तु नेपालमा पैठारी गर्न पाइने छैन ।

(५) उपदफा (१) बमोजिम लेबलमा उल्लेख गरिनु पर्ने कुरा उल्लेख नगरिएको वस्तु कसैले पैठारी गरेकोमा त्यस्तो वस्तुको प्रयोगबाट हानी नोक्सानी हुन गएमा त्यस्तो वस्तु पैठारी गरेको व्यक्ति वा संस्था सो हानी नोक्सानीको लागि जिम्मेवार हुनेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रुपमा बिक्रि गरिने तरकारी, फलफूल जस्ता उपभोग्य वस्तु विक्री गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गर्न आवश्यक हुने छैन ।

## परिच्छेद ३

## उपभोग्य वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व

७. **उत्पादकको दायित्व :** (१) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पदकले उपभोग्य वस्तु उत्पादन गर्दा कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ :-

(क) गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,

(ख) वस्तुको लेबल निर्धारण गर्ने,

(ग) लेबलमा दफा ६ बमोजिमका कुरा उल्लेख गर्ने,

(घ) त्रुटिपूर्ण उत्पादन नगर्ने,

(ङ) आफूले उत्पादन गरेको वस्तु त्रुटिपूर्ण उत्पादन भइ त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने,

(च) वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको क्षतिपूर्ति दिने,

(छ) वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने,

(ज) न्यून गुणस्तर वा कमसल वस्तुको उत्पादन नगर्ने,

(झ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित उपभोग्यवस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उपभोक्तालाई जानकारी दिनुपर्ने,

नेपाल कानून आयोग

(ञ) कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने ।

(२) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेको वा कुनै वस्तुको उत्पादन, निर्माण, प्रशोधन, डिजाइन, सूत्र, तयारी, बजार पैठारी, प्याकिङ्ग, लेबलिङ्गको कममा भएको कुनै त्रुटी, कमि कमजोरी (डिफेक्ट) को कारण त्यस्तो वस्तु वा सेवा उपभोग गर्दा कसैको जिउ, ज्यान, सम्पत्तिमा हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी वापत वस्तु वा सेवाको उत्पादक जिम्मेवार हुनेछ र त्यस वापत क्षतिपूर्ति दिने दायित्व निजको हुनेछ ।

तर,

१. दावि लिएको हानी नोक्सानी उत्पादित वस्तुको उपभोगबाट भएको हो भन्ने पुष्टि प्रत्यक्ष प्रमाणको आधारमा हुनेछ ।

२. उत्पादकलाई जिम्मेवार बनाउन जुन वस्तु वा सेवाको उपभोगको कारण हानी नोक्सानी पुगेको हो त्यस्तो वस्तुको वास्तविक उत्पादक हुनु पर्नेछ र उत्पादकलाई जिम्मेवार बनाउन भएको हानी नोक्सानीका बारेमा उत्पादक लाई जानकारीमा रहेको कुरा पर्याप्त प्रमाणबाट पुष्टि हुनु पर्नेछ ।

८. **पैठारीकर्ताको दायित्व** : (१) उपभोग्य वस्तुको पैठारी गर्ने पैठारीकर्ताले त्यस्तो वस्तु पैठारी गर्दा कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ :-

(क) उपभोग्य वस्तु मात्र पैठारी गर्ने,

(ख) परल मूल्य भन्दा बढी वा फरक नपर्ने गरी पैठारी गर्नुपर्ने,

(ग) पैठारी गरिएको उपभोग्य वस्तुको किसिम, परिमाण, गुणस्तर र उत्पादन सम्बन्धी सम्पूर्ण विवरण नियमनकारी निकाय वा अन्य अधिकारीले मागेका बखत उपलब्ध गराउने,

(घ) कानूनले तोके बमोजिमका वस्तु बाहेक पैठारी गर्न नहुने,

(ङ) उपभोग्य वस्तुको पैठारी सम्बन्धमा कानून बमोजिम अन्य दायित्व पूरा गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुको गुणस्तर वा प्रकृति बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक पैठारी भएको मितिबाट छ महिना पछि उपभोग गर्न नहुने वा नसकिने वा त्यस्तो अवधि समाप्त भएपछि उपभोग गर्न नमिल्ने वस्तु पैठारी गर्न सकिने छैन ।

९. **ढुवानीकर्ताको दायित्व** : उपभोग्य वस्तु ढुवानी गर्ने ढुवानी कर्ताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ :-

(क) ढुवानी गरिने उपभोग्य वस्तुको प्रकृति अनुसार निर्धारित अवधि भित्र नै ढुवानी गर्नु पर्ने,

(ख) ढुवानी गर्दा उपभोग्य वस्तुको गुणस्तरमा ह्रास आउन नदिने,

(ग) ढुवानीकर्ता तोकिएको योग्यता अनुसारको हुने र तोकिएको भन्दा बढि ढुवानीका साधनको संख्या नहुने,

(घ) ढुवानी गर्दा तोकिए बमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नु पर्ने शर्तहरु पालन गर्ने,

(ङ) सम्बन्धित निकायले माग गरेको वखत उपभोग्य वस्तुको विवरण उपलब्ध गराउने,

(च) ढुवानीकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

१०. **संचयकर्ताको दायित्व** : उपभोग्य वस्तुको संचय गर्ने संचयकर्ताले कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ :-

(क) उपभोग्य वस्तु संचय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाउने,
(ख) तोकिएको सुरक्षात्मक व्यवस्था अपनाउने,
(ग) गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने,
(घ) उत्पादकद्वारा उल्लेख भएका वस्तुको विवरणलाई कुनै पनि किसिमले फेरबदल नगर्ने,
(ङ) सम्बन्धित निकायले माग गरेको वखत त्यस्ता वस्तुको संचयसँग सम्बन्धित विवरण उपलब्ध गराउने,
(च) संचयकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

**११. विक्रेताको दायित्व** : उपभोग्य वस्तुको खुद्रा विक्रि गर्ने विक्रेताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछः-

(क) विना भेदभाव उपभोक्तालाई उपभोग्य वस्तुको विक्रि गर्ने,
(ख) वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रुपमा राख्ने र सुरक्षित रुपमा विक्रि गर्ने,
(ग) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी देख्ने ठाँउमा उपभोग्य वस्तुको मूल्य सूचि राख्ने,
(घ) सम्बन्धित निकायले माग गरेका वखत आफूसँग रहेको उपभोग्य वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउने,
(ङ) उपभोग्य वस्तुमा कुनै किसिमको ग्यारेन्टी, वारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्था पालना गर्ने,
(च) पहिले आउने उपभोक्तालाई पहिले उपभोग्य वस्तु विक्री गर्ने,
(छ) उपभोग्य वस्तु विक्री गरेपछि त्यसको बील वा रसीद दिने ।

**१२. सेवा प्रदायकको दायित्व** : उपभोक्तालाई सेवा प्रदान गर्ने सेवा प्रदायकले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ :-

(क) विना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,
(ख) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी सबैले देख्ने ठाँउमा आफूले प्रदान गर्ने सेवाको सूचि तथा त्यसको मूल्य सूचि राख्ने,
(ग) सम्बन्धित निकायले माग गरेका वखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,
(घ) पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,
(ङ) उपभोक्तालाई सेवा प्रदान गरे वापतको रकम लिएपछि त्यसको बील वा रसीद दिने,
(च) अन्य दायित्व तोकिए बमोजिम हुने ।

**१३. बजारको तह निर्धारण गर्ने:** नेपाल सरकारले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ तथा पारदर्शि बनाउन तोकिएको वस्तु वा सेवाको लागि तोकिए बमोजिम बजारको तह निर्धारण गर्नेछ ।

**१४. उपभोग्य वस्तु फिर्ता गर्न सकिने:** कसैले विक्रेताबाट खरिद गरेको कुनै उपभोग्य वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र खरिद गरेको त्यस्तो विक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा विक्रेताले मूल्यमा कटौति गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा त्यस्तो उपभोग्य वस्तु खरिद गर्दाका बखत विक्रेताले दिएको बिल वा रसिद देखाउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको उपभोग्य वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिने छैनः-

(क) खरिद भइसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा,

(ख) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा,

(ग) दूध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडि, गली जाने प्रकृतिका वस्तु भएमा,

(घ) प्याकेजिङ्गमा रहेको वस्तु भए प्याकेजिङ्ग खोलेमा,

(ङ) खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिलबन्दी गरेको उपभोग्य वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु एक महिनाभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ ।

**१५. बिल वा बिजक राख्नु पर्ने** : (१) उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता र बिक्रेताले बिक्री प्रयोजनको लागि खरिद गरेका वस्तु वा सेवाको उत्पादक वा खरिद बिल वा बिजक आफूसँग राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिल वा बिजक सम्बन्धित अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४
## निषेधित कामहरु

**१६. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने** : (१) कसैले पनि अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि उपभोक्ताको अधिकार हनन् हुने वा स्वच्छ बजारका नियम उल्लंघन हुने गरी कसैले देहायको कुनै काम गरेमा अनुचित व्यापारिक क्रियाकलाप गरेको मानिनेछः-

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा प्रतिकूल असर पारी वा भ्रमपूर्ण विज्ञापन गरि बिक्री गर्ने ,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ विक्रि गर्ने,

(२) पुर्ननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाइ वा झुक्याई विक्रि गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको विक्रि गर्दा मिथ्या र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार विना नै त्यस्तो वस्तुको दावी वा प्रत्याभुती गर्ने वा विक्रि गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा विक्रि गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको विक्रि गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानी नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा संचय वा विक्रि गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित संचय वा कृतिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा विक्रि गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी विक्रि गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्ने नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको विक्रि गर्ने,

(ञ) विक्रि गरेको वस्तु वा सेवाको विल वा विजक जारी गर्न इन्कार गर्ने वा विल वा वीजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी नोक्सानी वा क्षति पुग्ने गरि बिषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु विक्रि गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु विक्रि गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा विक्रि गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, संचयकर्ता वा विक्रेताको वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट दफा १७ को उपदफा (१) को प्रतिकूल हुने गरी मूल्य निर्धारण गर्ने वा विक्रि गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा विक्रि गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा श्रृंखला खडा गरी विक्रि वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा विक्रि वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी विक्रि गर्ने ।

१७. **माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने** : (१) कसैले पनि कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्रि वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले कुनै व्यक्ति, संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुँदैनः-

(क) कुनै उपभोग्य वस्तुको उत्पादनकालागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र उपभोग्य वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने ।

१८. **उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम** : कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) कमसल उपभोग्य वस्तुको जानी जानी उत्पादन, बिक्री वा पैठारी गर्ने,

(ख) कुनै उपभोग्य वस्तुको नक्कली वस्तु उत्पादन वा पैठारी गरी उपभोक्तालाई झुक्याउने,

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्ने,

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रमात्मक सूचना प्रचार प्रसार गर्ने वा विज्ञापन गर्ने,

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्ने,

(च) एकै प्रकृतिका विभिन्न वस्तु उत्पादन, पैठारी वा विक्री गर्ने व्यापारी वा व्यापारिक समूहहरू मिली त्यस्तो उपभोग्य वस्तुको अभाव सिर्जना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्ने,

(छ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलोमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा संचालन गर्ने,

(झ) एउटा उपभोग्य वस्तु खरिद गर्दा अर्को उपभोग्य वस्तु पनि अनिवार्य रूपमा खरिद गर्नै पर्ने व्यवस्था गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१९. **स्वच्छ प्रतिस्पर्धामा अवरोध गर्न नहुने** : कसैले पनि स्वच्छ बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुऱ्याउने कार्य गर्न वा गराउन हुदैन ।

## परिच्छेद ५

## उपभोग्य वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी व्यवस्था

२०. **अत्यावश्यक खाद्य तथा अन्य वस्तु र सेवाको सूचि** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु वा सेवाको सूचि निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचिमा अत्यावश्यक खाद्य तथा अन्य उपभोग्य वस्तु वा सेवाको अधिकतम मूल्य समेत तोक्नु पर्नेछ ।

(३) विक्रेताले उपदफा (१) बमोजिमको वस्तु वा सेवा विक्री गर्दा उपदफा (२) बमोजिमको मूल्यभन्दा बढी हुने गरी विक्री गर्न वा गराउनु हुदैन ।

२१. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नु पर्ने** : (१) उत्पादकले प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको उत्पादन मूल्य स्पष्ट रुपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उपभोग्य वस्तु उत्पादन गर्ने उत्पादक उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यावसायको हकमा व्यावसाय दर्ता प्रमाणपत्र बिक्री स्थलमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

(३) दफा २१ बमोजिमको मूल्यको आधारमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी केन्द्रमा भए विभाग र जिल्लामा भए सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मूल्य सूचना केन्द्र स्थापना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्थापित मूल्य सूचना केन्द्रलाई सम्बन्धित जिल्लाको उत्पादकले वस्तुको कारखाना मूल्य र थोक वा खुद्रा व्यापारीले सम्बन्धित वस्तुको थोक वा खुद्रा मूल्य अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

२२. **उपभोग्य वस्तु वा सेवाको मूल्यको मापदण्ड निर्धारण गर्ने व्यवस्था** : (१) उपभोक्ताको हक हित संरक्षणका लागि तोकिए बमोजिमको निकायले तोकिए बमोजिमको वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण सम्बन्धी मापदण्ड तयार गर्दा उपभोग्य वस्तुको उत्पादन लागत, ढुवानी खर्च, पैठारीकर्ताले कानून बमोजिम बुझाएको भन्सार, कर, दस्तूर र उपभोग्य वस्तु बिक्री गर्दा तोकिएको प्रतिशतभन्दा बढी नहुने गरी बिक्रेताले लिन पाउने मुनाफा रकम समेतलाई आधार मान्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिए बमोजिमको निकायले कुनै सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड तयार गर्दा त्यस्तो सेवा प्रदान गर्ने व्यक्तिको नियमन गर्ने वा आचरण तथा काम कारबाही व्यवस्थित गर्ने कानून बमोजिम कुनै निकाय वा अधिकारीले गरेको भए त्यस्तो निकायले निर्धारण गरेको मापदण्ड बमोजिम त्यस्तो निकाय वा अधिकारी भए पनि निर्धारण नगरेको अवस्थामा त्यस्तो निकाय वा अधिकारीको परामर्श लिनुपर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम मूल्य निर्धारण सम्बन्धी मापदण्ड तयार गर्दा त्यस्तो सेवा प्रदान गरे बापत लिन पाउने अधिकतम मूल्य भौगोलिक क्षेत्र तथा ठाउँ विशेषको आधारमा फरक फरक हुने गरी निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद ६

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

२३. **उपभोक्ता संरक्षण परिषद्को गठन** : (१) उपभोक्ताको अधिकार संरक्षण तथा कार्यान्वयन गर्ने विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा यस ऐन बमोजिम अन्य काम गर्नको लागि एक उपभोक्ता संरक्षण परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन् :-

(क) आपूर्ति मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) सचिव, आपूर्ति मन्त्रालय -सदस्य

(ग) सचिव, वाणिज्य मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग मन्त्रालय -सदस्य

(ङ) सचिव, कृषि विकास मन्त्रालय -सदस्य

(च) सचिव, अर्थ मन्त्रालय -सदस्य
(छ) सचिव,गृह मन्त्रालय -सदस्य
(ज) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य
(झ) सचिव, पशुपंक्षी विकास मन्त्रालय - सदस्य
(ञ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग -सदस्य
(ट) महानिर्देशक, औषधि व्यवस्था विभाग -सदस्य
(ठ) महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग -सदस्य
(ड) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य
(ढ) उपभोक्ताको हक हितसंग सम्बन्धित निकाय वा संस्थामा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिमध्येबाट कम्तीमा दुईजना महिला सहित मन्त्रालयले मनोनित गरेको तीनजना -सदस्य
(ण) महानिर्देशक, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुनेछ र निज एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताको हकहित विरुद्धको कुनै काम गरेमा वा परिषद्को काम, कर्तव्य र अधिकार विपरित हुने गरी काम गरेमा परिषद्ले त्यस्तो सदस्यलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम त्यस्तो पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) परिषद्का अध्यक्ष तथा सदस्यले नेपाल सरकारले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

२४. **परिषद्को काम, कर्तव्य र अधिकार :** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपभोक्ताको अधिकार संरक्षण र प्रचलन, आपूर्ति व्यवस्था र वस्तु वा सेवाको मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
(ख) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सुरक्षित गराउन त्यस्ता वस्तु वा सेवाको गुणस्तरका सम्बन्धमा जानकारी गराउन उपभोक्ताको हक, हित सम्बन्धी सूचना प्रचार प्रसार गर्ने, गराउने,
(ग) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सूचित गर्ने वा गराउने,
(घ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा अनुसन्धान गर्ने वा गराउने,
(ङ) उपभोक्ताको हक हित संरक्षण सम्बन्धमा भइरहेका नीतिमा संशोधन गर्ने वा परिमार्जन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने ,
(च) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना अद्यावधिक राख्ने तथा राख्न लगाउने ,
(छ) उपभोक्ताका अधिकारको अनुगमन गर्ने वा गराउने र अनुगमन गर्दा देखिएका त्रुटीको सुधार गर्न नेपाल सरकारलाई आवश्यकता अनुसार सुझाव दिने ,

(ञ) उपभोक्ता शिक्षालाई माध्यमिक तहदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(झ) नागरिकको खाद्य सम्बन्धी हकलाई संरक्षण र प्रचलन गराउन आवश्यक नीतिगगत व्यवस्था गर्ने,

(ञ) उपभोक्ता हकहितसँग सम्बन्धीत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ वा संस्थासंग सहकार्य गर्न आवश्यक नीति तर्जुमा गर्ने,

(ट) उपभोक्ताको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यकता अनुसार प्रदेश सरकार वा स्थानीय तहलाई निर्देशन दिने,

(ठ) आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ड) नेपाल सरकारले तोकिदिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

२५. **परिषद्को बैठक सम्बन्धी कार्यविधि** :(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ र दुई बैठक बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन ।

(३) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्य मध्येबाट निजले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **परिषद्को सचिवालय :** विभागले परिषद्को सचिवालयको रुपमा कार्य सम्पादन गर्नेछ ।

## परिच्छेद ७

## जाँचबुझ, निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था

२७. **केन्द्रीय बजार अनुगमन निर्देशन समिति** :(१) यस ऐन बमोजिमका उपभोक्ताको हक, हित संरक्षणका लागि उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धताको अनुगमन वा सुपरिवेक्षण सम्बन्धी काममा प्रभावकारी रुपमा संलग्न निकायहरु बीच समन्वय गर्नको लागि केन्द्रीय बजार अनुगमन निर्देशन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्रीय बजार अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन :-

| | | |
|---|---|---|
| (क) | सचिव, आपूर्ति मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव, आपूर्ति मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, उद्योग मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, कृषि विकास मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, पशुपंक्षी विकास मन्त्रालय | -सदस्य |
| (छ) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | -सदस्य |
| (ज) | महानिर्देशक नेपाल गुणस्तर तथा नापतौल विभाग | -सदस्य |
| (झ) | महानिर्देशक, औषधि व्यवस्था विभाग | -सदस्य |

(ञ) उपभोक्ताको हक हितसंग सम्बन्धित निकाय वा संस्थामा कम्तिमा दश वर्षदेखि सक्रिय रुपमा संलग्न व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन

गरेका कम्तिमा एक जना महिला सहित तिनजना -सदस्य

(ट) प्रतिनिधि, नेपाल चेम्वर अफ कमर्स -सदस्य

(ठ) विभागको महानिर्देशक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए तापानि उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनित सदस्यको काम सन्तोषजनक नदेखिएमा निजलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ ।

तर, त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) केन्द्रीय बजार अनुगमन निर्देशन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) उपभोक्ताको हक, हित संरक्षण गर्न कानून कार्यान्वयन गर्ने निकायहरु बीच आपसी सहयोग र सहकार्य बढाउन आवश्यकता अनुसार तोकिए बमोजिम स्थानीयस्तरमा अनुगमन समिति गठन गर्न सक्नेछ ।

२८. **केन्द्रीय बजार अनुगमन निर्देशन समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय बजार अनुगमन निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजारमा देखिएका उपभोग्य वस्तु वा सेवाको अभावको पहिचान गरी सर्वसुलभ बनाउन आवश्यक पहल गर्ने,

(ख) बजारमा उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, तौल, गुणस्तर, शुद्धता आदिका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सम्वद्ध सरकारी तथा गैरसरकारी निकायहरु बीच समन्वय गर्ने,

(ग) बजार अनुगमन टोली तथा स्थानीय अनुगमन समितिको काम कारबाहीमा समन्वय कायम गर्ने,

(घ) बजार अनुगमनलाई प्रभावकारी बनाउन सम्बद्ध निकायहरुवीच समन्वय गर्ने तथा अनुगमनको क्रममा आउने समस्यालाई समाधान गर्न आवश्यक निर्देशन दिने,

(ङ) उपभोक्ताको हक, हित संरक्षण गर्ने कानून कार्यान्वयन गर्ने निकायहरु बीच समन्वय कायम गर्ने,

(च) तोकिए बमोजिमको उपभोक्ता सूचना केन्द्रको स्थापना गर्ने,

(छ) आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२९. **स्थानीय बजार अनुगमन समिति :** (१) दफा २७ बमोजिमको केन्द्रीय बजार अनुगमन समितिले उपभोग्य वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा स्थलगत सुपरिवेक्षण वा अनुगमन गर्नको लागि तोकिए बमोजिम स्थानीय बजार अनुगमन समितिको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य आवश्यक कुराहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिले आवश्यकता अनुसार बजार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ ।

३०. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने :** (१) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न विभागले तोकिए बमोजिम



नेपाल कानून आयोग

निरीक्षण अधिकृत नियुक्त गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त वा तोकेको निरीक्षण अधिकृतको योग्यता तोकिए बमोजिम हुनेछ ।

३१. **बजार अनुगमन टोली गठन गर्न सक्ने** : (१) दफा १६ बमोजिमको अनुचित क्रियाकलाप भए वा नभएको, दफा २१ बमोजिमको मूल्यसूची राखे वा नराखेको, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्यको सम्बन्धमा नियमित बजारको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित क्षेत्रको विज्ञ र निरीक्षण अधिकृत समेत रहेको तोकिए बमोजिम बजार अनुगमन टोली वा विषयगत अनुगमन टोली वा संयुक्त अनुगमन टोली गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रियाको सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले उपदफा (२) बमोजिम जानकारी लिदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा बिक्रेतासंग आवश्यक कागजात तथा प्रमाण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अनुगमन टोलीले बजार अनुगमन तथा निरीक्षण गर्दा तोकिए बमोजिमको बजार अनुगमन तथा निरीक्षण फारमको प्रयोग गर्नेछ ।

३२. **जाँचबुझ वा निरीक्षण गर्न सक्ने** : (१) कसैले अनुचित व्यापारिक क्रियाकलाप गरिरहेको, बजारमा एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट उपभोग्य वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वा त्यस्ता कुराका सम्बन्धमा कुनै सञ्चार माध्यम वा कुनै उजूरी मार्फत जानकारी आएमा नेपाल सरकारले तत्काल आवश्यक जाँचबुझ वा निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्ने सम्बन्धमा प्रचलित कानूनमा अनुगमन तथा निरीक्षणको व्यवस्था भएकोमा सोही बमोजिम र अन्य अवस्थामा मन्त्रालयले तत्काल निरीक्षण वा जाँचबुझ गर्न समिति गठन गर्न वा यस ऐन बमोजिम गठन भएको कुनै समितिलाई वा निरीक्षण अधिकृतलाई तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षणबाट दोषी देखिएका उत्पादक, डिलर, एजेण्ट, बिक्रेता, व्यक्ति वा संस्थालाई यस ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

३३. **आकस्मिक निरीक्षण गर्न सक्ने** : (१) विभागले खटाएको अधिकृतस्तरको कर्मचारी र उपभोक्ता संघ संस्थाको प्रतिनिधि रहेको टोलिले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितको लागि समय समयमा बजारको आकस्मिक निरीक्षण गर्न सक्नेछ ।

(२) आकस्मिक निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने** : (१) कुनै ठाउँमा असुरक्षित, असरयुक्त वा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कामकारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण

अधिकृतले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता, सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनको लागि तोकिए बमोजिम वस्तु वा सेवाको परीक्षण सूची तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको परीक्षण सूची अनुसार भएको नपाइएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको बिक्री वितरणमा रोक लगाई तत्काल दफा ३९ बमोजिम जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन सात दिनभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनमा उपदफा (५) बमोजिम जरिवाना गरिएको भए त्यस्तो विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(८) निरीक्षण अधिकृतले निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्नेछ ।

(९) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१०) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, विक्रेता, विरुद्ध कुनै कानूनी कारबाही हुनुपर्ने देखेमा त्यसको विवरण समेत प्रतिवेदनमा उल्लेख गरी विभागमा वा आवश्यक परे कारण सहित अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(११) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **उपभोग्य वस्तुको परीक्षण** : (१) निरीक्षण अधिकृतले दफा ३४ को उपदफा (३) बमोजिम लिएको उपभोग्य वस्तुको नमुना परिक्षणको लागि लिएको भए तुरुन्त सडी गली जाने वस्तु भए तत्काल र अन्य वस्तु भए त्यस्तो नमूना लिएको मितिले चौबीस घण्टाभित्र नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारले मान्यता दिएको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(२) निरीक्षण अधिकृतले नमूना परीक्षण गराउन उपदफा (१) बमोजिमको प्रयोगशालामा पठाउदा संकेत नम्बर दिई पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रयोगशालामा वस्तु परीक्षण गर्दा झुट्ठा परिणाम दिएमा वा लापरवाही गरेको पाइएमा त्यस्तो कर्मचारीलाई कानून बमोजिम विभागीय कारवाही हुनेछ ।

३६. **कमसल उपभोग्य वस्तु जफत हुने वा नष्ट गरिने** : (१) दफा ३५ बमोजिम परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा उपभोग्य वस्तु

तोकिएको मापदण्ड बमोजिम गुणस्तर नभएको ठहरिएमा त्यस्तो वस्तु जफत गरिनेछ र आवश्यकतानुसार त्यस्तो वस्तु तोकिए बमोजिम नष्ट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वस्तुको जफत गरी नष्ट गरिएकोमा त्यस्तो वस्तु जफत वा नष्ट गर्दाको खर्च सम्बन्धित उत्पादक वा विक्रेताले व्यहोर्नु पर्नेछ ।

३७. **उजूरी दिन सक्ने :** (१) कुनै बस्तु वा सेवा प्रदायकले उपभोक्ता हित विरुद्ध वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको कुनै नियम विपरित कुनै काम कारबाही गरेमा त्यस्तो कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित अनुगमन समिति वा निरिक्षण अधिकृत वा विभागलाई लिखित वा मौखिक रुपमा उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ ।

(३) उजूरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **सूचना चुहाउनेलाई कारबाही :**(१) दफा ३३ बमोजिम हुने आकस्मिक निरीक्षण वा नियमित रुपमा हुने अनुगमनको सूचना त्यस्तो निरीक्षण वा अनुगमन नहुँदै चुहावट गर्ने राष्ट्रसेवकलाई विभागीय कारवाही हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यमा संलग्न गराइएका उपभोक्ता संघसंस्थाबाट प्रतिनिधित्व गरेका प्रतिनिधिबाट चुहावट भएमा त्यस्तो प्रतिनिधि वा संस्थालाई विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेकोमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो संस्थालाई तीन वर्षसम्म कालोसूचीमा समावेश गरिनेछ ।

३९. **तत्काल जरिवाना गर्न सक्ने** : (१) दफा ५३ मा जुनसुकै कुरा लेखिएको भए तापनि बजार अनुगमन वा निरीक्षण वा जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट उपभोग्य वस्तुको उत्पादक, ढुवानीकर्ता, संचयकर्ता, पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले देहायको कुनै कार्य गरेको देखिएमा निजलाई तत्काल निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) दफा ५० को खण्ड (घ) विपरितको कार्य गरे वा गराएमा बीस हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा ५० को खण्ड (ङ) र (ञ) विपरितको कार्य गरे वा गराएमा एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) दफा ५० को खण्ड (ज) विपरितको कार्य गरे वा गराएमा पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा ५० को खण्ड (ठ), (ड) र (ढ) विपरितको कार्य गरे वा गराएमा तीस हजार रुपैयाँसम्म जरिवाना,

(ङ) दफा ५० को खण्ड (ण) बमोजिम जाँचबुझ, अनुगमन वा निरिक्षण गर्ने क्रममा असहयोग गरेमा तीस हजार रुपैँयासम्म जरिवाना,

(च) बजार अनुगमन वा निरीक्षण वा जाँचबुझ वा खानतलासीको क्रममा उपभोक्ताको अधिकार उल्लंघन गर्ने वा उपभोक्ताको स्वास्थमा प्रत्यक्ष असर पर्ने गरी कुनै काम गरेको पाईएमा तत्काल त्यस्तो काम रोकी पचास हजार रुपैयाँसम्म जरिवाना ।

(२) उपदफा (१) बमोजिमको कार्य पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(३) निरीक्षण अधिकृतले यस दफा बमोजिम तत्काल जरिवाना गर्नुपर्नाको कारण र जरिवाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खोली तिन दिनभित्र विभागलाई त्यसको जानकारी गराउनु पर्नेछ ।

(४) निरीक्षण अधिकृतले तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनुपर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ८
## उपभोक्ता अदालत सम्बन्धी व्यवस्था

४०. **उपभोक्ता अदालतको गठन** : (१) यस ऐन अर्न्तगतका मुद्दाको कारबाही, सुनुवाई तथा किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार उपभोक्ता अदालतको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता अदालतको मुकाम तथा क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) उपभोक्ता अदालतमा देहाय बमोजिम अध्यक्ष र सदस्य रहनेछन् :-

(क) सम्बन्धित जिल्लाको जिल्ला न्यायाधीश वा अतिरिक्त जिल्ला न्यायाधीश - अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेको अधिकृतमध्येबाट एक जना अधिकृत - सदस्य

(ग) कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उपभोक्ता हक हितको संरक्षणको क्षेत्रमा कम्तिमा दश वर्ष अनुभव प्राप्त गरेको व्यक्तिहरुमध्येबाट एक जना - सदस्य

(४) उपदफा (३) बमोजिमको अध्यक्ष वा सदस्यहरुको नियुक्ति नेपाल सरकारबाट हुनेछ र त्यसको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ ।

तर अध्यक्षको नियुक्ति न्याय परिषद्को परामर्शमा गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको सदस्यको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ र निजको पुनःनियुक्ति हुन सक्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्त सदस्यको सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।

४१. **पदमा नरहने अवस्था** : (१) दफा ४० को उपदफा (३) बमोजिम नियुक्त सदस्य देहायको अवस्थामा आफ्नो पदमा बहाल रहने छैन ।

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले आफ्नो पदबाट दिएको राजीनामा दिएमा, वा

(ग) निजमा खराब आचरण भएको वा कार्यक्षमताको अभाव रहेको भन्ने आधारमा नेपाल सरकारले हटाएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम नेपाल सरकारले पदबाट हटाउने आदेश दिनुभन्दा अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ ।

४२. **अदालतको अधिकारक्षेत्रको प्रयोग** : (१) अदालतको अधिकारक्षेत्रको प्रयोग सबै सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर कम्तीमा एकजना सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेक बाहेकको अन्य कार्यविधिगत कारबाही र दुइजना सदस्य उपस्थित भएको इजलासले थुनछेक लगायत अन्य जुनसुकै कारबाही गर्न सक्नेछ ।

(२) दुई जना सदस्य उपस्थित रहेको इजलासमा एकमत कायम हुन नसकेमा मुद्दाको कारबाहीको विषयमा भए अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम हुनेछ। (३) अध्यक्ष उपस्थित नभएको इजलास भए नियुक्तिको आधारमा वरिष्ठ सदस्यको राय बमोजिम हुनेछ। मुद्दाको निर्णय वा अन्तिम आदेश भए अध्यक्ष समक्ष पेश गरिनेछ र निजले समर्थन गरेको राय अदालतको निर्णय हुनेछ।

(४) तीन जना सदस्य उपस्थित रहेको इजलासमा तीन जना सदस्यको एकमत वा अध्यक्ष सहित अर्को एकजना सदस्यको बहुमत कायम भए त्यस्तो मत अदालतको निर्णय मानिनेछ।

(५) उपदफा (३) बमोजिमको इजलासमा मुद्दाको कार्यविधिगत विषयमा तीन जना सदस्यको फरक फरक राय भएमा अध्यक्षको राय बमोजिम र मुद्दाको निर्णय वा अन्तिम आदेश भए निर्णय वा अन्तिम आदेश हुन नसकेको विवरण उल्लेख गरी निर्णयको लागि सम्बन्धित उच्च अदालतमा पठाउन पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएको मुद्दाको सम्बन्धमा उच्च अदालतको एक न्यायाधीशको इजलासमा सुनुवाई गर्नेछ र त्यस्तो इजलासबाट भएको निर्णय वा अन्तिम आदेश नै अदालतको निर्णय वा अन्तिम आदेश मानिनेछ।

४३. **<u>अदालतको अवहेलना:</u>** (१) अदालतले आफ्नो अवहेलनाका सम्बन्धमा कारबाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहर गरेमा दश हजार रुपैँयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तले अदालतलाई सन्तोषजनक हुने गरी क्षमा याचना गरेमा अदालतले निजलाई अवहेलनाको कारबाही नचलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए त्यस्तो सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा मुलतबी राख्न सक्नेछ।

४४. **<u>अदालतले मागेको मिसिल वा कागजात उपलब्ध गराउनु पर्ने :</u>** (१) अदालतले मुद्दाको कारबाहीको सिलसिलामा प्रमाणको लागि कुनै मिसिल, लिखत, कागजात वा अन्य कुनै सबुद पेश गर्न वा पठाउन कुनै व्यक्ति, संस्था वा कार्यालयलाई आदेश दिएमा त्यस्तो व्यक्ति, संस्था वा कार्यालयले त्यस्तो मिसिल, लिखत, कागजात वा सवुद अदालतले निर्धारण गरेको अवधि भित्र पेश गर्नु वा पठाउनु पर्नेछ।

(२) कुनै व्यक्ति, संस्था वा कार्यालयले उपदफा (१) बमोजिमको आदेश पालना नगरेको कारणबाट मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्न वाधा पुगेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा हानि नोक्सानी भएमा अदालतले पटकै पिच्छे त्यस्तो व्यक्ति वा संस्था वा कार्यालय प्रमुखलाई पटकै पिच्छे एकहजार रुपैँया सम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जरिवाना गर्ने आदेश भएपछि त्यस्तो व्यक्ति वा संस्था वा कार्यालय प्रमुखले अदालतले निर्धारण गरेको अवधि भित्र त्यस्तो आदेश पालना हुन नसकेको कारण उल्लेख गरी जरिवाना हुन नपर्ने भनी अदालतमा निवेदन गरेमा कारण मनासिव भएको देखिएमा अदालतले त्यस्तो जरिवानाको आदेश रद्द गर्न सक्नेछ।

४५. **<u>मुद्दाको कारबाही र किनारा सम्बन्धी विशेष व्यवस्था</u>** : (१) दफा ४० मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम उपभोक्ता अदालत गठन नभएसम्मको लागि यस ऐन बमोजिमको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतबाट कारबाही, सुनुवाई र किनारा हुने मुद्दाको लागि प्रत्येक जिल्ला अदालतमा छुट्टै उपभोक्ता इजलासको गठन गर्न सकिनेछ।

४६. **पुनरावेदन**: दफा ४० बमोजिम गठन भएको अदालतले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

४७. **निर्णय कार्यान्वयन:** दफा ४० बमोजिम गठन भएको अदालतले आफ्नो निर्णय वा अन्तिम आदेशमा त्यस्तो निर्णय वा अन्तिम आदेशमा कुनै निकाय वा अधिकारीले कार्यान्वयन गर्ने भनी उल्लेख भएकोमा सोही निकाय वा अधिकारीले र त्यसरी उल्लेख नभएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ ।

४८. **अदालतको विघटन:** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ४० बमोजिम गठन भएको उपभोक्ता अदालतलाई जुनसुकै वखत विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता अदालत विघटन भएमा विघटन हुँदाका वखतसम्म त्यस्तो अदालतमा दायर भई किनारा हुन बाँकी रहेका मुद्दा, उजूरी वा निवेदन सम्बन्धित प्रादेशिक क्षेत्राधिकार भएको जिल्ला अदालतमा स्वत: सर्नेछन् ।

४९. **सूचना टेबुल गर्नुपर्ने :** नेपाल सरकारले दफा ४० को उपदफा (१) वा दफा ४८ को उपदफा (१) बमोजिम प्रकाशन गरेको सूचना प्रतिनिधि सभामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ९
## कसूर र सजाय सम्बन्धी व्यवस्था

५०. **कसूर गरेको मानिने**: कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अर्न्तगतको कसूर गरेको मानिनेछः-

(क) दफा ६ बमोजिम लेवलिङ्ग नगरेमा वा लेवलमा झुट्टा कुरा उल्लेख गरेमा,

(ख) दफा ७, ८, ९, १०, ११ वा १२ बमोजिम क्रमशः उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, विक्रेता वा सेवा प्रदायकले आफनो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लंघन हुने काम गरेमा,

(ग) दफा १४ बमोजिम विक्रेताले तोकेको अवधिभित्र सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा,

(घ) दफा १५ बमोजिम बील विजक नराखेमा,

(ङ) दफा १६ को उपदफा (२) को खण्ड (क), (छ), (ञ) र (ठ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(च) दफा १६ को उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (ज), (झ), (ट), (ढ), (ण), (ड) र (त) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(छ) दफा १७ को उपदफा (१), उपदफा (२) को खण्ड (क) बमोजिमको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरे वा गराएमा,

(ज) दफा १७ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको काम गरे वा गराएमा,

(झ) दफा १८ को खण्ड (क), (ख), (घ), (ङ), (छ) र (ञ) बमोजिमको काम गरे वा गराएमा,

(ठ) दफा १८ को खण्ड (ग), (च) र (झ) बमोजिमको काम गरे वा गराएमा,

(ड) दफा १९ बमोजिम स्वच्छ बजार वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुर्‍याउने काम गरे वा गराएमा,

(ढ) दफा २० को उपदफा (३) विपरित नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी हुने गरी विक्रि गरे वा गराएमा,

(ण) दफा २१ को उपदफा (१) र (२) बमोजिमको काम नगरेमा,

(त) दफा २२ को उपदफा (१) बमोजिम वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड विपरित वस्तु वा सेवाको विक्रि गरेमा,

(थ) दफा ६० बमोजिम यस ऐन बमोजिम जाँचबुझ, निरीक्षण वा अनुगमनको क्रममा सहयोग नगरेमा ।

**५१. सजाय**: (१) कसैले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ५० को खण्ड (क) र (ग) विपरित काम गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) दफा ५० को खण्ड (ख) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ५० को खण्ड (च) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) दफा ५० को खण्ड (छ) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ङ) दफा ५० को खण्ड (ञ) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(च) दफा ५० को खण्ड (ट) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(२) उपदफा (१) बमोजिमका काम बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## परिच्छेद १०
## उपभोक्ता कोष सम्बन्धी व्यवस्था

**५२. कोषको स्थापना :** (१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, उपभोक्ताको अधिकार संरक्षण गर्न, उपभोक्ता शिक्षा वा अन्य प्रबर्द्धनात्मक कार्यको लागि एउटा छुट्टै कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपभोक्ता कोषको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११



नेपाल कानून आयोग

## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

५३. **क्षतिपूर्तिको दाबी गर्न सक्ने :** यस ऐन विपरीत उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य किसिमको हानी नोक्सानी हुन गएमा वा त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा निजको तर्फबाट कुनै उपभोक्ता संस्थाले वा उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्तो उपभोग्य वस्तु वा सेवा उत्पादन, पैठारी, संचय, ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्तिको कारणबाट त्यस्तो हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी उपभोक्ता अदालत समक्ष त्यसरी हानी नोक्सानी पुगेको मितिले छ महिना भित्र उजूरी गर्न सक्नेछ ।

५४. **क्षतिपूर्ति प्रदान गर्नुपर्ने :** दफा ५३ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजूरी उपर छानविन गर्दा उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको ठहर गरेमा उपभोक्तालाई पुगेको हानी नोक्सानीको आधारमा सम्बन्धित उत्पादक, पैठारीकर्ता, संचयकर्ता, ढुवानीकर्ता, वितरक वा विक्रेताबाट क्षतिपूर्ति वापतको रकम उपभोक्ता वा निजको मृत्यु भइसकेको भए कानून बमोजिमको हकवालालाई भराइ दिनेछ ।

५५. **क्षतिपूर्तिको मापदण्ड निर्धारण गर्ने** : अदालतले दफा ५४ बमोजिम क्षतिपूर्ति वापत उपभोक्ताले पाउने रकम निर्धारण गर्दा देहायका कुरालाई ध्यानमा राखी निर्धारण गर्नुपर्नेछ :-

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गंभीरता,

(ख) उपचार हुनसक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च,

(ग) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास,

(घ) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व,

(ङ) पिडितको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रीत निजको परिवारका सदस्यहरुको संख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(च) पीडित व्यक्तिले दाबी गरेका कुरामध्ये उचित र उपयुक्त देखिएका अन्य कुरा ।

## परिच्छेद १२
## विविध

५६. **उपभोक्ता संघसंस्था सूचिकृत हुनुपर्ने** : (१) उपभोक्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा कार्यरत प्रचलित कानून बमोजिम स्थापित उपभोक्ता संघ वा संस्था विभागमा सूचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागमा सूचिकृत हुन संघ वा संस्थाको विधान, कार्यक्षेत्र, पदाधिकारीको विवरण समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम सूचिकृत भएका संघ वा संस्थाले आफ्नो कार्यक्रम सम्बन्धी जानकारी नियमित रुपमा जिल्लामा भए दफा ३० बमोजिमको स्थानीय बजार अनुगमन समिति र केन्द्रमा भए विभागलाई दिनु पर्नेछ ।

**५७. अत्यावश्यक वस्तु वा सेवा सुपथ मूल्यमा उपलब्ध गराउने :** नेपाल सरकारले दफा २१ बमोजिम निर्धारण गरिएको अत्यावश्यक खाद्य वा अन्य वस्तु वा सेवा तोकिए बमोजिम सुपथ मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

**५८. उपभोक्ता शिक्षा बारे पाठ्यक्रममा समावेश गराउने :** (१) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सूचित गराउनको लागि के कस्तो उपभोग्य वस्तु वा सेवा उपभोग गर्न हुने र गुणस्तर नभएका उपभोग्य वस्तु वा सेवा प्रयोग गर्दा सोबाट पर्न सक्ने प्रभाव आदिका सम्बन्धमा जानकारी गराउनको लागि उपभोक्ता शिक्षा सम्बन्धी आवश्यक शैक्षिक पाठ्यक्रम मन्त्रालयले तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको पाठ्यक्रम मन्त्रालयले शिक्षा मन्त्रालयसँग समन्वय गरी विभिन्न तहका विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा समावेश गराउन आवश्यक व्यवस्था गर्नेछ ।

**५९. निरीक्षण अधिकृतलाई तालिम दिनु पर्ने :** मन्त्रालयले यस ऐन बमोजिमको कसूरको अनुसन्धान तहकिकात प्रक्रिया सम्बन्धी सैद्धान्तिक एवं व्यावहारिक जानकारी दिनको लागि निरीक्षण अधिकृतलाई अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी विषयको तालीम दिन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

**६०. सहयोग गर्नु पर्ने :** यस ऐन बमोजिम जाचँबुझ, अनुगमन वा निरिक्षण गर्ने क्रममा आवश्यकता अनुसार त्यस्तो जाँचबुझ, अनुगमन वा निरिक्षण गर्ने अधिकारी वा यस ऐन बमोजिम खटाइएको व्यक्ति, टोली वा निरिक्षण अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**६१. संस्थाको दायित्व**: (१) कुनै व्यापारिक संस्थाले यो ऐन बमोजिम कसूर हुने कुनै कार्य गरेमा त्यस्तो संस्थाको मुख्य प्रशासकीय अधिकारीको हैसियतमा काम गर्ने अधिकारी सजायको भागी हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफू मुख्य प्रशासकीय अधिकारी हुनुभन्दा अगावै भएका कसूरका सम्बन्धमा त्यस्तो व्यक्ति सजायको भागी हुनुपर्ने छैन ।

**६२. सूचना दिनेलाई पुरस्कार** : (१) यस ऐन विपरितको कसूर गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने व्यक्तिले दिएको सूचना बमोजिम अनुसन्धान गर्दा त्यस्तो कसूर भएको ठहरिएमा त्यसबाट जफत भएको विगो बराबरको तोकिए बमोजिमको रकम त्यस्तो व्यक्तिलाई पुरस्कार दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा संगठित संस्थाका कर्मचारी वा तीनका परिवारका सदस्य वा अनुगमनमा खटिएका उपभोक्ता संघ संस्थाका प्रतिनिधि वा कर्मचारी वा तीनका परिवारका सदस्यले यस दफा बमोजिम पुरस्कार पाउने छैनन् ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिको नाम, ठेगाना र निजबाट प्राप्त भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

**६३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने :** यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**६४. नेपाल सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

६५. **मुद्दाको तहकिकात र दायरी :** (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात निरीक्षण अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएको पैंतिस दिनभित्र सम्बन्धीत उपभोक्ता अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) निरीक्षण अधिकृतले उपदफा (१) बमोजिमको अनुसन्धान र अभियोजन गर्दा सरकारी वकीलको राय लिनु पर्नेछ ।

६६. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : (१) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा सामान्य कार्यविधि अपनाउनु पर्नेछ ।

६७. **असल नियतले गरेको कामको बचाउ :** अनुगमन समिति, निरीक्षण अधिकृत, क्षतिपूर्ति समिति वा नेपाल सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

६८. **यसै ऐन बमोजिम हुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अर्न्तगत बनेको नियममा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

६९. **नियम बनाउन सक्ने :**यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

७०. **खारेजी र बचाउ :** (१) उपभोक्ता संरक्षण ऐन, २०५४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

## (४) **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना:** प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ मा संशोधन** : प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. **सार्वजनिक यातायात वा ढुवानीमा हुने एकाधिकार सम्बन्धी विशेष व्यवस्था** : (१) कसैले सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक यातायात वा ढुवानीमा एकाधिकार कायम गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि कुनै खास सडक वा त्यसको निश्चित मार्ग वा दुरीभित्र देहायको कुनै काम गरेमा सार्वजनिक यातायात वा ढुवानीमा एकाधिकार कायम गरेको मानिनेछः-

(क) कुनै निश्चित व्यक्तिको स्वामित्वमा रहेको सवारी वा ढुवानीका साधन बाहेक अन्य व्यक्तिको स्वामित्वमा रहेको सवारी वा ढुवानी साधनलाई यात्रु वा वस्तु लैजान वा ल्याउन वा ओसारपसार गर्न कुनै किसिमले बाधा अवरोध गरेमा,

(ख) त्यस्तो सवारी साधनले यात्रु वा वस्तु लैजान, ल्याउन वा ओसारपसार गर्न आलोपालो, कोटा, पटक वा चक्रप्रणाली पालना गर्नुपर्ने वा आवधिक रुपमा मात्र गर्नुपर्ने भएमा,

(ग) यात्रु वा वस्तु लैजान, ल्याउन, ओसारपसार वा ढुवानी गर्न कुनै निश्चित संस्थाको सदस्यता लिनुपर्ने वा सदस्यता शुल्क भुक्तानी

गर्नुपर्ने भएमा वा त्यस्ता सदस्य बाहेकका अन्य व्यक्तिका सवारी साधनलाई सञ्चालन गर्न निषेध वा बाधा अवरोध गरेमा,

(घ) खण्ड (क) बमोजिमको संस्थाले निर्धारण गरेको यातायात महसुल वा शुल्क असूल गर्नुपर्ने शर्तमा त्यस्ता साधनलाई यात्रु वा वस्तु ओसारपसार गर्न वा ढुवानी गर्न दिएमा,

(ङ) सवारी यातायात वा ढुवानीको स्वच्छ प्रतिस्पर्धालाई प्रतिकूल पर्ने गरी अन्य कुनै काम गरे वा गराएमा ।

३. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>**: मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **<u>बोर्डको गठन</u>** : (१) बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्ने कामको नियमन तथा अनुगमन गर्न प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण बोर्डको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डमा देहायका सदस्य रहनेछन् :-

(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(ग) सहसचिव, उद्योग मन्त्रालय - सदस्य

(घ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय- सदस्य

(ङ) बजार व्यवस्थापन, लेखा, अर्थशास्त्र, व्यवस्थापन वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धा प्रबर्द्धनका क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिमध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(च) उपभोक्ता हक हितसँग सम्बन्धित संघ वा संस्थामा कार्यरत व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिला रहने गरी नेपाल सरकारले मनोनीत गरेको दुईजना - सदस्य

(छ) सहसचिव, आपूर्ति मन्त्रालय - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यको काम सन्तोषजनक नदेखिएमा नेपाल सरकारले त्यसको कारण खुलाई निजलाई जुनसुकै बखत बोर्डको सदस्यबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सदस्यबाट हटाउनु अघि निजलाई सुनुवाईको मौका दिनु पर्नेछ ।"

४. **मूल ऐनमा दफा १४क., १४ख. र १४ग. थपः** मूल ऐनको दफा १४ पछि देहायका दफा १४क., १४ख. र १४ग. थपिएका छन्:-

"**१४क.अध्यक्षको नियुक्ति** : (१) नेपाल सरकारले दफा १४ख. बमोजिमको सिफारिस समितिले सिफारिस गरेका व्यक्तिमध्येबाट एक जनालाई बोर्डको अध्यक्ष पदमा नियुक्ति गर्नेछ ।

(२) अध्यक्ष बोर्डको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) अध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षले बोर्डलाई हानि नोक्सानी पुऱ्याई बोर्डको हित वा बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धाको विपरीत हुने कुनै काम कारबाही गरेमा नेपाल सरकारले निजलाई तोकिए बमोजिमको छानविन समिति गठन गरी त्यस्तो समितिको सिफारिसका आधारमा अध्यक्षको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि निजलाई सुनुवाईको मनासिव मौका दिनु पर्नेछ ।

**१४ख. सिफारिस समितिः** (१) अध्यक्ष नियुक्ति गर्नका लागि नाम सिफारिस गर्न सिफारिस समिति रहनेछ ।

(२) सिफारिस समितिमा देहायका सदस्य रहनेछन्:-

(क) आपूर्ति मन्त्रालयका सचिव -संयोजक

(ख) वाणिज्य तथा आपूर्ति क्षेत्रसँग सम्बन्धित विशेषज्ञ -सदस्य

(ग) नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाश पाएका व्यक्तिहरुमध्येबाट एक जना -सदस्य

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिमा कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले अध्यक्षको नाम सिफारिस गर्दा मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्य विषयमा कम्तीमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट कम्तीमा तीनजना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ ।

(५) सिफारिस समितिले अध्यक्षको नाम सिफारिस गर्दा अपनाउने कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

**१४ग.कर्मचारी सम्बन्धी व्यवस्था**: (१) बोर्डको काम सुचारु रुपले सञ्चालन गर्नको लागि नेपाल सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी उपलब्ध हुन नसकेमा बोर्डले आवश्यक संख्यामा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।"

५. **मूल ऐनको दफा १५ मा संशोधन**: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५.**अध्यक्ष तथा सदस्यको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा** : (१) अध्यक्षले पाउने पारिश्रमिक, सेवाका शर्त तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) सदस्यले बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछ ।"

६. **मूल ऐनको दफा १६ मा संशोधन**: मूल ऐनको दफा १६ मा रहेको "वाणिज्य विभागले" भन्ने शब्दहरुको सट्टा "आपूर्ति मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन् ।

७. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. <u>सजाय</u> : (१) देहायको काम कारबाही गर्ने वा गराउने व्यक्ति वा प्रतिष्ठानलाई कसूरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछ :-

(क) दफा ३, ४ वा ५ विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही बदर गरी त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) दफा ६ को उपदफा (१) विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही बदर गरी त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ७ विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) दफा ८ विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ङ) दफा ८क. विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(च) दफा ९ वा १० विपरीतको काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको काम कारबाही गर्ने वा

नेपाल कानून आयोग

गराउने व्यक्तिलाई एक महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(२) उपदफा (१) बमोजिमको सजाय पाएको व्यक्तिले यस ऐन बमोजिमको कुनै कसूर पुनः गरेमा त्यस्तो व्यक्तिलाई सो उपदफा बमोजिम हुने सजायको दोब्बर सजाय हुनेछ ।

(३) उपदफा (१) बमोजिमको काम कारबाही कुनै सम्झौता अनुसार भए गरेको रहेछ भने त्यस्तो सम्झौता समेत बदर हुनेछ ।

(४) कसैले कुनै व्यक्तिलाई हानि नोक्सानी पुऱ्याउने वा दुःख दिने नियतले झुट्टा उजूर दिएको ठहरेमा निजलाई एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

८. **मूल ऐनको दफा २५ मा संशोधनः** मूल ऐनको दफा २५ को उपदफा (१) मा रहेको "यो ऐन वा यस" भन्ने शब्दहरु पछि "ऐन" भन्ने शब्द थप गरी "मनासिब कारण भएमा वा" भन्ने शब्दहरु पछि "सञ्चार माध्यम वा पत्रपत्रिका मार्फत बजार संरक्षण एवं स्वच्छ प्रतिस्पर्धा विपरीतको कार्य भएको जानकारीमा आएमा वा" भन्ने शब्दहरु थपिएका छन् ।

९. **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ मा रहेको "अदालतलाई जानकारी हुन आएमा" भन्ने शब्दहरु पछि "वा अदालतको स्वयं जानकारीमा आएमा" भन्ने शब्दहरु थपिएका छन् ।

१०. **मूल ऐनमा दफा ३१क., ३१ख., ३१ग., ३१घ. र ३१ङ. थपः** मूल ऐनको दफा ३१ पछि देहायका दफा ३१क., ३१ख., ३१ग., ३१घ. र ३१ङ.थपिएका छन्:-

"**३१क.अनुगमन गर्ने** : (१) बोर्डलाई बजार संरक्षण तथा स्वच्छ प्रतिस्पर्धा सम्बन्धी सम्पूर्ण काम कारबाहीको अनुगमन गर्ने वा आकस्मिक रुपमा स्थलगत निरीक्षण गर्ने अधिकार हुनेछ ।

(२) बोर्डले आफूमा निहित अधिकार बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतलाई प्रत्यायोजन गरी बजार संरक्षण तथा स्वच्छ प्रतिस्पर्धा सम्बन्धी काम कारबाहीको अनुगमन गर्न वा आकस्मिक स्थलगत निरीक्षण गराउन सक्नेछ ।

नेपाल कानून आयोग

**३१ख. <u>आदेश वा निर्देशन दिन सक्ने</u>** : (१) दफा २५ बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा वा दफा ३१क. बमोजिम बोर्ड आफैंले वा बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले अनुगमन गर्दा वा गराउँदा बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धा अभिवृद्धि गर्ने सम्बन्धमा बोर्डले कुनै व्यक्ति वा प्रतिष्ठानलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कुनै काम गर्न वा गर्न नहुने कुनै काम नगर्न आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**३१ग. <u>अनुमतिपत्र वा इजाजतपत्र निलम्बन गर्न सक्ने</u>** : (१) कुनै व्यक्ति वा प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै काम गरेमा वा बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा बजार संरक्षण वा प्रतिस्पर्धा प्रबर्द्धन सम्बन्धी काममा अवरोध गरेमा बोर्डले निश्चित अवधि तोकी त्यस्तो व्यक्ति वा प्रतिष्ठानले व्यावसाय सञ्चालन गर्न प्राप्त गरेको अनुमतिपत्र वा इजाजतपत्र निलम्बन गर्न सक्नेछ ।

(२) कसैले दफा ८क. बमोजिमको कसूर गरेमा त्यस्तो सार्वजनिक यातायात वा ढुवानीको साधन सञ्चालन गर्न लिएको बाटो इजाजतपत्र (रोर्ड परमिट) बोर्डले निलम्बन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र निलम्बन भएको कारणबाट त्यस्तो व्यक्ति वा प्रतिष्ठानले अनुमतिपत्र वा इजाजतपत्र निलम्बन हुनुभन्दा अघि गरेको काम कारबाहीबाट सृजित दायित्वमा कुनै असर पर्ने छैन ।

**३१घ. <u>अनुमतिपत्र वा इजाजतपत्र खारेजीको लागि सिफारिस गर्न सक्ने</u>** : (१) दफा ३१ग. बमोजिम अनुमतिपत्र वा इजाजतपत्र निलम्बन गरेको निर्णय उपर बोर्डले छानबिन गर्दा त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र प्राप्त व्यक्ति वा प्रतिष्ठानले पटक पटक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम गरेको, बोर्डले दिएको आदेश वा निर्देशनको पटक पटक उल्लंघन गरेको वा बजार संरक्षण वा प्रतिस्पर्धा प्रबर्द्धनमा पटक पटक अवरोध गरेको देखिएमा त्यस्तो

नेपाल कानून आयोग

व्यक्ति वा प्रतिष्ठानको अनुमतिपत्र वा इजाजतपत्र वा बाटो इजाजतपत्र (रोड परमिट) खारेजीको लागि बोर्डले सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डको सिफारिस प्राप्त भएमा प्रचलित कानून कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायले त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र वा बाटो इजाजतपत्र (रोड परमिट) खारेज गर्नेछ ।

तर त्यसरी अनुमतिपत्र वा इजाजतपत्र वा बाटो इजाजतपत्र (रोड परमिट) खारेज गर्नुअघि सुनुवाईको मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र वा बाटो इजाजतपत्र (रोड परमिट) खारेज भएकोमा चित्त नबुझ्ने पक्षले त्यस उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**३१ङ. तत्काल कारबाही गर्न सक्ने:** (१) दफा २५ बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा वा दफा ३१क. बमोजिम बोर्ड आफैंले वा बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले अनुगमन गर्दा वा गराउँदा कुनै व्यक्ति वा प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको देखिएमा वा बजार संरक्षण वा प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धमा अवरोध गरेको देखिएमा बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले तत्काल प्राप्त प्रमाणको आधारमा त्यस्तो व्यक्ति वा प्रतिष्ठान उपर निरीक्षण, जाँचबुझ वा खानतलासी वा अनुगमनका क्रममा नै आवश्यक कारबाही गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाहीको क्रममा बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले त्यस्तो काम, कारबाहीमा प्रयोग भएका जुनसुकै किसिमको वस्तु जफत गर्न वा गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कारबाहीको क्रममा बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म तत्काल जरिवाना गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(४) यस दफा बमोजिम बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) बोर्ड, बोर्डद्वारा गठित उपसमिति वा बजार संरक्षण अधिकृतले अनुगमनका क्रममा गर्नुपर्ने कारबाही सम्बन्धी कार्यविधि तत्काल आफैंले निर्धारण गर्न सक्नेछ ।"

**११**. **खारेजी**: मूल ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ञ) खारेज गरिएको छ ।

## (५) खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** खाद्य मानव जीवनको न्यूनतम र प्रारम्भिक आवश्यकताको विषय भएको र संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा सम्पूर्ण नागरिकको पहुँचलाई सुनिश्चित गरी मर्यादित जीवनस्तरलाई प्रबर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "खाद्य अधिकार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत खाद्य" भन्नाले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको खाद्य पदार्थ सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ४३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि

नेपाल कानून आयोग

कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा निजमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

(घ) "कृषियोग्य भूमि" भन्नाले कृषिको लागि प्रयोग हुने वा कृषिजन्य उत्पादन गर्ने भूमिलाई सम्झनु पर्छ ।

(ङ) "खाद्य" भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ समेतलाई जनाउँछ ।

(च) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकार सम्झनु पर्छः-

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने वा प्रतिनिधित्व गर्ने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कानूनको अधीनमा रही कृषियोग्य भूमि, श्रम, बीउविजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वब्यापीकरण वा व्यापारिकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने ।

(छ) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थ्य मानव जीवनयापन गर्न जुनसुकै बखत र जुनसुकै परिस्थितिमा आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ ।

(ज) "तोकिएको' वा "तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "परिषद्" भन्नाले दफा ३३ बमोजिमको राष्ट्रिय खाद्य परिषद् सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालय सम्झनु पर्छ ।

(ट) "लक्षित घर परिवार" भन्नाले दफा ५ बमोजिम पहिचान भएका लक्षित घर परिवार सम्झनु पर्छ ।

परिच्छेद-२

**खाद्य अधिकारको संरक्षण**

३. **खाद्य सम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति :** (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार हुनेछ र त्यस्तो हकको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन यस ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रत्येक नागरिकलाई खासगरी देहायको खाद्य सम्बन्धी अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार हुनेछः-

(क) विना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने,

(ख) भोकवाट मुक्त हुने,

(ग) खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(घ) भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दीगो पहुँच र पोषण सहायता प्राप्त गर्ने,

(ङ) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(च) खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने,

(छ) कृषि कार्यका लागि आवश्यक पर्ने साधन र श्रोतमा पहुँच हुने,

(ज) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,

(झ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,

(ञ) साँस्कृतिक रुपमा स्वीकार्य खाद्य उपयोग गर्ने,

(ट) कृषि पेशावाट स्वेच्छाचारी रूपले वञ्चित गर्ने कार्यविरुद्ध संरक्षण प्राप्त गर्ने ।

(३) प्रत्येक नागरिकको खाद्य सम्बन्धी अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सम्बद्ध निकायको हुनेछ ।

(४) यस ऐन बमोजिमको अधिकारको प्रचलनका लागि प्रत्येक नागरिकलाई यस ऐन वा प्रचलित कानून बमोजिम कानूनी उपचार पाउने हक हुनेछ ।

परिच्छेद ३

## खाद्य असुरक्षावाट संरक्षण

४. **भोकमरीको रोकथाम र नियन्त्रण :** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले भोकमरीको रोकथाम र त्यसको नियन्त्रणको लागि देहायका काम गर्नेछः-

(क) भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित रुपमा पहिचान गर्ने र त्यसको अभिलेख राख्ने,

(ख) भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणका लागि आवश्यक पर्ने खाद्यको सञ्चितिको व्यवस्था गर्ने,

(ग) भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणको लागि खाद्य वितरणको उपयुक्त व्यवस्था गर्ने,

(घ) भोकमरी रोकथाम तथा नियन्त्रणको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन उपायहरुको अवलम्बन गर्ने,

(ङ) भोकमरी रोकथाम तथा नियन्त्रणका सम्बन्धमा अन्य आवश्यक काम गर्ने वा गराउने ।

५. **लक्षित घर परिवारको पहिचान :** (१) नेपाल सरकारले ग्रामिण वा शहरी गरिबी, भौगोलिक विकटता, विपद वा त्यस्तै अन्य कुनै कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको तोकिएबमोजिम पहिचान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लक्षित गरिएका घर परिवारको पहिचान तोकिए बमोजिम अभिलेखिकरण गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले उपदफा (२) बमोजिमको अभिलेख समय समयमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले उपदफा (२) र (३) बमोजिमको विवरण सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

६. **खाद्य सहायता परिचयपत्र** : (१) स्थानीय तहले दफा ५ बमोजिम पहिचान गरेका लक्षित घर परिवारको अद्यावधिक विवरणको आधारमा खाद्य सहायता परिचयपत्र जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र जारी गर्दा लक्षित घर परिवार पहिचान गरिएका परिवारमा अठार वर्ष उमेर पूरा भएको महिला सदस्य भएमा त्यस्ता सदस्यमध्ये ज्येष्ठ सदस्यको नाममा र अठार वर्ष उमेर पूरा भएको महिला सदस्य नभएमा परिवारको अन्य सदस्य मध्ये जेष्ठ सदस्यको नाममा तोकिएबमोजिम खाद्य सहायता परिचयपत्र जारी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अन्य सदस्यको नाममा परिचयपत्र जारी गरिएको रहेछ भने महिला सदस्यको उमेर अठार वर्ष पुगेपछि त्यस्तो सदस्यको नाममा जारी गरिएको परिचयपत्र खारेज गरी महिला सदस्यको नाममा परिचयपत्र जारी गर्नु पर्नेछ ।

७. **सहुलियत मूल्यमा खाद्य उपलब्ध गराउने :** (१) दफा ५ बमोजिम पहिचान गरिएका लक्षित घर परिवारलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घर परिवारलाई तोकिए बमोजिम निःशुल्क खाद्य उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्रमा वा कुनै स्थानीय तहमा कुनै किसिमको विपद उत्पन्न भई नेपाल सरकारले विपदग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा त्यस्तो अवस्था कायम रहेको अवधिभर र खाद्य संकटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा त्यस्तो संकट कायम रहेको अवधिभर त्यस्तो क्षेत्रमा रहेका व्यक्ति तथा परिवारलाई तोकिए बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा खाद्य उपलब्ध गराउनु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपदफा (१) वा (२) बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलव्ध गराउंदा स्थानीय तह मार्फत वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(४) यस दफा बमोजिम प्रदान गरिएको निःशुल्क वा सहुलियत खाद्य सहायता मनासिब कारण विना तोकिएको अवधिभर कटौति गरिने वा रोकिने छैन ।

(५) नेपाल सरकारले यस दफा बमोजिम प्रदान गर्ने निःशुल्क वा सहुलियत खाद्य सहायता तोकिएको क्षेत्रका व्यक्ति वा परिवारको तत्कालको आवश्यकता, भौगोलिक अवस्था, खाद्यको उपलब्धता तथा परम्परागत वा साँस्कृतिक रुपमा स्वीकार्यता समेतको आधारमा त्यस्तो खाद्य सहायताको स्वरुप तथा परिमाणलाई समय समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले लक्षित घर परिवारलाई निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउन नसक्ने अवस्था सृजना भएमा त्यस्ता परिवार तथा व्यक्तिलाई तोकिए बमोजिम खाद्य सुरक्षा भत्ता उपलब्ध गराउन सक्नेछ ।

८. **विशेष संरक्षण प्रदान** : नेपाल सरकार तथा प्रदेश सरकारले खाद्य तथा पोषण सुरक्षाको दृष्टिले विशेष ध्यान दिनु पर्ने व्यक्तिलाई देहाय बमोजिम विशेष संरक्षण प्रदान गर्न सक्नेछः-

(क) लक्षित घर परिवारका गर्भवती वा छ महिनासम्मको सुत्केरी महिला भए थप खाद्य तथा पोषण सहायता उपलब्ध गराउने,

(ख) छ महिनासम्मका शिशुको लागि पूर्ण स्तनपानलाई प्रबर्द्धन गर्न वा छ वर्षसम्मको बालबालिकाका लागि पोषणको आवश्यकता पूर्ति गर्न आवश्यक कार्यक्रम बनाउने,

(ग) तोकिएको जिल्लाको सामुदायिक विद्यालयमा आठ कक्षासम्म अध्ययन गर्ने छात्र छात्रालाई विद्यालयमा पठन पाठन भएको दिन एक पटक स्वस्थ्य दिवा खाजा उपलब्ध गराउने,

(घ) कुपोषणबाट प्रभावित बालबालिकालाई निःशुल्क पोषणयुक्त भोजन वा भिटामिन उपलब्ध गराउने र त्यस्ता बालबालिकाका अभिभावकलाई पोषणयुक्त परामर्श सेवाको प्रबन्ध गर्ने,

(ङ) घरेलु हिंसा तथा मानव बेचबिखन तथा ओसारपसारबाट पिडीत भएका महिलालाई निजहरुको पुर्नस्थापना नभएसम्मका लागि निःशुल्क खाद्य सहायता उपलब्ध गराउने,

(च) भूकम्प, बाढी, पहिरो, हिमपात, शितलहर वा आगलागि जस्ता विपद्मा परेका नागरिकलाई खाद्य तथा पोषण असुरक्षावाट संरक्षण प्रदान गर्न तोकिए बमोजिम निःशुल्क खाद्य सहायता उपलब्ध गराउने ।

९. **खाद्यको पोषण तत्वको मापदण्ड तोक्ने**: (१) दफा ७ बमोजिम खाद्य सहायता प्रदान गर्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यको पोषण तत्वको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिमको पोषण तत्वको मापदण्ड सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०. **आपत्कालीन खाद्य तथा पोषण सुरक्षा** : (१) नेपाल सरकारले खाद्य तथा पोषण सुरक्षामा कुनै कारणले पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न र आपत्कालीन अवस्थामा यथाशिघ्र खाद्य उपलब्ध गराउन आवश्यक उपाय अवलम्बन गर्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि “आपत्कालीन अवस्था” भन्नाले नेपाल सरकारले कुनै क्षेत्रमा भूकम्प, बाढी, पहिरो, हिमपात, शितलहर वा आगलागि जस्ता विपद् परी आपत्कालीन अवस्था भनी घोषणा गरेको अवधि सम्झनु पर्छ ।

(२) नेपाल सरकारले आफ्नो खाद्य भण्डारण सुविधाको विस्तार तथा आधुनिकीकरण गरी जुनसुकै परिस्थितिमा पोषणको आवश्यकता पूरा गर्न चाहिने खाद्य सञ्चित गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम आपत्कालीन खाद्य तथा पोषण सहायता उपलब्ध गराउने कार्यको संयोजन तोकिएको निकायले गर्नेछ ।

(४) नेपाल सरकारले आपतकालीन अवस्थामा खाद्य तथा पोषण सुरक्षाको स्थितिलाई सुदृढ गर्न आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्न सक्नेछ ।

११. **खाद्य संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने**: (१) नेपाल सरकारले भूकम्प, अतिवृष्टी, अनावृष्टि, बाढी, पहिरो, आगलागी, महामारीजस्ता कारणले कुनै क्षेत्रमा खाद्य संकट उत्पन्न भएमा त्यस्तो खाद्य प्रभावित क्षेत्रलाई निश्चित अवधिका लागि खाद्य संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम घोषित क्षेत्रमा यथाशिघ्र निःशुल्क वा सहुलियत मूल्यमा आवश्यक खाद्य उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खाद्य उपलब्ध गराउँदा सम्भव भएसम्म स्थानीयस्तरमा उत्पादन भएको खाद्य वितरणलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) खाद्य संकटग्रस्त क्षेत्रमा आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **स्थानीय खाद्यलाई प्राथमिकता दिने** : (१) यस ऐन बमोजिम पोषणको प्रबन्ध गर्दा स्थानीयस्तरमा उत्पादन भएको परम्परागत खाद्यलाई प्राथमिकता दिई वितरण गर्नु पर्नेछ ।

(२) स्थानीयस्तरमा उत्पादित परम्परागत खाद्यको प्रबन्ध सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

## खाद्य सम्प्रभूताको अधिकारको संरक्षण र प्रबर्द्धन

१३. **कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रबर्द्धन:** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषि पेशाको संरक्षण गरी किसानको जीवनस्तरको प्रबर्द्धन गर्न देहाय बमोजिमको नीतिगत, संस्थागत र कानूनी व्यवस्था गर्ने वा गराउनेछः-

(क) कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,

(ख) किसानलाई बिउविजन, मल, कृषि सामाग्री वा पशुपंक्षीमा तोकिएको आधारमा अनुदान दिने,

(ग) नगदेवाली वा निकासीयोग्य बालीलाई विशेष ग्राह्यता दिने,

नेपाल कानून आयोग

(घ) बाली बीमा वा पशुपंक्षी बीमामा किसानको सरल तथा सहज पहुँचलाई विस्तार गर्ने,

(ङ) किसानलाई लक्षित गरी योगदानमा आधारित निवृतिभरण कार्यक्रम प्रबर्द्धन गर्ने,

(च) कृषि विकास तथा पशुपालनको प्रोत्साहनका लागि सहुलियतपूर्ण कर्जा वा लघुवित्त कार्यक्रम सञ्चालन वा विस्तार गर्ने,

(छ) कृषि बजारमा किसानको पहुँचलाई अभिवृद्धि गर्न निजी क्षेत्रको सहभागिता, कृषि सहकारी मार्फत संकलन केन्द्र वा चिस्यान केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ज) किसानको सहभागितामा कृषि उपजको मूल्य निर्धारण हुने पद्धतिको अवलम्बन गर्ने,

(झ) जैविक खेतीका लागि आवश्यक पर्ने पूर्वाधारमा किसानको पहुँच सुनिश्चित गर्ने,

(ञ) रासायनिक, विषादीयुक्त वा आनुवांषिक अभियान्त्रिक (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म) खेतीबाट हुने हानिबाट संरक्षण प्रदान गर्ने,

(ट) कबुलियति खेती, करार खेती वा सामूहिक खेतीलाई प्रबर्द्धन गरी बाँझो रहेको उत्पादनशिल भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने,

(ठ) सहकारी खेती वा सामूहिक खेती प्रणालीको प्रबर्द्धन गर्ने,

(ड) अतिवृष्टि, अनावृष्टि, खडेरी वा अन्य प्रतिकूलता थेग्न सक्ने आवश्यक बिउविजन उपलव्ध गराउने तथा त्यस्तो खेतीवालीलाई प्रोत्साहन गर्ने,

(ढ) लामो समयसम्म संचय गर्न सकिने तोकिएका बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरी किसानको उत्पादनलाई खरिद गर्ने व्यवस्था मिलाउने,

(ण) खाद्य उत्पादनमा उन्नत प्रविधि, वातावरण मैत्री मल, बीउका विभिन्न प्रकार, जीवनाशक विषादि वा कृषि सामग्रीको दिगो प्रयोग तथा पहुँचलाई विस्तार गर्ने,

(त) उपयोगी वनस्पतिको संरक्षण तथा पशुपालनको पद्धति र प्रविधिको विकास तथा प्रबर्द्धन गर्ने,

(थ) अतिवृष्टि, अनावृष्टि वा खडेरी लगायत मौसमको बारेमा पूर्व सूचना दिने प्रणालीको विकास गर्ने,

(द) जैविक विविधतामा आधारित दीगो कृषि प्रणाली प्रवर्द्धन गर्ने तथा कृषि प्रणालीलाई स्थायी र आत्मनिर्भर बनाउने,

(ध) कृषि पेशाको संरक्षण गर्न कृषिको व्यवसायिकरण, औद्योगिकरण, आधुनिकीकरण र प्रविधिकरण गर्ने,

(न) कृषि पेशालाई व्यवसायको रुपमा विकास गरी युवा मानवस्रोतलाई कृषि पेशामा आकर्षण गर्ने,

(प) कृषिको आधुनिकीकरण गर्न कृषिको वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र विस्तार गर्ने,

(फ) महिला किसान तथा कृषिमा आधारित भूमिहीन परिवारलाई प्राथमिकताको आधारमा कृषियोग्य भूमिमा पहुँच तथा कृषि सामग्री उपलब्ध गराउने,

(ब) कृषि वाली, फलफुल तथा पशुपंक्षी उत्पादनमा प्रयोग भएको जलस्रोतको त्यस्तो उत्पादनलाई प्रतिकूल हुने गरी अन्यथा उपयोग गर्न नदिने,

(भ) कृषि उत्पादन वा कृषिबालीको हानी नोक्सानी विरुद्ध किसानलाई तोकिएको अवस्थामा क्षतिपूर्ति प्रदान गर्न उचित व्यवस्था मिलाउने,

(म) खाद्य वितरण प्रणालीको सहजीकरण गर्न किसानको बजार पहुँचलाई अभिवृद्धि गर्ने उपायहरु अवलम्वन गर्ने,

(य) आवश्यकता अनुसार बिउ विजन बैंकको स्थापना गरी परम्परागत वा रैथाने बिउ विजनको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

(२) उपदफा (१) बमोजिमको कार्य तोकिए बमोजिमका निकायले तोकिए बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

१४. **किसानको पहिचान र सम्मान :** (१) नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी तोकिएको आधारमा तोकिए बमोजिम वर्गिकरण गरिनेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको वर्गिकरणको आधारमा परिचयपत्र जारी गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बर्गीकरणको आधारमा किसानको हैसियतले राज्यवाट प्राप्त हुने सहुलियत, छूट तथा सुविधा उपलब्ध गराइनेछ ।

(४) परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **कृषियोग्य भूमिको दिगो उपयोग :** कृषियोग्य भूमिको संरक्षण तथा दिगो उपयोगको लागि नेपाल सरकारले तोकिएको आधारमा देहाय बमोजिमका कार्य गर्नेछः-

(क) प्रचलित कानून बमोजिम पहिचान गरिएका कृषियोग्य भूमिमा बाली लगाउन सिफारिस गर्न प्रोत्साहन वा प्रबर्द्धन गर्ने,

(ख) कृषियोग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्ने,

(ग) कृषियोग्य भूमिलाई बाँझो राख्न तथा तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उपयोग गर्ने वा गराउन नदिने,

(घ) कृषियोग्य भूमिको अनियन्त्रित खण्डीकरण गर्न नदिने,

(ङ) कृषियोग्य भूमिको लाभदायी उपयोग सम्बन्धी योजना तर्जुमा गरी लागू गर्ने,

(च) विकास निर्माणका कार्य गर्दा यस ऐनमा उल्लेखित योजना प्रतिकूल नहुने गरी सञ्चालन गर्ने,

(छ) कृषियोग्य भूमिको उपयोगको बारेमा सचेतना अभिवृद्धि गर्ने,

(ज) कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिव कारणविना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गर्ने ।

१६. **स्थानीय कृषि वाली तथा पशुजन्य उत्पादनको प्रबर्द्धन :** स्थानीय कृषि वाली तथा पशुजन्य उत्पादनको प्रबर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले देहाय बमोजिमका उपाय अवलम्वन गर्नेछ :-

(क) स्थानीय कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणलाई प्रबर्द्धन गर्ने,

(ख) स्थानीय कृषि तथा पशुजन्य उत्पादनमा उपभोक्ताको सिधा तथा सहज पहुँच सुनिश्चित गर्ने,

(ग) कृषि बजार, कृषि फर्म वा खेतबारीबाट नै किसानले उपभोक्तालाई आफ्नो उत्पादन बिक्री गर्न सक्ने वातावरणको सृजना गर्ने,

(घ) परम्परागत कृषि बजार तथा हाटबजारको प्रबर्द्धन गर्ने,

(ङ) कृषि उत्पादनसँग सम्बन्धित स्थानीय ज्ञान तथा परम्परागत खाद्य संस्कृतिको संरक्षण गर्ने,

(च) स्थानीयस्तरमा उत्पादित खाद्यको उपयोग गरी कृषि पर्यटन प्रबर्द्धन गर्ने ।

१७. **कृषियोग्य भूमिको दिगो व्यवस्थापनको जिम्मेवारी**: (१) कृषियोग्य भूमिको दिगो व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न स्थानीय तहले देहाय बमोजिमका कार्य गर्नेछः-

(क) कृषियोग्य भूमिको लगत तयार गर्ने,

(ख) स्थानीयस्तरमा रहेका बाँझो जग्गा तथा अन्य जग्गाको पहिचान गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम पहिचान गरिएका भूमिको अभिलेख राख्ने,

(घ) भूमि सम्बन्धी अभिलेख अद्यावधिक गर्ने,

(ङ) बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्न अन्य आवश्यक काम गर्ने वा गराउने ।

१८. **जग्गाधनीले स्थानीय तहलाई अनुरोध गर्ने**: (१) कसैले आफ्नो नाममा रहेको उत्पादनशील भूमि लिजमा दिन वा कबुलियति खेती वा करार खेती वा सामूहिक खेती गर्ने लगायतका काम गर्न वा गराउन सम्बन्धित जग्गाधनीले स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियति खेती वा करार खेतीमा दिने भूमिको दाता तथा लिजकर्ताको अधिकार, जिम्मेवारी, दायित्व र कर्तव्य समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै उत्पादनशिल भूमि लिजमा लिन चाहेमा वा कबुलियति खेती वा करार खेती वा सामूहिक खेती गर्न चाहेमा त्यस्तो काम गर्न आवश्यक भूमिको लागि सम्बन्धित व्यक्तिले स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ ।

(४) स्थानीय तहले यस दफा बमोजिम कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. **लक्षित कृषि विकास कार्यक्रम सञ्चालन :** (१) नेपाल सरकारले दलित, लोपोन्मूख आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **जलवायु परिवर्तनबाट हुनसक्ने असरको न्यूनीकरण**: (१) नेपाल सरकारले जलवायु परिवर्तनबाट खाद्य उत्पादनमा पर्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुने जोखिम न्यूनीकरणका लागि निवारणात्मक उपायहरु अपनाउन आवश्यक व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अपनाइने उपाय तथा त्यसको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **क्षतिपूर्ति दिनु पर्ने**: (१) कुनै सरकारी संस्था, निकाय, कम्पनी वा फर्मले सिफारिस गरेका बीउविजन वा विधि, प्रक्रिया वा तरिका बमोजिम गरेको खेती वा त्यस्तो संस्था, निकाय वा कम्पनीबाट सिफारिस गरिएको मल प्रयोग गरेको कारणबाट कसैको बाली उत्पादन नै हुन नसकेमा वा सारभूत रुपमा बाली उत्पादनमा कमी भएमा त्यस्तो बिउबिजन, विधि वा मल सिफारिस गर्ने संस्था, निकाय, कम्पनी वा फर्मले क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले यस दफा बमोजिम हुन सक्ने जोखिम विरुद्ध आवश्यकतानुसार बीमाको व्यवस्था गर्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था, निकाय, कम्पनी वा फर्मले सिफारिस गरेका बिउबिजन, विधि वा मलको सिफारिस गरेको तरिकाभन्दा फरक किसिमले प्रयोग गरेको वा त्यस्तो खाद्य उत्पादनको उचित स्याहार वा सम्भार नगरेको कारणले खाद्य उत्पादन नभएमा, नष्ट भएमा वा हानि नोक्सानी भएमा त्यस्तो संस्था, निकाय, कम्पनी वा फर्म जिम्मेवार हुने छैन ।

परिच्छेद ५

**खाद्य अधिकारको कार्यान्वयन**

२२. **राष्ट्रिय खाद्य योजना :** (१) नेपाल सरकारले खाद्यसँग सम्बन्धित संघीय, प्रदेशस्तर र स्थानीयस्तरका निकायसँग समन्वय गरी प्रत्येक वर्ष राष्ट्रिय खाद्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्दा आवश्यकतानुसार अन्य सरकारी, गैरसरकारी वा निजीस्तरका निकाय वा संस्थासँग परामर्श गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय खाद्य योजनाको तर्जुमा गर्दा अन्य कुराको अतिरिक्त देहायका विषयलाई ध्यान दिनु पर्नेछ :-

(क) कुपोषण तथा भोकमरीको रोकथाम र नियन्त्रण,

(ख) खाद्य तथा पोषणमा सर्वसाधारणको सहज पहुँच,

(ग) खाद्य उत्पादनमा अभिवृद्धि,

(घ) खाद्यको उत्पादन, प्रशोधन, सञ्चिति, भण्डारण वा वितरणमा खाद्य गुण रक्षा (फुड सेफ्टी) को सुनिश्चितता,

(ङ) खाद्यको व्यापार, निकासी वा पैठारीको अवस्था,

(च) खाद्यको पर्याप्त आपूर्ति तथा त्यसको गुणस्तर र मूल्यको स्थिरता,

(छ) किसानको बीउबिजन, मल तथा खाद्य उत्पादनका पूर्वाधारमा पहुँच,

(ज) परम्परागत तथा रैथाने वीउ विजनको संरक्षण तथा वीउ विजन बैंकको व्यवस्था,

(झ) खाद्यसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास, उपयोग र विस्तार,

(ञ) खाद्य उत्पादनमा भौगोलिक तथा सांस्कृतिक सापेक्षता,

(ट) खाद्य उत्पादन, प्रशोधन तथा वितरणमा लैंगिक तथा सामाजिक समावेशीताको सुनिश्चितता,

(ठ) खाद्य उत्पादनको वातावरणीय पक्ष तथा जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव,

(ड) खाद्य अधिकारको दृष्टिले दीर्घकालीन असर पर्ने विषय र त्यसबाट खाद्य अधिकारको उपभोगमा पर्न सक्ने प्रभावको मूल्यांकन गरी त्यसबाट हुन सक्ने नकारात्मक प्रभावको न्यूनीकरणका उपाय ।

(४) नेपाल सरकारले उपदफा (१) बमोजिम तर्जुमा गरेको राष्ट्रिय खाद्य योजनाको कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ ।

(५) उपदफा (१) बमोजिम राष्ट्रिय खाद्य योजना तर्जुमा गर्दा खाद्य अधिकारको कार्यान्वयनमा भएको प्रगति मापन तथा अनुगमनका सूचकाङ्कलाई आधार मान्नु पर्नेछ ।

(६) नेपाल सरकारले खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूता अधिकारको प्रवर्द्धनका विषयलाई आफ्नो आवधिक विकास योजनामा समावेश गर्नु पर्नेछ ।

(७) राष्ट्रिय खाद्य योजना तर्जुमा तथा त्यसको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **<u>खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन</u>** : (१) स्थानीय तहले प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षाका लागि तोकिए बमोजिमका विभिन्न कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय र आर्थिक तथा सामाजिक रुपले पिछडिएका वा विपन्न खस आर्य वर्गको समेत खाद्य तथा पोषणमा दिगो पहुँच अभिवृद्धि गर्ने कुरालाई विशेष ध्यान दिनु पर्नेछ ।

(३) नेपाल सरकारले यस दफाको प्रयोजनका लागि आवश्यक कार्यक्रम बनाई लागू गर्न सक्नेछ ।

२४. **खाद्य अधिकार अनुगमनका सूचकाङ्क** : (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनलाई अनुगमन गर्न राष्ट्रिय खाद्य परिषद् तथा अन्य सम्बद्ध निकायसँग परामर्श गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको अनुगमन सूचकाङ्क तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको अनुगमन सूचकाङ्क सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(३) राष्ट्रिय मानव अधिकार आयोगले उपदफा (१) बमोजिम तयार गरेको सूचकाङ्कको आधारमा आवश्यकतानुसार यस ऐनको कार्यान्वयनमा भएको प्रगतिको मापन गर्नेछ ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले उपदफा (३) बमोजिम प्रगतिको मापन गर्दा यस ऐनको कार्यान्वयनको, हासिल भएको उपलब्धि तथा प्रगति, कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी र भविष्यमा गर्नुपर्ने सुधार समेत खुलाउनु पर्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय मानव अधिकार आयोगले पेश गर्ने प्रतिवेदनमा यस ऐन बमोजिम गरेको अनुगमनको विषय समेत उल्लेख गर्नु पर्नेछ ।

२५. **खाद्य तथा पोषण शिक्षा र सूचनाः** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले समयसमयमा खाद्य अधिकारसँग सम्बन्धित सूचना तथा जानकारी प्रवाह गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा जानकारी सम्भव भएसम्म राष्ट्रिय तथा स्थानीयस्तरमा बोलिने भाषामा प्रवाह गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना तथा जानकारी लिखित, श्रव्य वा श्रव्य-दृश्यको माध्यमबाट प्रवाह गर्न सकिनेछ ।

(४) नेपाल सरकारले स्थानीय तह मार्फत परम्परागत पोषणयुक्त खाद्य पदार्थको प्रयोग गर्ने विधि तथा स्वस्थ्य खानपानको बानी व्यहोरालाई प्रबर्द्धन गर्न खाद्य तथा पोषण सम्बन्धी सचेतना कार्यक्रम अभिवृद्धि गर्नेछ ।

(५) यस दफा बमोजिमको खाद्य तथा पोषण सम्बन्धी सूचना तथा जानकारी दिंदा वा सचेतना अभिवृद्धि गर्दा नेपाल सरकारले आवश्यकतानुसार निजि क्षेत्र, नागरिक समाज वा समुदायमा आधारित संस्थासँग सहकार्य गर्नु पर्नेछ ।

२६. **अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास :** (१)नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको

प्रबर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको लागि देहायका कार्य गर्नेछ :-

(क) कृषि विकास तथा कृषि अनुसन्धान वा कृषि प्रविधि विकासको क्षेत्रमा लगानी बढाउने,

(ख) कृषि विकासमा निजी तथा गैरसरकारी क्षेत्रमा भएको प्रयासलाई प्रोत्साहन गर्ने,

(ग) अनुदान तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने,

(घ) अध्ययन तथा अनुसन्धानको नतिजा तथा स्वदेशी प्रविधिको प्रचारप्रसार र बजार प्रबर्द्धन गर्ने,

(ङ) कृषि तथा खाद्यका क्षेत्रमा भएका सर्वोतम अभ्यासको प्रचारप्रसार तथा सोको अनुसरण गर्न प्रोत्साहन गर्ने,

(च) तोकिए बमोजिमका अन्य उपयुक्त कार्य गर्ने ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उपदफा (१) को प्रयोजनका लागि आफ्नो वार्षिक बजेटको निश्चित अंश विनियोजन गर्नेछ ।

परिच्छेद ६

**खाद्यको उपलव्धता, आपूर्ति तथा वितरण प्रणाली**

२७. **खाद्यको भण्डारण तथा सञ्चिति व्यवस्था :** (१) नेपाल सरकार तथा प्रदेश सरकारले दफा ७, ८, १० वा ११ को प्रयोजनका लागि खाद्य उपलब्ध गराउन तथा संकटको समयमा खाद्यको आवश्यकता पूरा गर्न राष्ट्रिय खाद्य सञ्चिति प्रणाली विकास गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रणालीमा तोकिए बमोजिमका खाद्यवस्तुको भण्डारण गर्नु पर्नेछ ।

(३) सञ्चित गर्नुपर्ने खाद्यको परिमाण तथा भण्डारण रहने ठाउँ नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम खाद्य संचित वा भण्डारण गर्दा आवश्यकता अनुसार प्रदेशमा र स्थानीय तहको स्तरमा गर्नु पर्नेछ ।

(५) सञ्चित खाद्यको व्यवस्थापन तथा वितरण तोकिए बमोजिम हुनेछ ।

२८. **खाद्य खरिद :** (१) दफा २७ बमोजिम भण्डारण तथा सञ्चित गर्नको लागि आवश्यक हुने खाद्य आन्तरिक रुपमा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक खरिदबाट पर्याप्त खाद्य उपलव्ध हुन नसक्ने अवस्था भएमा पैठारी गर्न सकिनेछ ।

२९. **खाद्यको ढुवानी तथा वितरण**: (१) नेपाल सरकार तथा प्रदेश सरकारले दफा २७ बमोजिम संचित तथा भण्डारण गरेको खाद्य वितरण केन्द्रसम्म ढुवानी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढुवानीकर्ताले खाद्यको ढुवानी गर्दा त्यसको गुणस्तरमा कमी नआउने गरी तोकिएको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

(३) नेपाल सरकारको सामान्य निर्देशनको अधीनमा रही प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संचित खाद्यको वितरण गर्नु पर्नेछ ।



नेपाल कानून आयोग

३०. **आधारभूत खाद्यको मूल्य स्थिरता :** (१) आधारभूत खाद्यको मूल्यमा स्थिरता कायम गर्ने जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम मूल्य स्थिरता कायम गर्दा देहायका उपाय अवलम्बन गर्न सक्नेछ :-

(क) खाद्य उत्पादक र उपभोक्ताको तहमा लागू हुने गरी खाद्यको मूल्य निर्धारण,

(ख) खाद्यको कालोबजारी तथा जम्माखोरीलाई प्रभावकारी रुपमा नियन्त्रण,

(ग) खाद्यको आपूर्ति तथा वितरण प्रणालीको कार्यान्वयन,

(घ) खाद्यको निकासी वा पैठारीको नियमन,

(ङ) तोकिए बमोजिमको अन्य उपाय ।

३१. **खाद्य वितरणको व्यवस्था** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खाद्य वितरणको व्यवस्था गर्न देहाय बमोजिमको कार्य गर्नेछन्:-

(क) लक्षित घर परिवारको सहज पहुँच स्थापित हुने गरी आवश्यक संख्यामा सुपथ मूल्यका पसल वा सार्वजनिक खाद्य वितरण केन्द्रको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,

(ख) लक्षित घर परिवारलाई दफा ६ बमोजिम जारी भएको परिचय पत्रको आधारमा खण्ड (क) बमोजिमको पसल वा वितरण केन्द्रबाट तोकिए बमोजिमको परिमाणमा तोकिएको खाद्य निःशुल्क तथा सुलभ रुपमा उपलब्ध गराउने,

(ग) सुपथ मूल्यका पसल तथा सार्वजनिक खाद्य डिपोमा खाद्यको अभाव हुन नदिन नियमित रुपमा खाद्य ढुवानीको व्यवस्था मिलाउने,

(घ) स्थानीय पोषणयुक्त उत्पादनको बजारीकरणलाई प्राथमिकता दिने,

(ङ) तोकिए बमोजिम बाहेक अन्य प्रयोजनको लागि स्थानीयस्तरमा उत्पादित वा सञ्चित खाद्यको विक्रि वितरणमा नियन्त्रण गर्ने,

(च) भौगोलिक अवस्था तथा यातायातको सुविधालाई ध्यान दिई सार्वजनिक खाद्य वितरण केन्द्रको न्यायोचित रुपमा उपयुक्त स्थानमा स्थापना गर्ने,

(छ) विभिन्न स्थानमा खाद्य वितरण केन्द्र खोल्न अनुमति दिने,

(ज) खाद्य वितरण प्रणाली सम्बन्धी अन्य कार्य गर्ने वा गराउने ।

(२) उपदफा (१) बमोजिम सुपथ मूल्यका पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र सञ्चालन गर्दा महिला समूह वा कृषि सहकारीलाई विशेष प्राथमिकता दिन सकिनेछ ।

३२. **विवरण सार्वजनिक गर्ने :** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस परिच्छेद बमोजिम वितरण हुने खाद्यको देहायका विवरणहरु तयार गरी सोको अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

(क) खाद्य संन्चित अवस्था,

(ख) संन्चित खाद्यको परिणाम,

(ग) खाद्यको मूल्य,

(घ) खाद्यको वितरण प्रणाली र

(ङ) खाद्यको किसिम ।

(२) उपदफा (१) बमोजिमको विवरण सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

परिच्छेद-७

**राष्ट्रिय खाद्य परिषद्, प्रदेश खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समिति**

३३. **राष्ट्रिय खाद्य परिषद्को गठन**ः (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रबर्द्धन तथा परिपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय खाद्य परिषद् नामको एक परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका पदाधिकारीहरु रहनेछन्ः-

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) | कृषि विकास मन्त्री | - सदस्य |
| (ग) | पशुपक्षी विकास मन्त्री | -सदस्य |
| (घ) | प्रदेश मुख्य मन्त्री वा निजले तोकेको प्रदेश मन्त्री | -सदस्य |
| (ङ) | सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) | -सदस्य |
| (च) | सचिव, आपूर्ति मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, कृषि विकास मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, पशुपक्षी विकास मन्त्रालय | - सदस्य |
| (झ) | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| (ञ) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| (ट) | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | -सदस्य |
| (ठ) | सचिव, सिँचाइ मन्त्रालय | - सदस्य |
| (ड) | सचिव, स्वास्थ्य मन्त्रालय | -सदस्य |
| (ढ) | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | -सदस्य |
| (ण) | प्रतिनिधि, राष्ट्रिय किसान आयोग | -सदस्य |
| (त) | कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य सम्प्रभूता, उपभोक्ता हकहित, मानव अधिकार, कानून, कृषि विकास, पशुपक्षी विकास, वातावरण | |

संरक्षण तथा गरीबी निवारणको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव हासिल गरी उल्लेखित क्षेत्रमा विशेष योगदान पुऱ्याई राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारबाट मनोनीत कम्तीमा तीन जना महिला सहित सातजना -सदस्य

(थ) कृषि बाली, पशुपालन, पंक्षीपालन, मत्स्यपालन, फलफूल खेती तथा मौरी पालनका क्षेत्रमा संलग्न किसानहरुमध्येबाट प्रत्येक क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनीत गरेका तीनजना महिला र एक जना दलित सहित सातजना - सदस्य

(द) खाद्य अधिकार तथा किसानको हक, हितका क्षेत्रमा कार्यरत संघ, संस्थाका पदाधिकारी मध्येबाट कम्तिमा दुई जना महिला सहित पाँच जना - सदस्य

(ध) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (त) र (थ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनयन हुन योग्य हुनेछन् ।

(४) उपदफा (२) को खण्ड (त), (थ) र (द) बमोजिम सदस्य मनोनयन गर्दा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(५) परिषद्को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ र परिषद्ले आवश्यकता अनुसार अन्य स्थानमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ ।

३४. **परिषद्को बैठक** : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले परिषद्का सबै सदस्यलाई दिनेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम र बजेटसम्बन्धी विषयमा छलफलको लागि बस्ने बैठकको लागि कम्तीमा पचहत्तर प्रतिशत सदस्यको उपस्थिति आवश्यक हुनेछ ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा दफा ३३ को उपदफा (१) को खण्ड (ख) वा (ग) को सदस्य मध्ये वरिष्ठतम सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) परिषद्ले आवश्यक देखेमा खाद्य तथा कृषि विषयसँग सम्बन्धित व्यक्ति र सम्बन्धित विषयको विशेषज्ञलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(९) परिषद्को निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिव सहित कम्तीमा सात जना सदस्यले निर्णयको अभिलेख गर्नु पर्नेछ ।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३५. **परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

(क) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकार संरक्षण, प्रबर्द्धन र परिपूर्ति गर्न कानूनी, नीतिगत तथा संस्थागत सुधार गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने र सिफारिस गर्ने,

(ख) मुलुकमा खाद्य आत्मनिर्भरता सुनिश्चित गर्न, किसान तथा खाद्य उत्पादकको हक हितको संरक्षण गरी खाद्य सम्प्रभूताको अधिकार प्रबर्द्धन र संरक्षण गर्न आवश्यक पर्ने नीतिगत तथा संस्थागत व्यवस्था गर्न विभिन्न निकायलाई निर्देशन दिने,

(ग) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारका सम्बन्धमा आवश्यक नीति तथा रणनीतिको तर्जुमा तथा तिनको कार्यान्वयनका लागि समन्वय गर्ने,

(घ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारको प्रबर्द्धन तथा विकासमा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय र सहकार्य गर्ने,

(ङ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारका सम्बन्धमा काम गर्ने गैरसरकारी क्षेत्रबाट हुने काम कारबाहीमा दोहोरोपन आउन नदिन समन्वयात्मक भूमिका खेल्ने,

(च) खाद्य उत्पादन, संचित र भण्डारणको अभिवृद्धि तथा खाद्य ढुवानी र वितरण प्रणालीको सुदृढिकरणका लागि आवश्यक अल्पकालीन र दीर्घकालीन नीति बनाई कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने

(छ) परिषद्को सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ज) खाद्य सम्बन्धी विद्यमान नीति, योजना तथा कार्यक्रमको पुनरावलोकन गर्ने,

(ञ) आर्थिक तथा सामाजिक रुपले पिछडिएका सिमान्तिकृत तथा गरीबीको रेखामुनि रहेका व्यक्ति, परिवार वा समुदायको खाद्य सुरक्षाको प्रबर्द्धन तथा जिवनस्तर उकास्न सरकारी र गैरसरकारी क्षेत्रको भूमिका अभिवृद्धि गर्ने,

(ञ) परिषद्को वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ट) खाद्यको असुरक्षामा अन्तर्निहित कारण पहिचान गरी त्यसको आवश्यक सम्बोधन गरी दिगो खाद्य सुरक्षाको वातावरण सृजना गर्ने,

(ठ) खाद्य अधिकारको कार्यान्वयन सम्बन्धी सूचनाको संकलन गर्ने, विश्लेषण गर्ने तथा सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(ड) खाद्य सुरक्षा कार्यक्रमका लागि आवश्यक श्रोतको पहिचान गरी सरकारी, गैरसरकारी, निजि क्षेत्र तथा विकास साझेदारसँग समन्वय गर्ने,

(ढ) खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभूताको अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्तिमा उल्लेख्य प्रगति हासिल गर्ने स्थानीय तहलाई पुरस्कृत गर्ने पद्धतिको विकास गर्ने,

(ण) परम्परागत खाद्य उत्पादनका उपाय तथा श्रोतहरुको संरक्षण गर्न अभिप्रेरित गर्ने,

(त) खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारका सम्बन्धमा कृषि शिक्षा प्रदान गर्ने र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने वा गराउने,

(थ) कृषियोग्य भूमिको संरक्षण गरी त्यसको दिगो उपयोगका रणनीति तय गर्ने,

(द) खाद्य उत्पादनका क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने प्रत्येक प्रदेशबाट कम्तीमा एकजना किसानलाइ पुरस्कृत गर्ने,

(ध) परिषद्को उद्देश्य प्राप्त गर्न आवश्यक अन्य काम गर्ने वा गराउने ।

३६. **राष्ट्रिय कार्यसमिति** : (१) परिषदले गर्ने कामलाई सहज पुऱ्याउन र परिषदबाट सम्पादन भएका कामलाई कार्यान्वयन गर्न परिषदका सदस्य मध्येबाट परिषदले तोकेको सात जना सदस्य रहेको एक राष्ट्रिय खाद्य परिषद, राष्ट्रिय कार्य समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी कार्यविधि र अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **अनुगमन तथा सुपरिवेक्षण** : (१) खाद्यको उपलब्धता, सञ्चिति, आपूर्ति तथा वितरण प्रणालीको सञ्चालनको नियमित रुपमा अनुगमन र सुपरिवेक्षण गर्नका लागि परिषद्ले तोकिए बमोजिम उपसमिति गठन गर्न वा निरीक्षण अधिकृतलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा सुपरिवेक्षणको कार्यमा परिषद्ले नागरिक समाज तथा उपभोक्ता समूहसँग सहकार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन वा निरीक्षण गर्ने उपसमिति वा अधिकृतले अनुगमन वा निरीक्षण गरी त्यसको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

३८. **प्रदेश खाद्य परिषद् सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिमको अधिकार प्रदेशस्तरमा संरक्षण, प्रबर्द्धन तथा परिपूर्ति गर्न प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा तोकिए बमोजिमको एक प्रदेश खाद्य परिषद् गठन हुनेछ ।

(२) प्रदेश मन्त्रिपरिषद्ले तोकेको प्रदेश सरकारको अधिकृतले प्रदेश खाद्य परिषद्को सदस्य-सचिव भइ काम गर्नेछ ।

(३) प्रदेश खाद्य परिषद् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकारः** प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकार कार्यान्वयन गर्न राष्ट्रिय खाद्य परिषद्ले दिएको निर्देशन पालना गर्ने र राष्ट्रिय खाद्य परिषद्सँग समन्वय गर्ने,

(ख) प्रदेशस्तरमा खाद्य असुरक्षाका अन्तर्निहित कारण पहिचान गरी दिगो खाद्य सुरक्षाको वातावरण सृजना गर्ने,

(ग) प्रदेशस्तरमा खाद्य अधिकारको कार्यान्वयन सम्बन्धी सूचनाको संकलन गर्ने, विश्लेषण गर्ने तथा सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(घ) दफा १० र ११ को अवस्थामा खाद्य अधिकारका सम्बन्धमा प्रदेशमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने,

(ङ) खाद्य अधिकारको क्षेत्रमा प्रदेशस्तरमा कार्यरत विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने,

(च) खाद्य अधिकार सम्बन्धी प्रदेशस्तरमा कार्यरत गैरसरकारी क्षेत्रबाट हुने काम कारबाहीमा दोहोरोपन आउन नदिन समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(छ) प्रदेशस्तरमा खाद्य सुरक्षा कार्यक्रमका लागि पर्याप्त श्रोतको पहिचान गरी सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारसंग समन्वय गर्ने,

(ज) स्थानीयस्तरमा उत्पादित खाद्य उत्पादनका श्रोतको संरक्षण गर्न तथा परम्परागत जिविकोपार्जनका उपाय अवलम्बन गर्न प्रेरित गर्ने,

(झ) प्रदेशस्तरमा स्थानीय खाद्यको उत्पादनमा हुने खाद्यलाई प्रवर्द्धन गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

४०. **स्थानीय खाद्य समन्वय समितिः** (१) स्थानीय तहमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्ने काम समेतको लागि तथा स्थानीयस्तरमा खाद्य आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाउन नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्षको अध्यक्षतामा सम्बन्धित स्थानीय तहको स्तरमा कार्यरत गैरसरकारी वा सामुदायिक संस्थाका प्रतिनिधि रहने गरी तोकिए बमोजिम स्थानीय खाद्य समन्वय समिति गठन हुनेछ ।

(२) स्थानीय खाद्य समन्वय समितिको सचिवालय सम्बन्धित नगरपालिका वा गाउँपालिकामा रहनेछ ।

(३) स्थानीय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **उपसमिति वा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्ने** : (१) परिषद् वा प्रदेश खाद्य परिषद्ले आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमिति, कार्यदल वा विज्ञ समूहको कार्यक्षेत्रगत शर्त (टमर्स अफ रिफरेन्स) तथा कार्यावधि गठन गर्दाका वखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **अधिकार प्रत्यायोजन:** परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपसमिति, कार्यकारी निर्देशक वा परिषद्को अन्य कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-८
## कार्यकारी निर्देशक तथा कर्मचारी

४३. **कार्यकारी निर्देशक :** (१) नेपाल सरकारले परिषद्को प्रशासकीय प्रमुखको रुपमा रही कार्यसम्पादन गर्नको लागि दफा ४५ बमोजिमको सिफारिस समितिबाट सिफारिस भएका व्यक्तिमध्येबाट एकजनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि परिषद्ले दफा ४५ को उपदफा (३) बमोजिमको योग्यता पुगेको नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीका कुनै अधिकृतलाई कार्यकारी निर्देशकको हैसियतमा कार्यसम्पादन गर्न तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरे बमोजिम र सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले परिषद्लाई हानि नोक्सानी हुने कुनै काम कारबाही गरेमा वा परिषद्को नीति निर्देशन विपरीत काम गरेमा वा निजको काम सन्तोषजनक नदेखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई तोकिए बमोजिम आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

४४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्को दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेटको मसौदा तयार गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्को अनुदान तथा सहयोगमा कार्यान्वयन गरिएका खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता सम्बन्धी कार्यक्रमको निरीक्षण गरी त्यसको प्रगति विवरण परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद्को लागि आवश्यक रकम जुटाउन आन्तरिक तथा बाह्य स्रोत परिचालन गर्ने,

(घ) परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) परिषद्ले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) परिषद्को दैनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गरी परिषद्को उद्देश्य अनुसार आवश्यक कार्य गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

४५. **सिफारिस समिति** : (१) कार्यकारी निर्देशकको नियुक्तिको लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) कृषि विकास मन्त्री - संयोजक

(ख) मुख्य सचिव, नेपाल सरकार - सदस्य

(ग) सचिव, कृषि विकास मन्त्रालय - सदस्य-सचिव

(२) सिफारिस समितिले खुला प्रतिस्पर्धाको आधारमा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्व विद्यालयबाट अर्थशास्त्र, कृषि विज्ञान, पशु विज्ञान, व्यवस्थापन वा समाजशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कृषि विकास, सामाजिक विकास, पशुपक्षी विकास वा गरीबी निवारणको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका व्यक्तिहरुमध्येबाट कार्यकारी निर्देशकको नियुक्तिको लागि तीनजनाको नाम सिफारिस गर्नेछ ।

(३) सिफारिस समितिले अपनाउने कार्यविधि त्यस्तो समितिले आफै निर्धारण गर्नेछ ।

४६. **कार्यसम्पादन करार गर्नुपर्ने** : (१) दफा ४३ को उपदफा (१) बमोजिम नियुक्ति भएको मितिले एक्काइस दिनभित्र कार्यकारी निर्देशकले चार बर्षभित्र निजले सम्पादन गर्ने कार्यविवरणको सम्बन्धमा मन्त्रालयसंग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा अन्य कुराको अतिरिक्त कार्यकारी निर्देशकको कार्य अवधिमा प्रत्येक बर्ष सम्पादन गर्नुपर्ने कार्यविवरण, सम्पादित कामको उपलब्धि मापन गर्ने संकेतक, सम्पादित काम मूल्यांकन गर्ने विधि र त्यसको परिणाम, अनुभुति गरिने उपलब्धि र उपलब्धि हासिल भएमा पाउने थप सुविधा र कार्यसम्पादन करार बमोजिमको उपलब्धि हासिल हुन नसकेमा कार्यकारी निर्देशकले व्यहोर्ने दायित्व समेत उल्लेख गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **मानव स्रोत सम्बन्धी व्यवस्थाः** (१) परिषद्को काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यक पर्ने मानव स्रोत नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले मानव स्रोत उपलब्ध गराउन नसकेमा परिषद्ले आवश्यक संख्यामा करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) परिषद्का कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त तोकिएबमोजिम हुनेछ।

४८. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने :** (१) यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न तथा खाद्य सम्बन्धी विषयको अनुगमन गर्न मन्त्रालयले तोकिए बमोजिम योग्यता पुगेको निरीक्षण अधिकृत नियुक्त गर्न, कुनै विषय विज्ञ नियुक्त गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न सम्बन्धित अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

(२) निरीक्षण अधिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद ९

## परिषद्को कोष, लेखा तथा लेखा परीक्षण

४९. **परिषद्को कोष**: (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट वार्षिक वजेट बमोजिम विनियोजन हुने वा प्राप्त हुने रकम,

(ख) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी व्यक्ति, सरकार, एजेन्सी वा वित्तीय संस्थाबाट प्राप्त अनुदान सहयोग वा ऋण स्वरुप प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संस्थाद्वारा आर्थिक सहायता वा ऋण स्वरूप प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(२) परिषद्ले उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) परिषद्को कोषको रकम परिषद्ले तोकेको कुनै ‘क’ वर्गको वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ।

(४) परिषद्को कोष र खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) परिषद्को सबै खर्च परिषद्बाट स्वीकृत भए बमोजिम उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) परिषद्ले कोषको रकम आपत्कालीन स्थिति तथा खाद्य संकट परेको समयमा राहत दिने प्रयोजनका लागि खर्च गर्न सकिनेछ।

५०. **लेखा र लेखापरीक्षण**: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) परिषद्ले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।



नेपाल कानून आयोग

परिच्छेद–१०

**कसूर तथा सजाय**

५१. **कसूरजन्य कार्य**: कसैले देहायबमोजिमको काम गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछः–

(क) कसैलाई अत्यावश्यक खाद्यको पहुँचबाट वञ्चित गरी गम्भीर हानि पुऱ्याउने वा भोकमरीको स्थिति सिर्जना गर्ने कुनै काम गरेमा ।

(ख) आपत्कालीन सहायताको प्रयोजनका लागि संचित तथा संकलित खाद्यवस्तुलाई कब्जा गर्ने वा नष्ट गर्ने वा दुरुपयोग गर्ने कार्य गरेमा,

(ग) आपत्कालीन खाद्य सहायता वितरणमा अवरोध सिर्जना गरेमा,

(घ) आधारभूत खाद्यवस्तुको ढुवानी, आपूर्ति, वितरण तथा बजारीकरणमा संगठित वा असंगठित रूपले बाधा सिर्जना गरेमा,

(ङ) जीविकोपार्जनको आधारबाट बिमुख पार्ने गरी बासस्थान विहीन बनाएमा,

(च) दफा ८ र १० बमोजिम वितरण गर्नु पर्ने खाद्य लक्षित वर्ग पा पिछडिएको वर्गलाइ वितरण नगरेमा,

(छ) यस ऐन वा यस ऐन बमोजिम बनेको नियम विपरितका अन्य कुनै कार्य गरेमा ।

५२. **सजायः** कसैले दफा ५१ बमोजिमको कसूर गरेमा कसूरको गाम्भीर्यताको आधारमा देहायबमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा वा गराएमा दश वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दूवै सजाय हुनेछ ।

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा वा गराएमा एक महिनादेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा दूवै सजाय हुनेछ ।

(ग) खण्ड (ग) वा (घ) बमोजिमको कसूर गरेमा तीन वर्षसम्म कैद वा पाँच हजारदेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा दूवै सजाय हुनेछ ।

(घ) खण्ड (ङ) बमोजिमको कसूर गरेमा पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ङ) खण्ड (च) र (छ) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

५३. **क्षतिपूर्ति :** (१) यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानी नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति भराई पाउन मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-११

**विविध**

५४. **गुनासो व्यवस्थापनः** (१) यस ऐन बमोजिमको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार स्थानीय स्तरमा कार्यान्वयन गर्दा कसैको कुनै गुनासो भएमा स्थानीय खाद्य समन्वय समितिमा दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको गुनासोको व्यवस्थापन स्थानीय खाद्य समन्वय समितिले गर्नु पर्नेछ ।

(३) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. **मुद्दा हेर्ने अधिकार**: (१) यस ऐन अर्न्तगतको मुद्दा हेर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सोही उपदफा बमोजिम मुद्दा हेर्ने अदालत नतोकेसम्म सम्बन्धित जिल्ला अदालतलाई त्यस्तो मुद्दा हेर्ने अधिकार  हुनेछ ।

५६. **मुद्दाको अनुसन्धान र दायरी** : (१) यस ऐन अर्न्तगतको मुद्दाको अनुसन्धान सम्बन्धित निरीक्षण अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण अधिकृतले मुद्दाको अनुसन्धान गर्दा उजुरी प्राप्त भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दा दायर गर्दा निरीक्षण अधिकृतले सरकारी वकीलको राय लिनु पर्नेछ ।

५७. **यस ऐन अन्तर्गत भएको मानिने**: यो ऐन प्रारम्भ हुँदाका वखत कायम रहेको अनुदानित खाद्य ढुवानी प्रणाली यसै ऐन अन्तर्गत स्थापना र सञ्चालन भएको मानिनेछ ।

५८. **सम्पर्क निकायः** परिषद्ले नेपाल सरकारसंग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

५९. **नियम बनाउने अधिकार**:  यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६०. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** : (१) मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि वा निर्देशिका सार्वजनिक गर्नु पर्नेछ ।

## (६) कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना**: कसूरदारलाई भएको सजाय कार्यान्वयनका लागि कारागारको स्थापना गर्न, कारागारको आन्तरिक व्यवस्थापनलाई नियमन र व्यवस्थित गर्न, कारागारभित्र बन्दीको मर्यादित जीवन सुनिश्चित गरी मानव अधिकार संरक्षण गर्न र कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कारागार ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम कैदको सजाय तोक्न सक्ने अन्य अधिकारी समेतलाई जनाउँछ ।

(ख) "कारागार" भन्नाले बन्दीलाई थुना वा कैदमा राख्नको लागी बनाएको वा तोकिएको घर, कोठा वा त्यस्तै प्रकारको अन्य कुनै ठाउँ सम्झनु पर्छ र सो शब्दले त्यस्तो घर, कोठा वा ठाउँले चर्चेको पर्खाल, कम्पाउण्ड र त्यसको परिसर समेतलाई जनाउँछ ।

(ग) "कारागार कार्यालय" भन्नाले कारागारको व्यवस्थापन र सञ्चालन गर्ने प्रशासकीय कार्यालय सम्झनु पर्छ ।

(घ) "कारागार प्रशासक" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ङ) "कैदी भन्नाले" कैदको सजाय भुक्तान गर्न कारागारमा रहेको व्यक्ति सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "थुनुवा" भन्नाले कुनै कसूरको अनुसन्धानको सिलसिलामा वा पुर्पक्षका लागि न्यायिक हिरासतमा रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम थुनामा रहेको व्यक्ति समेतलाई जनाउँछ ।

(ज) "नाबालक" भन्नाले अठार वर्षको उमेर पूरा नभएको बालबालिका सम्झनु पर्छ ।

(झ) "बन्दी" भन्नाले कैदी र थुनुवा सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ञ) “बन्दी अभिलेख किताब” भन्नाले दफा २४ बमोजिम खडा गरिएको बन्दी अभिलेख दर्ता किताब सम्झनु पर्छ ।

(ट) “विशेष सुरक्षा कक्ष” भन्नाले कारागारभित्र कैदीलाई राख्न बनाईएको विशेष प्रकारको सुरक्षित स्थान सम्झनु पर्छ ।

परिच्छेद-२

## कारागारको स्थापना तथा संचालन

३. **कारागारको स्थापना गर्ने नेपाल सरकारको अधिकार** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मुलुकका विभिन्न प्रदेशमा कारागार रहने ठाउँ तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको ठाउँमा नेपाल सरकारले कारागारको स्थापना गर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत कायम रहेका कारागार यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

४. **कारागार भवन निर्माण**: (१) नेपाल सरकारले दफा ३ बमोजिम तोकेको ठाउँमा कारागारको प्रयोजनका लागि कारागार भवन निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम भवन निर्माण गर्दा अन्य कुराको अतिरिक्त देहायका शर्त पूरा गर्नु पर्नेछः-

(क) कारागारमा रहने बन्दीको संख्याको आधारमा उपयुक्त कोठा सहितको भवन,

(ख) खण्ड (क) बमोजिमको कोठाको अनुपातमा उपयुक्त ठाउँको जमीन,

(ग) बन्दीको संख्याको अनुपातमा निर्माण गर्नु पर्ने भान्छा घर, पुस्तकालय, अस्पताल, आगन्तुक कक्ष, शौचालय, कारागार प्रशासन कार्यालय, सुरक्षा पोष्ट, सुरक्षाकर्मीको आवास भवनको लागि आवश्यक जमीन,

(घ) बन्दीलाई व्यायाम र खेलकुदका लागि आवश्यक जमीन,

(ङ) खुला हावा, प्रकाश, पानीको व्यवस्था हुन सक्ने उपयुक्त वातावरण ।

(३) कारागारको प्रयोजनका लागि उपदफा (१) र (२) बमोजिम निर्माण भएका भवनलाई पूर्ण रुपमा घेर्न सकिने गरी उपयुक्त ढंगबाट कम्पाउण्ड पर्खाल निर्माण गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम कारागार भवन निर्माण गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुरुप भूकम्प प्रतिरोधी हुने गरी निर्माण गर्नु पर्नेछ ।

५. **कारागारको व्यवस्थापन र सञ्चालन** : (१) दफा ३ बमोजिम स्थापना भएको कारागारको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी प्रदेश सरकारको हुनेछ ।

(२) कारागारको व्यवस्थापन र संचालनको लागि प्रदेश सरकारले तोकिए बमोजिमको योग्यता पूरा गरेको अधिकृतलाई कारागार प्रशासकको रुपमा तोक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको निर्वाचन भएको एक वर्ष पूरा नभएसम्म नेपाल सरकारले नै कारागार व्यवस्थापन र सञ्चालन गर्नेछ र त्यस प्रयोजनका लागि उपयुक्त अधिकृतलाई कारागार प्रशासकको रुपमा कार्य सम्पादन गर्न खटाउनु पर्नेछ ।

(४) कारागार व्यवस्थापन र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **कारागार प्रशासक सम्वन्धी व्यवस्था**: (१) कारागार प्रशासक प्रदेश सरकारको पूर्णकालीन पदाधिकारी हुनेछ र कारागारको आन्तरिक व्यवस्थापन, सञ्चालन, सुपरीवेक्षण गर्ने जिम्मेवारी निजको हुनेछ ।

(२) कारागार प्रशासकलाई तोकिए बमोजिमको विशेष सुविधा उपलब्ध गराइनेछ ।

(३) प्रत्येक कारागारमा कारागार प्रशासकका अतिरिक्त निजको मातहतमा आवश्यक संख्यामा अन्य कर्मचारी रहनेछन् ।

७. **कारागार प्रशासकको काम, कर्तव्य र अधिकार**: (१) यस ऐनमा लेखिएका काम, कर्तब्य र अधिकारका अतिरिक्त कारागार प्रशासकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) कारागारको आन्तरिक बन्दोवस्त र व्यवस्थापन गर्ने,

(ख) प्रचलित कानून बमोजिम निजलाई जिम्मा लगाइएका मिसिल, किताब, कागजात एवं मालसामान सुरक्षित रूपले राख्ने वा राख्न लगाउने,

(ग) कारागारमा रहेका बन्दीको उचित व्यवस्थापनका लागि आवश्यक काम गर्ने वा गराउने,

(घ) कारागारको सुरक्षा व्यवस्था चुस्त राख्ने र समय समयमा त्यसको जाँच गर्ने वा गराउने,

(ङ) कारागारमा खटिएका विभिन्न सुरक्षाकर्मी तथा अन्य कर्मचारीलाई कारागार व्यवस्थापन गर्न आवश्यक निर्देशन दिने,

(च) बन्दीको लागि आवश्यकता अनुसार निःशुल्क कानूनी सहायताको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) बन्दीको लागि नैतिक सुधार तथा मनो-सामाजिक सम्बन्धी आवश्यक परामर्शको व्यवस्था गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

(२) कारागार प्रशासक प्रमुख जिल्ला अधिकारीको सामान्य सुपरिवेक्षणमा रहनेछ र निजसँग निकटतम समन्वय र सहकार्य गरी कारागारको सञ्चालन, प्रशासन र व्यवस्थापन गर्नेछ ।

(३) कारागार प्रशासकले यस ऐन अन्तरगत आफूलाई प्राप्त अधिकार आफ्नो मातहतका कर्मचारीलाइ आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) कारागार वा बन्दीको सुरक्षाको लागि कारागार प्रशासकले आवश्यकता अनुसार स्थानीय प्रशासनको सहयोग माग गर्नेछ र त्यस्तो सहयोग माग गरेमा स्थानीय प्रशासनले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ ।

८. **<u>सुपरीवेक्षण तथा निगरानी सम्बन्धी व्यवस्था</u>** : (१) कारागार प्रशासक वा निजले तोकेको कर्मचारीले हरहमेशा कारागार आफ्नो सुपरीवेक्षण र निगरानीमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि प्रदेश सरकारले कारागार प्रशासक, सुरक्षाकर्मी तथा कारागारमा खटिएका अन्य कर्मचारीलाई कारागार परिसरमा राशन तथा आवासको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिने राशन तथा अन्य सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **<u>कारागारको सुरक्षा</u>** : (१) कारागार तथा बन्दीको सुरक्षा तथा रेखदेखको लागि आवश्यक संख्यामा सुरक्षाकर्मी रहने छन् ।

(२) कारागारको सुरक्षा व्यवस्थापन गर्न वा बन्दीको रेखदेख गर्न खटिएका सुरक्षाकर्मी कारागार प्रशासकको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने छन् ।

परिच्छेद-३

**<u>कारागार सञ्चालनका पूर्वाधारहरु</u>**

१०. **<u>बन्दीको बसोबासको व्यवस्था</u>** : (१) कारागार प्रशासकले कारागारमा रहने बन्दीलाई बसोबासको लागी उपयुक्त कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बसोबासको कोठाको व्यवस्था गर्दा बन्दी रहने कोठामा पर्याप्त हावा र प्रकाश आउने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बन्दीलाई बसोबासको व्यवस्था गर्दा तोकिएको क्षेत्रफल भएको कोठामा तोकिएको संख्या भन्दा बढी बन्दी राख्न सकिने छैन ।

११. **<u>खानेपानी र शौचालयको व्यवस्था</u>** : (१) कारागारमा रहने बन्दीको लागि स्वच्छ खानेपानी र सफा तथा मानवोचित शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(२) कारागारमा बन्दीको लागि पर्याप्त पानी सहित सुरक्षित स्नान कक्ष हुनु पर्नेछ ।

१२. **<u>व्यायामस्थल र खेलकुद सामाग्रीको व्यवस्था</u>** : (१) बन्दीको लागि व्यायाम स्थल, खेल्ने चौर र आवश्यक खेलकुद सामाग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(२) कारागारमा रहने व्यायाम स्थल, खेल्ने चौर र खेलकुद सामाग्रीको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **<u>पुस्तकालयको व्यवस्था</u>** : (१) बन्दीको अध्ययन तथा विभिन्न प्रकारका ज्ञान अभिवृद्धिको लागि तोकिएको संख्या भन्दा बढी बन्दी रहने कारागारमा आवश्यकतानुसार पुस्तकालयको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको पुस्तकालयमा तोकिए बमोजिमका पठनीय सामाग्री रहने छन् ।

(३) उपदफा (१) बमोजिमको पुस्तकालय तथा त्यसको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **रेडियो तथा टेलिभिजन** : (१) कारागार प्रशासकले निर्धारण गरेको समयमा सुन्न र हेर्न सक्ने गरी कारागार परिसरभित्र उपयुक्त ठाँउमा रेडियो र टेलिभिजनको व्यवस्था गर्नु पर्नेछ ।

(२) रेडियो तथा टेलिभिजनको सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **सिसिटिभी तथा आधुनिक उपकरणको व्यवस्था** : (१) कारागार प्रशासकले कारागार तथा बन्दीको सुरक्षाको सुपरिवेक्षणका लागि सिसिटिभि तथा अन्य आधुनिक उपकरण राख्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिसिटिभि मार्फत कारागार प्रशासकले बन्दीको निगरानी र तोकिएको अवधिसम्म अभिलेख राख्न सक्नेछ ।

तर शौचालय, पोशाक परिवर्तन स्थल, स्नान गृहमा त्यस्तो निगरानी गर्न र अभिलेख राख्न सकिने छैन ।

(३) कारागारमा प्रवेश गर्दा कुनै पनि व्यक्तिले तोकिए बमोजिम सुरक्षाका सर्त पालना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका सुरक्षाका शर्त पालना नगरेमा कारागार प्रशासकले कारागार परिसरमा प्रवेश गर्न रोक लगाउन सक्नेछ ।

१६. **भोजनको व्यवस्था** : (१) कारागार प्रशासकले कारागारमा रहने बन्दीको दैनिक भोजनको लागि प्रत्येक कारागारमा सामुहिक भोजनको व्यवस्था गर्नु पर्नेछ ।

(२) कारागारमा रहने बन्दीले उपदफा (१) बमोजिम व्यवस्था भएको मेसको खाना खानु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बन्दीले देहायको अवस्थामा मेस बाहिरको खाना प्राप्त गर्न सक्नेछः-

(क) कुनै बन्दीलाई निश्चित किसिमको मात्र खाना खान चिकित्सकले सिफारिस गरेको र त्यस्तो खाना मेसमा उपलब्ध नभएमा,

(ख) विशेष चाडपर्वका अवसरमा परिवारबाट प्राप्त खाना ।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिमको खाना बन्दीलाई उपलब्ध गराउनु अघि तोकिए बमोजिम सुरक्षा जाँच गराउनु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारागार परिसर भित्र सामुहिक भोजन संचालन गर्न नसकिएको अवस्थामा प्रत्येक बन्दीलाई प्रदेश सरकारले तोकिए बमोजिमको रकम खाना खर्च वापत उपलब्ध गराउने छ र त्यस्तो रकम सम्बन्धित कारागार प्रशासक मार्फत प्राप्त हुनेछ ।

१७. **पोषण तत्वयुक्त खानाको व्यवस्था** : (१) दफा १६ बमोजिम बन्दीलाई उपलब्ध गराउने खाना सांस्कृतिक रुपमा स्वीकारयोग्य रहेको, तोकिए बमोजिमको गुणस्तरभन्दा कम नहुने र पोषण तत्वयुक्त हुनु पर्नेछ ।



नेपाल कानून आयोग

(२) मेस संचालन तथा खाना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **पोशाक सम्बन्धी व्यवस्था** : (१) एक वर्ष भन्दा बढी कैदमा रहने वन्दी र कारागारमा रहेका कैदीलाई प्रदेश सरकारले वर्षको कम्तीमा तीन जोर हावापानी सुहाउदो पोशाकको व्यवस्था गर्नु पर्नेछ ।

(२) कैदीले कारागारमा रहँदा उपदफा (१) बमोजिमको पोशाक लगाउनु पर्नेछ ।

(३) पोशाक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **कारागार अस्पताल वा स्वास्थ्य चौकी** : (१) नेपाल सरकारले एक हजार पाँच सय जना भन्दा बढी बन्दी रहने प्रत्येक कारागारमा कम्तीमा दश शैया रहेको एउटा अस्पताल र पाँच सय जनाभन्दा बढी र एक हजार पाँच सय जनाभन्दा कम संख्याको बन्दी रहने कारागार भए एक स्वास्थ्य चौकीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्पताल वा स्वास्थ्य चौकीको व्यवस्था नभएसम्म कारागार कार्यालय रहेको स्थानीय तह वा जिल्लास्थित सरकारी स्वास्थ्य कार्यालय वा स्वास्थ्य चौकीसँगको समन्वयमा कारागार प्रशासकले त्यस्तो कारागारमा रहेका बन्दीको स्वास्थ्य परीक्षण वा उपचारको प्रबन्ध मिलाउनु पर्नेछ ।

परिच्छेद-४

## बन्दी सम्बन्धी व्यवस्था

२०. **बन्दी पूर्जी दिनुपर्ने** : (१) कुनै पनि व्यक्तिलाई अदालतको आदेश वा फैसला बमोजिम दिएको पूर्जी बिना बन्दीको रुपमा कारागारमा प्रवेश गराउन वा राख्न सकिने छैन ।

(२) उपदफा (१) बमोजिम अदालतको आदेशबाट कुनै कसूरको अनुसन्धान वा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भएमा निजलाई देहायको विवरण खुलाइएको थुनुवा पूर्जी दिई कारागारमा पठाउनु पर्नेछः-

(क) कुन कसूरको आरोपमा अनुसन्धान वा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको हो सो कुरा,

(ख) कसूरको संक्षिप्त विवरण,

(ग) थुनामा रहने अवधि,

(घ) थुनामा राख्न आदेश दिने अदालत,

(ङ) तोकिए बमोजिमका अन्य कुरा ।

(३) अदालतको फैसला बमोजिम कैद सजाय पाएको कुनै व्यक्तिलाई कैदमा राख्दा देहायका विवरण खुलाई कैदीलाई पूर्जी दिई कारागारमा पठाउनु पर्नेछः-

(क) कुन कानून अन्तर्गत कसूर ठहरेको हो त्यसको संक्षिप्त विवरण,

(ख) फैसला गर्ने अदालत र फैसला भएको मिति,

(ग) फैसला बमोजिम कसूर वापत तोकिएको सजायको विवरण,

(घ) कैदमा बस्नुपर्ने बाँकी अवधि,

(ङ) न्यायिक हिरासतमा रहेको भए त्यसको विवरण,

(च) तोकिए बमोजिमका अन्य कुरा ।

(४) फैसला गर्ने अदालतले उपदफा (२) बमोजिमको कैदी पूर्जीमा उल्लिखित विषयका अतिरिक्त कैदमा बस्ने व्यक्तिको बाबु, आमा, पति, पत्नीको नाम, थर, ठेगाना, उमेर, नागरिकता नम्बर र जारी भएको जिल्ला र मिति समेत खुलाई सम्बन्धित कारागार कार्यालयलाई पत्र पठाउनु पर्नेछ ।

२१. **बन्दीको तलासी लिने** : (१) दफा २० बमोजिमको बन्दीलाई कारागार भित्र प्रवेश गराउँदा त्यस प्रयोजनका लागि खटिएको सुरक्षाकर्मीले निजको शरीर तलासी लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तलासी लिंदा निजसँग भएको मोबाइल फोन, सिमकार्ड, वैयक्तिक कम्प्यूटर, ल्यापटप, आइप्याड जस्ता सूचना प्रविधिका उपकरण, नगद, सुन, चाँदी, जवाहरत जस्ता मूल्यवान गहना, निजको पति, पत्नी वा एकासगोलको परिवारको सदस्य तत्काल उपस्थित रहेको भए निजको रोहवरमा भरपाई गरी त्यस्तो व्यक्ति वा सदस्यलाई बुझाउनु पर्नेछ र त्यस्तो व्यक्ति तत्काल उपलब्ध नभएमा त्यस्तो वस्तुको विवरण राखी कारागारमा रहेको लकर वा सेफभल्टमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तलासी लिंदा कुनै बन्दीबाट कुनै हतियार, खरखजाना वा प्रचलित कानूनले निषेध गरेको कुनै वस्तु निजको साथमा फेला परेमा त्यस्ता वस्तु जफत गरेर मात्र कारागारमा प्रवेश गर्न दिनु पर्नेछ र त्यस्तो वस्तुका सम्बन्धमा आवश्यक कारबाई चलाउन सम्बन्धित निकायमा लेख्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बन्दीले निजको उपयोगको लागि कारागार भित्र लैजान पाउने दैनिक व्यवहारको तोकिए बमोजिमको माल सामान भएमा निजको साथमा राख्न अनुमति दिनु पर्नेछ ।

(५) बन्दीको साथमा रहेका मूल्यवान सामान लगायतका अन्य वस्तु उपदफा (२) बमोजिम बुझाउन नसकिएमा त्यस्ता सामान समेत कारागार कार्यालयले जिम्मा लिई त्यसको अभिलेख दर्ता किताबमा राख्नु पर्नेछ ।

२२. **थुनुवा वा कैदी बुझिलिने** : (१) अदालतको आदेश वा फैसला बमोजिम थुना वा कैदमा राख्न पठाएको बन्दीको दफा १६ बमोजिम तलासी लिए पछि कारागार कार्यालयले बुझिलिई थुना वा कैदमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम थुना वा कैदमा राख्न पठाइएकोमा त्यस्तो बन्दीलाई दफा २० बमोजिमको थुनुवा पूर्जी दिएको नदेखिएमा कारागार कार्यालयले त्यस्तो बन्दी बुझिलिने छैन ।

(३) उपदफा (१) बमोजिम बन्दी बुझिलिएकोमा यस ऐन वा प्रचलित कानून बमोजिम निज रिहाई भएको वा कारागारमा बस्नु नपर्ने अवस्थामा बाहेक कारागारमा बस्नु पर्ने अवधिसम्म निज कारागारमा रहनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कैदी बुझिलिए पछि कारागार प्रशासकले दफा १८ बमोजिमको पोशाक लगाउने व्यवस्था मिलाउनु पर्नेछ ।

२३. **स्वास्थ्य परीक्षण** : (१) दफा २२ बमोजिम थुनुवा वा कैदी बुझिलिनु अघि कारागार प्रशासकले स्वास्थ्यकर्मी मार्फत निजको शरीर परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शरीर परीक्षण गर्दा थुनुवा वा कैदीको शरीरमा कुनै घाउ, चोट, नील, डाम भए वा नभएको र स्वास्थ्य स्थितिको विवरण सहितको अभिलेख तोकिए बमोजिम राख्नु पर्नेछ ।

२४. **बन्दी अभिलेख दर्ता किताव** : (१) कारागार प्रशासकले प्रत्येक कारागारमा रहने बन्दीको अभिलेख राख्न एक छुट्टै बन्दी अभिलेख दर्ता किताब खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको किताबमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बन्दीको नाम, थर, ठेगाना, नागरिकता नम्बर र जारी भएको मिति र जिल्ला,

(ख) विदेशी नागरिक भए राहदानी नम्बर, प्रवेशाज्ञा नम्बर, राहदानी जारी गर्ने मुलुक, जारी भएको मिति र निजको ठेगाना,

(ग) बन्दीको बाबु, आमा, पति वा पत्नीको नाम, थर ठेगाना,

(घ) बन्दीको उमेर, लिङ्ग,

(ङ) मुद्दा वा कसूरको नाम, मुद्दाको संक्षिप्त विवरण वा त्यसको संकेत,

(च) थुनामा रहने आदेश दिने वा कैद सजाय तोक्ने अदालतको नाम, ठेगाना,

(छ) आदेश वा फैसला भएको मिति,

(ज) थुना वा कैदमा बस्नुपर्ने अवधि,

(झ) कैदको अवधि समाप्त हुने मिति,

(ञ) थुना वा कैदमा रहने व्यक्तिको साथमा कुनै मूल्यवान वस्तु रहेकोमा त्यस्तो वस्तुको विवरण,

(ट) थुनुवा कैदीले कारागारबाट रिहाइ पाएको मिति,

(ठ) तोकिए बमोजिमको अन्य विवरण ।

(३) कारागार प्रशासकले कारागारमा रहने थुनुवा वा कैदीको लागि उपदफा (२) मा भएका विवरणको अतिरिक्त निजको तस्वीर र तोकिए बमोजिमको औठाछाप (वायोमेट्रिक) को विवरण समेत अभिलेख राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको बन्दी अभिलेख दर्ता किताब खडा गर्दा छुट्टै रजिष्टर र त्यसको विवरण विद्युतीय अभिलेखिकरण समेत गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विद्युतीय अभिलेख तोकिए बमोजिम कारागार व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

२५. **बसोबासको छुट्टा छुट्टै व्यवस्था गर्ने** : (१) प्रत्येक कारागारमा महिला र पुरुष बन्दी बस्नको लागी छुट्टा छुट्टै भवनको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको भवन व्यवस्था हुन नसकेमा महिला र पुरुष बन्दीलाई अलग अलग तला र त्यस्तो व्यवस्था पनि हुन नसकेमा छुट्टा छुट्टै कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(३) महिला र पुरुष बन्दीको लागि छुट्टा छुट्टै शौचालय र स्नान गृहको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) को अधिनमा रही देहायका बन्दीलाई सम्भव भए सम्म अलग अलग कोठामा राख्नु पर्नेछः-

(क) थुनुवा र कैदी,

(ख) तेस्रो लिङ्गी बन्दी र अन्य बन्दी,

(ग) सरुवा रोग लागेका बन्दी र अन्य बन्दी,

(घ) मानसिक अवस्था ठीक नभएका बन्दी र अन्य बन्दी,

(ङ) ७५ वर्ष पूरा भएको बन्दी र अन्य बन्दी,

(च) गम्भिर कसूरमा सजाय पाएको कैदी र अन्य बन्दी,

(छ) दफा ३४ बमोजिम विशेष सुरक्षा कक्षमा राख्ने प्रकृतिका बन्दी र अन्य बन्दी,

(ज) २१ वर्ष पुरा नभएका बन्दी र अन्य बन्दी ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपांगता भएका र तेस्रो लिङ्गी बन्दीलाई बसोबास, शौचालय, स्नान गृह सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-५

## बन्दी प्रति गरिने व्यवहार

२६. **भेटघाट कक्षको व्यवस्था गरिने** : (१) कारागार प्रशासकले कारागारमा रहने बन्दीलाई भेट्न आउने निजका परिवारका सदस्य, नजिकका नातेदार, निजले मुकरर गरेको कानून व्यवसायी वा आफन्तको भेटघाटको लागि आवश्यक कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पारिवारिक भेटघाटका लागि कारागारमा आउने थुनुवा वा कैदीका परिवारका सदस्य वा आफन्त कारागारमा प्रवेश गर्नु अघि सुरक्षाकर्मीको निगरानीमा निजले सुरक्षा सम्बन्धी शर्त र प्रवन्धहरु पुरा गर्नु पर्नेछ ।

(३) एउटै कारागारमा पति वा पत्नी दुवै थुनुवा वा कैदीको रुपमा रहेछन भने निश्चित अवधिका लागि त्यस्ता थुनुवा वा कैदीलाई तोकिए बमोजिम भेटघाटको अवसर दिनु पर्नेछ ।

(४) पति पत्नीको भेटघाटका बखत सिसीटिभी मार्फत सुपरीवेक्षण गर्न वा निजहरुको गोपनियताको अभिलेख गर्न सकिने छैन ।

(५) कारागारमा रहेका कैदी बन्दीका बाल बच्चा भेट्ने छुट्टै कोठाको व्यवस्था गर्नु पर्नेछ ।

(६) विदेशी नागरिक बन्दीको रुपमा कुनै कारागारमा रहेको अवस्थामा उपदफा ( १) मा उल्लिखित व्यक्तिका अतिरिक्त सम्बन्धित मुलुकको राजदुतावासका कूटनैतिक कर्मचारीले भेटन चाहेमा त्यस प्रयोजनका लागि सम्बन्धित राजदुतावासले परराष्ट्र मन्त्रालय मार्फत अनुरोध गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुरोध भएमा त्यस्तो बन्दीलाई यस दफा बमोजिम भेटघाटको व्यवस्था मिलाउनु पर्नेछ ।

२७. **नियमित स्वास्थ्य परीक्षण** : (१) कारागार प्रशासकले एक वर्षभन्दा बढी कारागारमा रहेका कैदीको कम्तीमा वर्षको एकपटक निःशुल्क प्राथमिक स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गराउँदा कुनै कैदीको स्वास्थ्य संस्थामा नै राखी स्वास्थ्य उपचार गराउनु पर्ने देखिएमा कारागारमा रहेको स्वास्थ्य संस्थामा निजलाई राखी उपचार गराउनु पर्नेछ ।

(३) कैदीलाई स्वास्थ्य उपचार गराउन सम्बन्धित कारागारमा स्वास्थ्य संस्था नभएमा वा भए पनि उपचारको प्रकृति अनुसार उपयुक्त नभएमा कारागारसँग सम्बन्ध रहेको अन्य स्वस्थ्य संस्थामा र त्यस्तो स्वास्थ्य संस्था पनि उपयुक्त नभएमा तोकिएको चिकित्सकको सिफारिसमा अन्य उपयुक्त स्वास्थ्य संस्थामा उपचार गराउन सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारागार प्रशासकले उपचार गराउनु पर्ने थुनुवा वा कैदीको स्वास्थ्य अवस्था र सम्बन्धित चिकित्सकको सिफारिस बमोजिम अन्य उपयुक्त स्वास्थ्य संस्थामा जुनसुकै बखत उपचार गराउन सकिनेछ ।

(५) उपदफा (२), (३) वा (४) बमोजिम उपचार गराउँदा सुरक्षाकर्मीको निगरानीमा सम्बन्धित स्वास्थ्य संस्थामा थुनुवा वा कैदी रहने गरी गर्नु पर्नेछ ।

(४) उपदफा (२), (३) वा (४) बमोजिम उपचार गराउँदा स्वास्थ्य संस्थामा रही स्वास्थ्य उपचार गराएको अवधिलाई थुनुवा वा कैदीको कारागारमा नै रहेको अवधि मानिनेछ ।

(५) प्रचलित कानून बमोजिम नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधि दफा १९ बमोजिमको अस्पताल वा स्वास्थ्य चौकी मार्फत बन्दीलाई निःशुल्क वितरण गर्नु पर्नेछ ।

२८. **प्रजनन अधिकारको संरक्षण** : (१) कारागार प्रशासकले महिलाको प्रजनन अधिकार संरक्षण गर्ने प्रयोजनका लागि छोरा, छोरी नभएकी महिला कैदी जन्म कैदको सजायमा कारागारमा रहेमा वा छोरा, छोरी नभएकी महिलाको पति जन्म कैदको सजायमा कारागारमा रहेमा त्यस्तो कैदीलाई निजको पति वा पत्नीसँग प्रजनन अधिकार संरक्षणको प्रयोजनका लागि भेटघाट गर्ने अनुमति दिनु पर्नेछ ।

(२) कारागार प्रशासकले उपदफा (१) को प्रयोजनका लागि सुरक्षित, उपयुक्त र छुट्टै गोप्य कोठाको तोकिए बमोजिम व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम महिलाको प्रजनन अधिकार कायम भएको प्रमाणित भएमा वा निजको उमेर पचास वर्ष पूरा भएको अवस्थामा उपदफा (२) बमोजिमको सुविधा उपलब्ध गराउनु आवश्यक पर्ने छैन ।

२९. **सिपमूलक वा आयमूलक कार्यक्रम सञ्चालन** : (१) कारागार प्रशासकले कारागारमा रहेका कैदीलाई ज्ञान वा सिप दिई आत्मनिर्भर बनाउन वा त्यस्तो ज्ञान वा सिपको उपयोग गरी कैदीलाई आय आर्जन गर्ने अवसर प्रदान गर्न कारागार परिसरभित्र विभिन्न सिपमूलक वा आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) कारागार प्रशासकले उपदफा (१) बमोजिम सञ्चालित कार्यक्रमबाट उत्पादित वस्तुलाई बजारको पहुँच दिन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयमूलक कार्यक्रमबाट प्राप्त आय तोकिए बमोजिम सम्वन्धित कैदी बन्दीको निजी सम्पत्ति हुनेछ ।

३०. **कैदीलाई श्रमिकको रुपमा काममा लगाउन सकिने :** (१) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी कारागार परिसरमा कुनै कारखाना स्थापना भएकोमा त्यस्तो कारखानामा कैदीलाई निजले चाहेमा श्रमिकको रुपमा काममा लगाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कैदीलाई श्रमिकको रुपमा काममा लगाइएकोमा निजलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको पारिश्रमिक दिनु पर्नेछ ।

३१. **पठनपाठनको प्रबन्ध मिलाउनु पर्नेः** (१) प्रदेश सरकारले बन्दीको पठनपाठनको लागि आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) कारागार प्रशासकले तोकिएको संख्याभन्दा बढी संख्यामा बन्दी रहेको अवस्थामा आवश्यकता अनुसार आधारभूत शिक्षा, माध्यमिक शिक्षा, खुला शिक्षा वा दुर शिक्षाको लागि तोकिए बमोजिमको व्यवस्था गर्नु पर्नेछ ।

(३) कारागार प्रशासकले निरक्षर प्रौढ बन्दीलाई प्रौढ शिक्षा, अनौपचारिक शिक्षा वा त्यस्तै अन्य प्रकृतिको पठनपाठनको लागि आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) कारागार प्रशासकले उपदफा (३) बमोजिमको पठनपाठनको लागि कारागारमा रहेका शिक्षित व्यक्तिहरुमध्येबाट एक जनालाई शिक्षकको रुपमा तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको शिक्षकलाई तोकिए बमोजिमको पारिश्रमिक र सुविधा दिइनेछ ।

(६) कारगारमा रहने बन्दीको आचरण सुधार वा सकारात्मक विचार प्रवर्द्धन गर्ने उद्देश्यले कारागार प्रशासकले तोकिए बमोजिम नैतिक शिक्षा, योग अभ्यास तथा त्यस्तै अन्य कार्यक्रम संचालन गर्न सक्नेछ ।

३२. **विकास निर्माणको काममा लगाउन सकिने** : (१) कारागार प्रशासकले तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय पाएको र अठार वर्ष भन्दा बढी उमेर र शारीरिक रुपमा स्वस्थ्य रहेको कैदीलाई निजले चाहेमा विकास निर्माणको काममा लगाउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि सम्बन्धित कैदीले कारागार प्रशासक समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेकोमा सम्बन्धित कैदी भाग्न र उम्कन नसक्ने गरी तोकिए बमोजमका उपायहरु अपनाई विकास निर्माणको काममा लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम काममा लगाइएकोमा निजलाई प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम विकास निर्माणको काममा लगाइएको कैदीको कैद सजाय तोकिए बमोजिमको दरले कट्टा हुनेछ ।

३३. **विशेष सुरक्षा कक्षको व्यवस्था गरिने** : (१) कारागारमा सुरक्षाको दृष्टिकोणले संवेदनशिल प्रकृतिका देहाय बमोजिमका बन्दीलाई विशेष सुरक्षा कक्षमा राख्न सकिनेछ :-

(क) अदालत वा नेपाल सरकारबाट विशेष सुरक्षा कक्षमा राख्ने गरी आदेश दिइएको,

(ख) कारागारबाट सुरुङ खनी भागी पक्राउ भै आएको,

(ग) एकपटक पर्खाल वा गारो फोरी भागी पक्राउ भएका,

(घ) पर्खाल नाघी भागी पक्राउ भएको,

(ङ) कारागार भित्र तीन जनाभन्दा बढीको जमात भई हूलदङ्गा गरी भाग्न प्रयत्न गरेको,

(च) तीन जना भन्दा घटी भई हूलदङ्गा गरी जमात बाँधी भाग्न खोजेको,

(छ) कारागार भित्र हुलदंगा गर्ने, बन्दीलाई हैरानी गर्ने वा चोरी गर्ने काम गरेको,

(ज) स्वास्थ्य उपचार, अदालतमा उपस्थित गराउने वा श्रमिकको रुपमा काम गराउने सिलसिलामा भागेको ।

(२) यस दफा बमोजिम कैदी बन्दीलाई विशेष सुरक्षा कक्षमा रहने अवधि कारागार प्रशासकले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) बमोजिमका बन्दीको हकमा त्यस्तो आदेशमा उल्लेखित अवधिसम्म विशेष सुरक्षा कक्षमा राख्नु पर्नेछ ।

३४. **विशेष सुरक्षा कक्षमा राखिने कैदी बन्दीको जानकारी दिने** : (१) कारागार प्रशासकले विशेष सुरक्षा कक्षमा राख्न पठाएको थुनुवा वा कैदीको जानकारी तीन दिनभित्र प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिँदा थुनुवा वा कैदीलाई विशेष सुरक्षा कक्षमा राख्नुपर्नाको कारण र अवधि समेत खुलाई पठाउनु पर्नेछ ।

३५. **बन्दीलाई हतकडी लगाउन नहुने :** (१) कारागारमा रहने बन्दीलाई कारागारमा रहँदाका बखत हतकडी लगाउन सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका बन्दीलाई कारागार प्रशासकले तोकिएको अवधिसम्म हतकडी लगाउन आदेश दिन सक्नेछ ।

(क) एक पटक कारागारबाट भागी पक्राउ परेको,

(ख) कारागारबाट भाग्ने वा उम्कने उद्योग गरेको,

(ग) दफा ५३ को उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) वा (ज) बमोजिमको कसूर गरेको,



नेपाल कानून आयोग

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा वा कैदीसँग सम्बन्धित मुद्दाको सुनवाईका बखत वा निजसँग अदालतबाट सोधपुछ गर्दा वा वयान लिदा अदालतभित्र हतकडी लगाउन सकिने छैन ।

३६. **सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा कारागारमा रहने व्यवस्था** : (१) प्रचलित कानून बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सक्ने कैदीलाई अदालतको फैसला वा आदेश बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालिन समयमा मात्र कारागारमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारागारमा राख्नु पर्दा सम्बन्धित अदालतले शर्तहरु तोकिदिएको रहेछ भने सोही बमोजिम र नतोकिएकोमा कारागार प्रशासकले तोकिदिएको शर्त कैदीले पालना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कारागारमा राखिएको कैदीले उपदफा (२) बमोजिमका शर्तहरु पालना गरी कैदको अवधि भुक्तान गरेमा निजले कारागारमा रही त्यस्तो कैद सजाय भुक्तान गरेको मानिनेछ ।

(४) उपदफा (२) बमोजिम कारागारमा राखिएको कैदीले उपदफा (३) को शर्त पालना नगरेमा वा त्यस अवधिमा कैद सजाय हुने कुनै कसूर गरेमा निजले आफूलाई भएको कैदको पूरा अवधि कारागारमा बसी भुक्तान गर्नु पर्नेछ ।

३७. **विवाह दर्ता गरिदिने** : (१) एउटै कारागारमा रहेका पुरुष र महिला थुनुवा वा कैदी वा कारागारमा रहेका थुनुवा वा कैदीसँग कारागारमा नरहेको पुरुष वा महिलाले विवाह गर्न चाहेमा विवाह दर्ताका लागी कारागार प्रशासक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) कारागार प्रशासकले उपदफा (१) बमोजिमको निवेदन परेमा विवाह दर्ताको लागी सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखि पठाए बमोजिम विवाह दर्ता हुन सक्ने भएमा विवाह दर्ताका दिन सुरक्षाकर्मी साथ लगाई विवाह दर्ता गर्ने अवसर दिनु पर्नेछ ।

३८. **कारागारमा मृत्यु भएमा** : (१) कुनै बन्दीको कारागारमा मृत्यु भएमा सरकारी चिकित्सकले निजको मृत्युको कारण खुलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कारण स्पष्ट भएपछि कारागार प्रशासकले जुन अदालतको फैसला वा आदेश बमोजिम थुनिए वा कैद भएको हो त्यस्तो अदालतलाई र त्यस्तो मृतकको परिवारका सदस्यलाई कारागार प्रशासकले तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको बन्दीको लाश निजको परिवारका सदस्य वा आफन्तले लैजान चाहेमा त्यस्तो सदस्य वा आफन्तको जिम्मा लगाइ दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिवारका सदस्य वा आफन्तले जिम्मा नलिएमा कारागार प्रशासकले सरकारी खर्चमा त्यस्तो बन्दीको परम्परा अनुसार सद्गत गराउनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन अनुसन्धानका लागि शैक्षिक संस्थाबाट माग भएमा त्यस्तो लाश शैक्षिक संस्थालाई जिम्मा लगाउन सकिनेछ ।

(६) उपदफा (३) को प्रयोजनका लागि कारागार प्रशासकले मापदण्डको आधारमा मृतकको परिवारलाई सदगत खर्च उपलव्ध गराउन सक्नेछ ।

३९. **म्याद भन्दा बढी थुन्न वा कैद गर्न नहुने**: (१) अवधि तोकी थुना वा कैद परेका कैदी बन्दीलाई त्यस्तो अवधि भुक्तान भए पछि र प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट कारागार बस्नु नपर्ने आदेश भएका बन्दीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गरी दिनु पर्नेछ ।

(२) कारागार प्रशासकले उपदफा (१) बमोजिम थुना वा कैदबाट मुक्त गरिएको व्यहोरा बन्दी दर्ता अभिलेख किताबमा उल्लेख राख्नु पर्नेछ ।

(३) कारागार प्रशासक वा कुनै कर्मचारीको हेलचेक्रयाँईबाट कुनै बन्दी प्रचलित कानून बमोजिम निर्धारित अवधि भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर विभागीय कारवाही हुनेछ ।

(४) कुनै बन्दी उपदफा (१) बमोजिमको अवधिभन्दा बढी थुना वा कैदमा रहेको भएमा त्यसको व्यहोरा खुलाई सम्बन्धित बन्दी वा निजका परिवार वा आफन्तले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) प्रमुख जिल्ला अधिकारीले उपदफा (४) बमोजिमको परेको निवेदन उपर कारबाही गरी त्यस्तो बन्दी रिहाई गरी तोकिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

४०. **थुनुवा वा कैदीलाई अदालतमा उपस्थित गराउने** : (१) कुनै मुद्दामा प्रमाण वा अन्य आवश्यक कुरा थुनुवा वा कैदीबाट बुझ्नुपर्ने भएमा वा कारागार रहेको स्थानीय तह भित्र नै निज संलग्न रहेको मुद्दाको सुनुवाई हुने भएमा सम्बन्धित अदालतले सम्बन्धित कारागार कार्यालयमा सम्बन्धित थुनुवा वा कैदीलाई उपस्थित गराउन तोकिए बमोजिम पत्र पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पत्र प्राप्त भएमा कारागार प्रशासकले सम्बन्धित बन्दीलाई सुरक्षाकर्मीको निगरानीमा अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(३) थुनुवा वा कैदीलाई अदालतमा उपस्थित गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बन्दीबाट कुनै कुरा बुझ्नु परेमा वा निजले गरेको अर्को कुनै कसूरका सम्बन्धमा अनुसन्धान गर्नु परेमा सम्बन्धित अनुसन्धान अधिकारीको अनुरोध बमोजिम अदालतले त्यस्तो प्रयोजनका लागि आदेश दिएमा त्यस्तो बन्दीलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउने पर्नेछ ।

४१. **कैदी स्थानान्तरण गर्न सकिने** : (१) कैदीलाई कुनै एक कारागारबाट अर्को कुनै कारागारमा तोकिए बमोजिमको अवस्थामा स्थानान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण गर्दा पर्याप्त सुरक्षा व्यवस्था र अन्य उपाय अपनाई सुरक्षित र उपयुक्त यातायातको साधन मार्फत स्थानान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कैदीको स्थानान्तरण भएमा निजको परिवारको सदस्य र कानून व्यवसायीले जानकारी माग गरेमा त्यसको जानकारी दिनु पर्नेछ ।

४२. **बन्दीले निवेदन दिन सक्ने** : (१) बन्दीले प्रचलित कानून बमोजिम कुनै अदालत वा निकायमा फिरादपत्र, प्रतिउत्तर पत्र, पुनरावेदन पत्र वा अन्य कुनै किसिमको निवेदन पेश गर्नुपर्ने भएमा आफू रहेको कारागार कार्यालय मार्फत पेश गर्न सक्नेछ ।

(२) कारागार प्रशासकले उपदफा (१) बमोजिम फिरादपत्र, प्रतिउत्तर पत्र, पुनरावेदन वा निवेदन प्राप्त भएमा कारागार कार्यालयमा प्राप्त भएको मितिले तीनदिन भित्र सम्बन्धित अदालतमा तोकिए बमोजिम पठाउनु पर्नेछ ।

परिच्छेद-६

## नाबालक सम्बन्धी व्यवस्था

४३. **नाबालकलाई कारागारमा राख्न नहुने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्ष उमेर पूरा नभएको नाबालक थुनुवा वा कैदीलाई कारागारमा राख्न सकिने छैन ।

(२) उपदफा (१) बमोजिमको थुनुवा वा कैदीलाई प्रचलित कानून बमोजिम कारागारमा राख्नु पर्दा त्यस प्रयोजनका लागि व्यवस्था भएको बाल सुधार गृहमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि चौध वर्ष उमेर पूरा भएको नाबालकलाई देहायका अवस्थामा कारागारमा राख्न सकिनेछ :

(क) कसूरको प्रकृति हेरी अदालतले कारागारमा नै राख्नु पर्ने गरी आदेश दिएको,

(ख) यस ऐन वा प्रचलित कानून बमोजिम बाल सुधार गृहमा राखिएकोमा त्यस्तो सुधार गृहबाट भागी पक्राउ परेको,

(ग) कुनै कसूरमा कैद सजाय पाएकोमा त्यस्तो सजाय भुक्तान नहुँदै निजको उमेर अठार बर्ष पूरा भई बाँकी सजाय पूरा नभएको,

(४) उपदफा (३) बमोजिम नाबालकलाई कारागारमा राख्नु पर्दा निजलाई अन्य थुनुवा वा कैदीसँग नराखी सम्भव भएसम्म छुट्टै भवन, तला वा कोठामा राख्नु पर्नेछ ।

(५) कारागारमा राख्नु पर्ने नाबालकलाई कारागार प्रशासकले बालमैत्री वातावरण सृजना गरी बालबालिकाको सर्वोत्तम हित प्रति सदैव ध्यान दिनु पर्नेछ ।

४४. **नाबालकलाई आमासँग राख्न सकिने** : (१) पाँच वर्षभन्दा कम उमेरको नाबालककी आमा कारागारमा रहनु पर्ने भएमा देहायका अवस्थामा कारागार प्रशासकले त्यस्तो नाबालकलाई निजको आमासँग कारागारमा बस्ने अनुमति दिन सक्नेछ :

(क) सम्बन्ध विच्छेद गरेकी आमा भएमा,

(ख) त्यस्तो नाबालकको बाबु नभएमा वा निज पनि कारागारमा रहेको भएमा,



नेपाल कानून आयोग

(ग) अदालतले त्यस्तो नाबालक निजको आमासँगै कारागारमा रहनु पर्ने

आदेश दिएमा,

(घ) त्यस्तो नाबालकको आमाले निजसँग राख्न माग गरेमा ।

(२) उपदफा (१) बमोजिमको नाबालक कारागारमा रहेकी आमासँग रहने अवस्था भएमा आमा र नाबालकको लागि उपयुक्त बस्ने कोठा र तोकिए बमोजिमको खाने व्यवस्था गर्नु पर्नेछ ।

४५. **<u>नावालक अभिलेख दर्ता किताबको व्यवस्था</u>** : (१) कारागार प्रशासकले प्रत्येक कारागारमा रहेका बन्दी महिलाबाट जन्मिएका बालवबालिकाको अभिलेख राख्न एक छुट्टै दर्ता किताब खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको किताबमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) नावालकको नाम, थर, ठेगाना,

(ख) नावालकको बाबु, आमाको नाम, थर ठेगाना

(ग) नावालकको जन्म मिति तथा लिङ्ग ।

४६. **<u>प्रारम्भिक बाल विकासको व्यवस्था</u>** : (१) कारागार प्रशासकले कारागारमा रहेका पाँच वर्ष भन्दा कम उमेरका नावालकको लागि प्रारम्भिक बाल विकासको व्यवस्था गर्न सक्नेछ ।

(२) प्रारम्भिक बाल विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कारागार प्रशासकले उपदफा (१) बमोजिमको नावालकको प्रचलित कानून बमोजिम जन्म दर्ता गराउन उपदफा (२) बमोजिमको विवरण सहित सम्बन्धित निकायलाई सिफारिस गर्नु पर्नेछ ।

परिच्छेद-७

**<u>विशेष संरक्षणको व्यवस्था</u>**

४७. **<u>गर्भवती वा सुत्केरी कैदी सम्बन्धी विशेष व्यवस्था</u>** : (१) कारागार प्रशासकले कारागारमा रहेका गर्भवती वा सुत्केरी बन्दीलाई खानपान, बसोबास र स्वास्थ्य परीक्षणका सम्बन्धमा तोकिए बमोजिमको विशेष व्यवस्था गर्नु पर्नेछ ।

(२) कारागारमा कुनै गर्भवती बन्दी भएमा त्यस्तो बन्दीको माग बमोजिम छ महिना पूरा भएको गर्भवती भए कारागार प्रशासकले सुत्केरी भएको साठी दिनपछि कारागारमा फर्कने गरी तोकिए बमोजिम बैंक जमानत लिई कारागारबाट छोडी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जमानतमा छुटेकी गर्भवती थुनुवा वा कैदीलाई निज सुत्केरी भएको साठी दिन पूरा भएपछि थुनामा राख्नुपर्ने अवस्था भएकोमा वा कैदको अवधि भुक्तान भैसकेकोमा बाहेक अन्य अवस्थामा निज पुनः कारागार भित्र फर्की आउनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थाका बन्दीलाई कारागारबाट बैंक जमानतमा छोड्न सकिने छैनः-

नेपाल कानून आयोग

(क) प्रचलित कानून बमोजिम जन्म कैद वा जघन्य कसूरको सजाय पाएको,

(ख) जन्म कैद वा जघन्य कसूरको सजाय हुन सक्ने कसूरको अभियोगमा थुनामा रहेको,

(ग) विशेष सुरक्षा कक्षमा राख्ने प्रकृतिको ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक अवस्था वा अन्य कुनै कारणले गर्भवती बन्दीको कारागारमा नै राम्रो स्याहार हुने कुरामा कारागार प्रशासक विश्वस्त भएमा वा सम्बन्धित बन्दीले नै कारागारमा रहने माग गरेमा त्यस्तो बन्दीलाई कारागारमा नै राख्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम कुनै गर्भवती बन्दी कारागार बाहिर रहेकोमा निज कारागार भित्रै रहेको सरह मानी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिबाट कट्टा गरिनेछ ।

(७) गर्भवती वा सुत्केरी बन्दी सम्बन्धी अन्य व्यवस्था र त्यस सम्बन्धमा अपनाइने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४८. **विशेष ध्यान दिनु पर्ने बन्दीको संरक्षण** : कारागार प्रशासकले कारागारमा रहेका देहायका बन्दीको खानपान, बसोबास र स्वास्थ्य परीक्षणका सम्बन्धमा तोकिए बमोजिमको विशेष संरक्षण प्रदान गर्नुपर्नेछ :

(क) अपाङ्गता भएका कैदी सम्बन्धी व्यवस्था,

(ख) मानसिक रोगी कैदी सम्बन्धी व्यवस्था,

(ग) पचहत्तर वर्ष उमेर पुगेका कैदी सम्बन्धी व्यवस्था,

(घ) तेस्रो लिङ्गी कैदी सम्बन्धी व्यवस्था ।

## परिच्छेद-८

## कारागार निरीक्षण

४९. **निरीक्षण गर्ने** : (१) महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले प्रत्येक वर्ष कारागारको निरीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) कारागारमा रहेको बन्दीलाई मानवोचित व्यवहार गरेको वा नगरेको,

(ख) बन्दीलाई आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्न दिइएको वा नदिएको,

(ग) कारागारका बन्दीले म्याद पुगेको दिन रिहाई पाउने गरे वा नगरेको,

(घ) यस ऐन वा प्रचलित कानून बमोजिम कारागार प्रशासकले गर्नुपर्ने काम कारबाही सो बमोजिम भए गरेको वा नगरेको,

(ङ) यस ऐन बमोजिम बन्दीले पाउने सुविधा प्राप्त गरेको वा नगरेको ।

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै काम कारबाही प्रचलित कानून विपरित भए गरेको देखिएमा दफा ५३ मा लेखिएकोमा सोही बमोजिम र अन्यमा तोकिए बमोजिमको काम कारबाही गर्न गराउनु पर्छ ।

(४) उपदफा (१) बमोजिम निरीक्षण गर्नको लागि महान्यायाधिवक्ताले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

५०. **निर्देशन दिन सक्ने** : (१) दफा ४९ बमोजिम महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले निरीक्षण गर्दा कुनै कारागारमा दफा ४९ को उपदफा (२) बमोजिम कुनै त्रुटी रहेको वा सुधार गर्नुपर्ने देखिएमा कारागार प्रशासकलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित कारागार प्रशासकको कर्तव्य हुनेछ ।

५१. **निरीक्षण प्रतिवेदन** : (१) निरीक्षणमा देखिएका विषयलाई समेटी महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र त्यसको एक प्रति सम्बन्धित प्रदेश सरकालाई पनि उपलव्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनको व्यहोरा नेपाल सरकार, गृह मन्त्रालयले प्रदेश सरकार मार्फत सम्बन्धित कारागार कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको निरीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धित कारागार कार्यालयलाई आदेश दिएमा त्यसको कार्यान्वयन गर्नु पर्नेछ ।

५२. **प्रतिकूल असर नपर्ने :** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि कारागारको निरीक्षण गर्ने प्रचलित कानून बमोजिम अन्य अधिकारीको अख्तियारीमा यस दफामा लेखिएको कुराले कुनै असर पर्ने छैन ।

परिच्छेद-९

## कारागार सम्बन्धी कसूर

५३. **कसूर तथा सजाय** : (१) देहायको कुनै काम भएमा यस ऐन अन्तर्गतको कसूर भएको मानिनेछ :

(क) अदालतको आदेश वा फैसला प्रतिकूल कसैलाई कारागारमा निर्धारित अवधि भन्दा बढी अवधि कैद वा थुनामा राखेमा,

(ख) बन्दीलाई भगाएमा वा भगाउने उद्योग गरेमा,

(ग) कारागारमा रहेको बन्दी भागेमा वा भाग्ने उद्योग गरेमा,

(घ) कारागारको पर्खाल, झ्याल, ढोका फोरेमा, भत्काएमा, नष्ट गरेमा वा त्यसको उद्योग गरेमा वा कारागारबाट गोप्य रुपमा भाग्न सकिने कुनै मार्ग बनाएमा वा त्यसको उद्योग गरेमा,

(ङ) पाँच जना वा सो भन्दा बढीको समूह भई हुलदंगा गरेमा वा कारागारको आन्तरिक व्यवस्थापन खलबल्याएमा,

(च) कारागारमा राखिएका सिसीटिभी, मेटालिक डिटेक्टर वा अन्य उपकरणको नष्ट गरेमा वा सोको उद्योग गरेमा,

(छ) पाँच जना वा सो भन्दा बढीको समूह भई कारागार कार्यालयको कर्मचारी, कारागारका बन्दी वा आगन्तुकको शरीर बन्धक लिएमा वा निजलाई हैरानी गरेमा,

(ज) कारागार तथा बन्दीको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीको हात हतियार खोसेमा वा निजलाई नियन्त्रणमा लिएमा,

(झ) आचरण संहिताको उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :

(क) खण्ड (क) बमोजिम कसूर गरेमा एक वर्ष सम्म कैद वा दशहजार रुँपैयासम्म जरिवाना,

(ख) खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ) वा (ज) बमोजिम कसूर गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (झ) बमोजिमको कसूर गरेमा तीन महिना सम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना ।

नेपाल कानून आयोग

परिच्छेद-१०

## विविध

५४. **आचार संहिता बनाउन सक्ने :** (१) कारागार प्रशासकले कारागारको सुव्यवस्था कायम गर्न र बन्दीको अनुशासन कायम गर्न कारागारको सुरक्षा व्यवस्थापन गर्न कारागार कार्यालयका कर्मचारी, सुरक्षाकर्मी वा बन्दीले पालना गर्नु पर्ने आवश्यक आचार संहिता बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहिताको पालना गर्नु बन्दी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) बन्दीले आचार संहिताको उल्लंघन हुने कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

५५. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ५३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको कसूर बाहेक अन्य कसूरको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार कसूर भएको कारागार रहेको स्थानको जिल्ला अदालतलाई हुनेछ ।

(२) दफा ५३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको कसूरको कारबाही र किनारा गर्ने अधिकार सम्वन्धित कारागार प्रशासकलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा कारागार प्रशासकले संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम कारागार प्रशासकले गरेको निर्णय वा आदेश उपर पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

५६. **सरकारवादी हुने :** (१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकारवादी हुनेछ र दफा ५३ को उपदफा (१) बमोजिम कारबाही र किनारा हुने मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) दफा ५५ को उपदफा (२) अन्तर्गत मुद्दाको कारबाही र किनारा गर्दा सम्वन्धित कारागार कार्यालयको कुनै कर्मचारीको प्रतिवेदनको आधारमा गर्नु पर्नेछ ।

५७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५८. **खारेजी र बचाउ** : (१) कारागार ऐन, २०१९ खारेज गरिएको छ ।

(२) कारागार ऐन, २०१९ अन्र्तगत भए गरेका काम कारबाही यस ऐन बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची- १०

**नेपाल सरकार**

# नेपाल कानून आयोग

## वार्षिक कार्यक्रम २०७४/७५

| क्र. स. | विवरण | क्रियाकलाप | पुष्ट्याई | वजेट रू. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | **कानूनी शव्दावली तयारी** | कानूनी क्षेत्रमा प्रयोग हुने शव्द र अर्थमा एकरुपता ल्याउन आधिकारिक कानूनी शव्दावली (लिगल ग्लसरी) तयार गर्ने | आधिकारिक कानूनी शव्दावली तयार गरी प्रकाशन गर्न | ५०० | |
| २. | **विधेयक तर्जुमा** | | | १५०० | **१० वटा विधेयक तयार गर्ने** |
| | क. आयोगले आवश्यक ठानेको विषयमा कानून तर्जुमा<br>ख. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयवाट आयोगलाई लेखी आएको विषयमा कानून तर्जुमा<br>ग. अन्य मन्त्रालय तथा निकायवाट आयोगलाई प्राप्त विषयमा कानून तर्जुमा | • संविधान कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा गर्ने<br>• नेपालको कानून प्रणाली सुधार गर्ने<br>• अन्य सामयीक विषयमा कानून तर्जुमा गर्ने | • संविधानमा नयाँ खालका प्रावधानहरु रहेको र शासकीय स्वरुपमा परिवर्तन लगायतका विषय सम्वोधन गरी संविधानको कार्यान्वयन गर्न<br>• आयोगलाई अन्य निकायवाट तर्जुमाका लागि अनुरोध भई आएमा सो अनुरूप तर्जुमा गर्न<br>• अन्य समसामयिक विषयमा कानून तर्जुमा गर्न | | |
| ३. | **वेवसाईट व्यवस्थापन** | | | २००० | |
| | क. आयोगको वेवसाईट अद्यावधिक गर्ने कार्य | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने<br>• नयाँ कानूनहरु अद्यावधिक गर्ने | • सूचना प्रविधिको माध्यमवाट सर्वसाधारणलाई कानूनको जानकारी प्रदान गर्न | ७५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आयोगले उचित ठहर्याएको महत्वपुर्ण ऐतिहासिक कानूनी लिखतहरु Archive मा राख्ने<br>• मौजुदा कानूनको अंग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी लिखतको नेपाली अनुवाद अद्यावधिक गर्ने<br>• नेपाल सरकारलाई सरोकार हुने विभिन्न कानूनी लिखत वेवसाईटमा राख्ने | | | |
| | ख. अनुवाद | • आवश्यकतानुसार नेपाली कानूनलाई अंग्रेजीमा अनुवाद गर्ने<br>• आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा अनुवाद गर्ने<br>• विभिन्न कानूनी दस्तावेजलाई आवश्यकतानुसार अनुवाद गर्ने | • अन्तर्राष्ट्रिय स्तरमा नेपाली कानूनको जानकारी प्रदान गर्न<br>• विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा उपलव्ध गराउन | ७५० | |
| | ग. आयोगको मोवाईल App निर्माण गर्ने | • संविधान, ऐन, नियम, आदि को मोवाईल App निर्माण गर्न | • सहज तरिकाले मोवाईल, ट्याव लगायत डिजिटल डिभाईसमा सहजै संविधान, ऐन, नियम उपलव्ध गराउन | ५०० | नेपाल कानून आयोगको App वनाई संविधान राख्ने |
| ४. | **अन्तर्क्रिया/गोष्ठी** | | | **२१००** | |
| | क. कानूनको जानकारी प्रदान तथा प्रचारप्रसार कार्यक्रम (Legal Dissemination Program) | संविधान एवम् महत्वपुर्ण कानून तथा तिनमा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने | • कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानूनी सिद्वान्त लाई कार्यान्वयन गर्न<br>• कानूनमा व्यवस्था गरिएका महत्वपुर्ण, जटिल तथा नया प्रावधानको ज्ञान सर्वसाधारणलाई दिन | ६०० | ४ वटा |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख. गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सञ्चालन | • आयोगवाट तर्जुमा गरिने/भएका विधेयकहरु सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरुसंग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने | • तर्जुमाको क्रममा रहेका वा तर्जुमा गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसंग राय सल्लाह एबम् सुझाव संकलन गर्न<br>• संकलित राय सुझाव लाई पृष्ठपोषणका रुपमा ग्रहण गरी मस्यौदा तर्जुमा गर्न वा आवश्यक परिमार्जन गर्न<br>• आयोगले वर्ष भरी गरेका काम कारबाहीको समिक्षा एबम् विश्लेषण गर्दै आगामी कार्यक्रम थप प्रभावकारी वनाउन छलफल तथा अन्तर्क्रिया गर्न | १५०० | १० वटा |
| **५.** | **अध्ययन अनुसन्धान** | | | **२०००** | |
| | क. अध्ययन अनुसन्धान गर्ने/गराउने | • कुनै खास कानूनका विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सिफारिस गर्ने<br>• कानून तर्जुमा गर्ने सम्बन्धमा सर्वोच्च अदालतवाट भएका निर्देशनात्मक आदेशहरुको अध्ययन गर्ने<br>• नेपाल सरकारवाट अनुरोध भए वमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने | • नेपाल कानून आयोग ऐन २०६३ को दफा १० वमोजिम कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न<br>• तर्जुमाको क्रममा रहेका कानूनको वारेमा अवधारणा स्पष्ट गर्न<br>• सम्बन्धित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विश्लेषण गरी कानून तर्जुमा कार्यमा सहजिकरण गर्न | १७०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख. अवधारणापत्र तयार गर्ने | • आयोगले आवश्यक ठानेको कुनैपनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने | • समय परिस्थिति एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका आधारमा कस्तो कानून वनाउन उपयुक्त हुन्छ सो को विश्लेषण गरी कानून तर्जुमा गर्न | ३०० | |
| ६. | **क्षमता अभिवृद्धि** | | | २७०४ | |
| | क. वैदेशिक भ्रमण | • विभिन्न मुलुकका कानून निर्माण प्रक्रिया वुझ्ने तथा अन्तर्क्रिया गर्ने, अनुभव आदानप्रदान गर्ने | • आयोगका कर्मचारीको क्षमता अभिवृद्धि गर्न<br>• आयोगका पदाधिकारी तथा कर्मचारीले अन्य मुलुकका कानून तर्जुमा सम्बन्धी कर्मचारी तथा पदाधिकारी संग एक आपसमा अनुभव आदानप्रदान गर्न र त्यहाको उच्चतम अभ्यासलाई अनुकरण गर्न<br>• कर्मचारीलाई उत्प्रेरित गरी मनोवल उच्च राख्न | | |
| | ख. तालिम | • क्षमता अभिवृद्धि गर्ने (सवारी चलाउने, कम्प्युटर, IT, आदि) | • कर्मचारीको सीप विकास र क्षमता अभिवृद्धि गर्न<br>• कर्मचारीलाई सवारी आफैं चलाउन सक्ने गराउन | | |
| | ग. कानूनको आवश्यकता र प्रयाप्तताको पहिचानको सर्वेक्षण | • देशका विभिन्न स्थानमा पुगी अध्ययन अनुसन्धान गर्ने<br>• कानूनको कार्यान्वयन स्थितिका सम्बन्धमा अनुगमन तथा मुल्यांकन | • कानून निर्माण प्रक्रियामा अनुसन्धान तथा राय सुझाव संकलन गर्न | | |
| ७. | **प्रशिक्षार्थी सेवा लिने** | • प्रशिक्षार्थीहरुलाई आयोगको काम कारवाहीमा संलग्न गराउने | • कानून विषय अध्ययनरत विद्यार्थीलाई आयोगले | २५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने | गर्ने कार्यको वारेमा जानकारी दिन<br>• आयोगको काम कारबाहीमा प्रत्यक्ष संलग्न गराई कानून तर्जुमाको व्यबहारिक ज्ञान दिन<br>• प्रशिक्षार्थीहरुको ज्ञानको उपयोग गर्न | | |
| ८. | **कानूनको खारेजी, परिमार्जन, संशोधन र एकिकरण गर्ने सम्बन्धमा अध्ययन** | • संविधान अनुकूल कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा परिमार्जन, खारेजी र एकिकरण गर्न अध्ययन गर्ने<br>• समय अनुकूल कानूनको निर्माण/ परिमार्जन/खारेजी/एकिकरण गर्ने | विद्यमान कानूनमा रहेका कमी कमजोरी औंल्याउने र खारेजी, परिमार्जन, संशोधन तथा एकिकरणका लागि अध्ययन गरी नेपाल सरकार समक्ष सुझाव दिने | ३०० | |
| ९. | **प्रकाशन** | • आयोगको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने<br>• जर्नल प्रकाशन गर्ने | - आयोगले वर्षभरी गरेका प्रगति तथा काम कारवाही सर्वसाधारण एवम् सरोकारवाला हरु समक्ष पुर्याउने तथा अध्ययन अनुसन्धान वाट प्राप्त प्रतिवेदन, अवधारणा पत्र आदिको प्रकाशन गरी आयोगको प्रगति सार्वजनिक गर्ने<br>- कानून तथा न्यायको क्षेत्रमा अनुसन्धानमुलक लेख रचना प्रकाशित गर्ने | ४०० | |

पुनश्चः उपरोक्त वमोजिमको विनियोजित रकममा नपुगेको रकमको हकमा आवश्यकतानुसार थप निकासाको लागि अनुरोध गर्ने ।